# चौरजहारी नगरपालिकाको आवधिक नगर शिक्षा योजना
## (२०८१-२०९०)

नगर कार्यपालिकाबाट स्वीकृत
मिति : २०८२/०२/१८



चौरजहारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा,
चौरजहारी, रूकुम पश्चिम
२०८१

**संरक्षक**

श्री पुष्प वादी, नगर प्रमुख

श्री ईश्वरी शर्मा बिएम, नगर उप-प्रमुख

श्री शेर प्रसाद ढकाल, प्रमुख प्रशासकीय अधिकृत

**योजना निर्माण कार्यदल**

संयोजक श्री लाल बहादुर बुढा - सामाजिक विकाश समिति संयोजक

सदस्य श्री इद्रलाल शर्मा - विद्यालय व्यवस्थापन समिति, श्री मावि कोटजहारी

सदस्य श्री गणेश प्रसाद रेग्मी - शिक्षक महासङ्घ अध्यक्ष

सदस्य श्री भिम बहादुर वली – प्रधानाध्यापक, श्री हिमालय मावि खोलागाउँ

सदस्य श्री पवित्रा पोखरेल - महिला तथा बालबालिका शाखा

सदस्य श्री नरेश सुनार – प्रधानाध्यापक, श्री शीतल मावि चौरजहारी

सदस्य श्री भद्रबहादुर बुढा - शिक्षक अभिभावक सङ्घ

सदस्य सचिव श्री टिकाजंग वली - शिक्षा, युवा तथा खेलकुद शाखा

**प्राविधिक समिति**

संयोजक : श्री भीमबहादुर ओली, श्री हिमालय मावि खोलागाउँ

सदस्य : श्री काशीराम गौतम, श्री शीतल मावि चौरजहारी

सदस्य : श्री नन्दलाल केसी, श्री आधारभूत विद्यालय स्यालखोला

सदस्य : श्री मोतिलाल परियार, श्री मावि खोलागाउँ

सदस्य : श्री हिमसिं नेपाली, श्री आधारभूत विद्यालय विजयश्वरी

सदस्य : श्री कृष्णबहादुर ओली, श्री हिमालय मावि खोलागाउँ

सदस्य : श्री दिलबहादुर ओली, श्री शीतल मावि चौरजहारी

सदस्य : श्री अमृता बोहरा, श्री जनकल्याण मावि खागल

सदस्य सचिव : श्री गणेशप्रसाद रेग्मी, श्री शितल मावि चौरजहारी

**प्राविधिक सहयोय**

यूनिसेफ नेपाल

समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर, सुर्खेत

# भूमिका

नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्न प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरी संविधानले नै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनवमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनवमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनवमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ ।

नेपालको संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको अधिकार प्रदान गरेको छ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरू प्रदान गरेको र उक्त अधिकार क्षेत्रहरूको प्रभावकारी कार्यान्वयन मार्फत शिक्षाका लक्ष्य तथा उद्देश्यहरू पुरा गर्न स्थानीय तहले शिक्षाको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने उल्लेख भएअनुसार स्थानीय यथार्थता, अवस्था, स्रोत र आवश्यकताका आधारमा शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ । नेपालमा सङ्घिय स्वरूपको व्यवस्थामा सबै तहका सरकार बिचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उद्देश्यहरू प्राप्त गर्न सकिने भएकाले सबै तहले संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने देखिन्छ। राज्यले तय गरेका शिक्षाका लक्ष्य, उद्देश्य प्राप्त गर्नका लागि विभिन्न योजनाहरू कार्यान्वयनमा आएका छन्। राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकाश लक्ष्य, सोह्रौं आवधिक योजना, शिक्षा क्षेत्रको विद्यालय शिक्षा

क्षेत्रगत योजना (२०७८–२०८७), चौरजहारी नगरपलिकाको आवधिक विकाश योजना लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरूका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्रभित्र रहेर राष्ट्रिय ध्येय, लक्ष्य, उद्देश्य, प्रतिवद्धतालाई आधार मानेर चौरजहारी नगरपालिकाले आवधिक शिक्षा योजना निर्माण गरेर कार्यान्वयन गर्ने जमर्को गरेको छ । नेपालको दीर्घकालिन ध्येयअनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, दीगो विकाश लक्ष्यअनुसार सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देशको रूपमा पुर्याउन सबैका लागि समावेशी तथा समतामूलक र गुणस्तरीय शिक्षा प्रदान गरी जीवनपर्यन्त सिकाइका अवसरहरू सिर्जना गराउन यो आवधिक शिक्षा योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यसर्थ यस नगरपालिकाले शिक्षा योजना निर्माणको नीतिगत व्यवस्था मार्फत सामाजिक विकाश समितिका संयोजक श्री लाल बहादुर बुढाको संयोजकत्वमा शिक्षा योजना निर्माण कार्यदल गठन गरेको र ९ सदस्य रहेको प्राविधिक समिति समेत गठन गरी लेखन कार्य गरिएको हो। यसका साथै लेखनका लागि विभिन्न विज्ञ शिक्षक र सरोकारवालाहरू रहने गरी लेखन उपसमिति पनि गठन गरी परिचालन गरिएको थियो । लेखन उप-समितिहरूले विभिन्न सरोकारवालाहरूसँग को समन्वयमा तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन सम्पन्न गरेको र उक्त कार्यलाई प्रावधिक समितिले थप अध्ययन गरी योजनाको मस्यौदा निर्माण गरेको र ततपश्चात मस्यौदा माथि सरोकारवालाहरूको सल्लाह सुझाव प्राप्त गरी अन्तिमीकरण गरियो । उक्त दस्यौदा योजनामा बाह्य बिज्ञ मार्फत लेखाजोखा गरी थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर नगर कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनमा लैजाने गरी प्रक्रिया पुरा गरिएको छ ।

विषयसूची

Contents


**परिच्छेद १ः परिचय ........................................................................११**

चौरजहारी नगरपालिकाको वस्तुस्थिति विवरण........................................११

१.वर्तमान अवस्था १.............................................................................११

परिचय (क)तथा भौगोलिक अवस्थिति..............................................११

(खजनसाङ्ख्यीय संरचना ( ......................................................................१२

सामाजिक र सांस्कृतिक अवस्था (ग)....................................................१६

आर्थिक अवस्था (घ).............................................................................१७

(ङ शैक्षिक (अवस्था ...............................................................................१७

१२. मुख्य समस्या तथा चुनौतिहरू......................................................२६

**परिच्छेद २ः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण..............................२८**

२दुरदृष्टि १.........................................................................................२९

२मुख्य ध्ये २.य....................................................................................२९

२लक्ष्य ३.............................................................................................२९

२उद्देश्यहरू ४.......................................................................................२९

२रणनीतिहर ५.ू....................................................................................३०

२कार्यनीति ६.......................................................................................३३

२अपेक्षित उपलब्धिहरू ७.........................................................................३६

२शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ८. ......................३९

**परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्रहरू :.....................................................४७**

३ प्रारम्भिक १.बालविकाश र शिक्षा......................................................४७

३वर्तमान अवस्था १.१.........................................................................४७

३उद्देश्य १.२. ......................................................................................४९

३रणनीति १.३......................................................................................५०

३प्रमुख उपल १.४.ब्धि तथा नतिजा ........................................................ ५१
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................ २८
३आधारभूत शिक्षा २. ............................................................................... ३४
३परिच २.१.य ................................................................................... ३४
३उद्देश्य २.२. ................................................................................... ३७
३रणनीति २.३. ................................................................................... ३७
३प्रमुख उपल २.४.ब्धि तथा नतिजा ........................................................ ३९
३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ............................ ३४
३ माध्यमिक शिक्षा ............................................................................... ३६
३वर्त ३.१.मान अवस्था ............................................................................ ३६
३उद्देश्यहरू ३.२. .................................................................................. ३८
३रणनीति ३.३. ..................................................................................... ३९
३प्रमुख उपल ३.४.ब्धि तथा नतिजा ......................................................... ४०
३प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ३.५. ................................ ४०
३प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ४. ............................................ ४२
३वर्तमान अवस्था ४.१. .......................................................................... ४२
३उद्देश्य ४.२. ....................................................................................... ४३
३रणनीतिहरू ४.३. ................................................................................ ४४
३प्रमुख ४.४. उपलब्धि, नतिजा, तथा परिमाणात्मक लक्ष्य ......................... ४५
३प्रमुख क्रियाकलाप तथा लक्ष्य ४.५. ....................................................... ४४
३अनौपचारिक शिक्षा र आजीवन सिकाइ ५. ................................................ ४५

३वर्तमान अवस्था ५.१..................................................................४५

३उद्देश्य ५.२. ......................................................................................४६

३रणनीति ५.३.......................................................................................४६

३प्रमुख उपल ५.४.ब्धि तथा नतिजा ................................................४७

३प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ५.५. ..................................४८

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ...........................................४९**

४सिकाइ सामग्री तथा मूल्याङ्कन ,पाठ्यपुस्तक ,पाठ्यक्रम .१.....................४९

४.१.१ वर्तमान अवस्था..........................................................................४९

४.१.२ उद्देश्य ..........................................................................................५५

४.१.३ रणनीति..........................................................................................५६

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा .............................................................५७

४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...........................................५५

४शिक्षक व्यवस्थापन र विकाश २.........................................................५६

४.२.१ वर्तमान अवस्था.............................................................................५६

४.२.२ उद्देश्य ..........................................................................................५८

४२..३ रणनीति..........................................................................................५८

४.२.४ प्रमुख उपलब्धि तथा नतिजा .............................................................६०

४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...........................................६०

४३. शैक्षिक समता र समावेशीकरण.........................................................६१

४.३.१ वर्तमान अवस्था.............................................................................६१

४उद्देश्य ३.२. ......................................................................................६३

४.३.३ रणनीति ........................................................................ ६४

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा .................................................. ६४

४.३.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य ................................ ६४

४विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ४ .......................................... ६५
४वर्तमान अवस्था ४.१. ............................................................. ६५

४उद्देश्य ४.२. ........................................................................ ६७

४.४.३ रणनीति ........................................................................ ६७

४प्रमुख उपलब्धि तथा नतिजा ४.४. ................................................ ६९

४प्रमुख क्रियाकलापहरू र लक्ष्य ४.५. ............................................. ६९

४ ५.विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता ...................................... ७१
४वर्तमान अवस्था .५.१. ............................................................ ७१

४उद्देश्य ५.२. ........................................................................ ७२

४रणनीति ५.३. ...................................................................... ७३

४.५.४ प्रमुख उपलब्धि तथा नतिजा .................................................. ७४

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............................... ७४

४.६ विद्यालय भौतिक पूर्वाधार विकाश ............................................. ७५

४.६.१ वर्तमान अवस्था ............................................................... ७५

४.६.२ उद्देश्य ......................................................................... ७७

४.६.३ रणनीति ........................................................................ ७७

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा .................................................. ७८

४प्रमुख क्रियाकलाप तथा लक्ष्य ६.५. .............................................. ७८

४विद्यालय सूचना तथा सञ्चार प्रविधि ७. ........................................ ७९
४.७.१ वर्तमान अवस्था........................................ ७९
४.७.२ उद्देश्य ........................................ ८२
४.७.३ रणनीति........................................ ८२
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................ ८४
३प्रमुख क्रियाकलाप तथा लक्ष्य ४.५. ........................................ ८३
**परिच्छेद ५ अन्य उपक्षेत्र** ........................................ **८४**
५.१ युवा तथा खेलकुद विकाश ........................................ ८४
५.१.१ वर्तमान अवस्था........................................ ८४
५उद्देश्य १.२. ........................................ ८५
५रणनीतिहर १.३.ू ........................................ ८५
५मुख्य उपलब्धि १.४., र नतिजा ........................................ ८६
५मुख्य क्रियाकलापहरू १.५........................................ ८६
**परिच्छेद ६सुशासन तथा व्यवस्थापन :** ........................................ **८७**
६शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाश १. ........................................ ८७
६.१.१ वर्तमान अवस्था........................................ ८७
६.१.२ उद्देश्य ........................................ ८९
६१.३. रणनीतिहरू ........................................ ९०
६प्रमुख उपलब्धि र नतिजा १.४........................................ ९०
६मुख्य क्रियाकलापहरू १.५........................................ ९२
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........................................ ९२
६परिचय २.१........................................ ९२

६उद्देश्यहरू २.२.......................................................................९२

६रणनी २.३.तिहरू..................................................................९३

६उपलब्धि २.४., तथा नतिजा........................................................९३

६प्रमुख क्रियाकलापहरू तथा लक्ष्य २.५...........................................९३

**परिच्छेद ७लगानी स्रोत व्यवस्थापन :........................................................९४**

७वर्तमान अवस्था १.......................................................................९४
७उद्देश २.्य.................................................................................९७
७रणनीतिहरू ३..............................................................................९८
७प्रमुख क्रियाकलापहरू र परिमाणत्मक लक्ष्य ४...................................९४
७योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ५........................................९४
७योजना कार्यान्वयनको लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा ६. कार्यान्वयन.................................................................................९४

**परिच्छेद ८ः अनुगमन तथा मूल्याङ्कन..........................................................९५**

८वर्तमान अवस्था १.......................................................................९५
८उद्देश २.्य.................................................................................९९
८रणनीतिहरू ३..............................................................................९९
८उपलब्धि तथ ४.ा नतिजा...............................................................१००
८प्रमुख क्रियाकलाप र लक्ष्य ५.........................................................९९

# परिच्छेद १: परिचय

## चौरजहारी नगरपालिकाको वस्तुस्थिति विवरण

### १.१ वर्तमान अवस्था

#### (क) परिचय तथा भौगोलिक अवस्थिति

चौरजहारी नगरपालिका रूकुम पश्चिम जिल्लाको पश्चिम दक्षिणी क्षेत्रमा अवस्थित छ । साविकका विजयश्वरी, कोटजहारी, खोलागाउँ गाविस र नुवाकोट गाविसका ३ नम्बर वडा बाहेक सबै तथा पूर्तिमकाँडा गाविसका ४, ५ र ९ वडालाई पुनसरंरचना गरी वि.सं. २०७३ फागुन २७ गते स्थानीय सरकारका रूपमा स्थापना गरिएको हो । जम्मा १४ वटा वडाबाट सार्वजनिक सेवा प्रवाह गरिरहेको यस पालिकाको मुख्य प्रशासनिक केन्द्र साविकको विजयश्वरीमा रहेको छ । रूकुम पश्चिमको सदरमुकाम मुसीकोटदेखि १६ कोष पश्चिम दक्षिणमा पर्ने चौरजहारी नगरपालिकामा समथर फाँट तथा उपत्यका, टाकुरा र होचा, अग्ला पहाडहरू रहेका छन् । स्थानीय भाषामा समथर भू-भागलाई चौर भनिने र भेरी नदीको किनारमा समथर चौर भएको त्यस फाँटमा करौती, चिमेली, दाँते जातका झाडीहरू रहेकोले चौर र भारी शब्दको मेल भइ चौरभारी शब्दको व्युत्पत्ति भएको पाइछ । राज्य पुनर्सरचनासँगै यहि चौरभारी शब्दका नामबाट चौरजहारी नगरपालिकाको नामाकरण गरिएको छ । यो नगरपालिका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । एउटा सङ्घिय र दुईवटा प्रादेशिक निर्वाचन क्षेत्र रहेको रूकुम पश्चिम जिल्लामा चौरजहारी नगरपालिका प्रदेश निर्वाचन क्षेत्र नम्बर 'ख' मा पर्दछ ।

चौरजहारी नगरपालिकाको पूर्वमा त्रिवेणी गाउँपालिका, उत्तरमा सानीभेरी गाउँपालिका, पश्चि उत्तरमा भेरी नदी, पश्चिममा कुमाख र दक्षिणमा दार्मा गाउँपालिका सल्यान पर्दछ । भौगोलिक रूपमा दयालेखदेखि चौरजहारीको समथर फाँटसम्म फैलिएको चौरजहारी नगरपालिकाको जम्मा क्षेत्रफल १०७.३८ वर्ग कि.मि. अर्थात् १०७३८ हेक्टर जमिन

ओगटेको छ, जुन रूकुम जिल्लाको झण्डै ३.४ प्रतिशत भू-भाग हुन आउँछ । यो पालिका भौगोलिक हिसावले जिल्लाका अन्य पालिकाभन्दा तुलनात्मक रूपमा सुगम मानिन्छ । सडक तथा हवाई यातायातको पहुँचका कारण पनि यो पालिका सुगम रहेको छ । यो पालिका सङ्घिय राजधानी काठमाडौंदेखि ६४५ कि.मि. र कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरदेखि करिब १२० कि. मि. उत्तरतर्फ रहको छ । समुद्र सतहदेखि करिव ३६७ मिटर उचाइमा अवस्थित यस नगरपालिकाको उत्तर दक्षिण अधिकतम लम्बाइ ३६.५ कि.मी. र पूर्व-पश्चिम अधिकतम चौडाइ १७.५ कि.मी. रहेको छ । यो पालिका भौगोलिक रूपमा पूर्वमां २८ डिग्री ३८ मिनेट २७ सेकेण्ड (२८.६५४९०) उत्तरी अक्षांश र ८२ डिग्री १२ मिनेट ४ सेकेण्ड (८२.१९९२०) पूर्वी देशान्तरमा रहेको छ ।

पहाड र तराईको मिश्रित हावापानी र भू-बनोट रहेको चौरजहारी नगरपालिका प्राकृतिक दृष्टिले सुन्दर रहेको छ । यस नगरपालिकामा उपत्यका, खोच, होचा र अग्ला पहाडी थुम्का तथा टाकुरा, अग्ला लेकहरू र नदी तटीय क्षेत्रमा अवस्थित रहेको छ । यस पालिकाको वडा नं १, २ र ३ (लामिछानेगाउँ, नाखिरा, घारीगाउँ, नयाँ बजार, टाटागाउँ, स्यालखोला) मुख्य समथर भूभाग हुन । पालिकाका जहारी खोला आसपासका खंगेरी, मेलैनाउली, नार्जी, थापाचौर, डाव, धुलेखेत, सर्केना ज्यूला, खोलागाउँ, चिसापानी, घुघुतीज्यूला लगायतका फाँटहरू उत्पादनका दृष्टिले महत्वपूर्ण रहेका छन् । अमलाटाकुरा, मालिका, कोटजहारी, गडीलेक, न्याउली बजार, आगल, जुम्ली पोखरी, खोलागाउँ लेक, दयाललेक आदि भूभागहरू १२ सयदेखि १६ सय मिटरसम्मका अग्ला भू-भागहरू हुन ।

(ख) जनसाङ्ख्यीय संरचना

जनसङ्ख्या संरचना र वितरण राष्ट्रिय जनगणना २०७८ अनुसार चौरजहारी नगरपालिकाको जम्मा जनसङ्ख्या २८९५६ रहेको छ र जनघनत्व २७० प्रति वर्ग किलो मिटर रहेको छ। जसमा महिलाको सङ्ख्या १४९४७ अर्थात् ५१.६० प्रतिशत

र पुरूषको सङ्ख्या १४००९ अर्थात् ४८.४० प्रतिशत रहेको छ। परिवार सङ्ख्या जम्मा ६८३७ रहेको छ।

चौरजहारी नगरपालिकाको वडागत जनसङ्ख्या निम्नानुसार रहेको छ ।

| वडागत रूपमा जनसङ्ख्या | | | |
|---|---|---|---|
| वडा | पुरूष | महिला | जम्मा |
| १ | १५३७ | १६७५ | ३२१२ |
| २ | ७५३ | ७८८ | १५४१ |
| ३ | ८८२ | ९८३ | १८६५ |
| ४ | ९७८ | १०६६ | २०४४ |
| ५ | ८०५ | ८७८ | १६८३ |
| ६ | १०७८ | १०६९ | २१४७ |
| ७ | ७०८ | ७७२ | १४८० |
| ८ | १०१३ | ९८२ | १९९५ |
| ९ | ७८२ | ७७९ | १५६१ |
| १० | ८१९ | ९७९ | १७९८ |
| ११ | ९९२ | १०९७ | २०८९ |
| १२ | ९६५ | १०३९ | २००४ |
| १३ | १३१५ | १३२३ | २६३८ |
| १४ | १३८२ | १५१७ | २८९९ |
| जम्मा | १४००९ | १४९४७ | २८९५६ |

उमेरगत जनसङ्ख्या (राष्ट्रिय जनगणना २०७८ र प्रक्षेपण)

| २०७८ | | | |
|---|---|---|---|
| उमेर | जम्मा | पुरूष | महिला |
| ० वर्ष | ५०५ | २७३ | २३२ |
| १ वर्ष | ४६२ | २६६ | १९६ |
| २ वर्ष | ५७५ | ३१३ | २६२ |
| ३ वर्ष | ५८६ | ३१८ | २६८ |
| ४ वर्ष | ६१५ | ३४६ | २६९ |
| ५ वर्ष | ५५९ | ३१५ | २४४ |
| ६ वर्ष | ५८६ | ३२७ | २५९ |
| ७ वर्ष | ५५६ | २७३ | २८३ |
| ८ वर्ष | ६१४ | २९३ | ३२१ |
| ९ वर्ष | ५९९ | ३०३ | २९६ |
| १० वर्ष | ७०९ | ३८७ | ३२२ |
| ११ बर्य | ५४२ | २६७ | २७५ |
| १२ वर्ष | ७२९ | ३७६ | ३५३ |
| १३ वर्ष | ६६६ | ३३६ | ३३० |
| १४ वर्ष | ७२० | ३५० | ३७० |
| १५ वर्ष | ७३५ | ३६८ | ३६७ |
| १६ वर्ष | ७४३ | ३४६ | ३९७ |
| १७ वर्ष | ६२२ | २९१ | ३३१ |

| | | | |
|---|---|---|---|
| १८ वर्ष | ८०७ | ३९६ | ४११ |

उमेर समुहगत जनसङ्ख्या

| उमेर समुह | पुरूष | महिला |
|---|---|---|
| ९५+ | ३ | ६ |
| ९०-९४ | ६ | ६ |
| ८५-८९ | १८ | १४ |
| ८०-८४ | ३७ | ४३ |
| ७५-७९ | १३० | ११८ |
| ७०-७४ | २५७ | ३०१ |
| ६५-६९ | ३१५ | ३५५ |
| ६०-६४ | ४१० | ४७७ |
| ५५-५९ | ४४३ | ४४८ |
| ५०-५४ | ५४० | ६३६ |
| ४५-४९ | ५९८ | ६४५ |
| ४०-४४ | ६६६ | ८४३ |
| ३५-३९ | ७४५ | ९९३ |
| ३०-३४ | ९२६ | १०२३ |
| २५-२९ | ११०४ | १२६९ |
| २०-२४ | १४१९ | १६७० |
| १५-१९ | १६४९ | १८२० |
| १०-१४ | १७१६ | १६५० |
| ०५-९ | १५११ | १४०३ |
| ००-०४ | १५१६ | १२२७ |

अपाङ्गता भएकाको विवरण

यस नगरपालिको अपाङ्गता विवरण राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा अपाङ्गता २.३ प्रतिशत रहको छ । यसमा महिला अपाङ्गता २ प्रतिशत र पुरूक्ष अपाङ्गता २.६ प्रतिशत देखिन्छ । समग्रमा अपाङ्गता भएका मध्य करिव ४७ प्रतिशत शारिरिक रूपमा अपाङ्गता भएका छन् भने करिव १३.१३ प्रतिशत न्यूनदृष्टि र बहिरा रहेका छन् । त्यसैगरी अन्धोपना भएका किरब ५ प्रतिशत छन् भने बोलाई अपाङ्गता भएका किरव ७ प्रतिशन देखन्छन ।

(ग) सामाजिक र सांस्कृतिक अवस्था

चौरजहारी नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था अन्तर्गत जनसङ्ख्या, बसाइसराई, जातजाति, भाषाभाषी, चाडपर्व, धर्म, संस्कृति, साक्षरता तथा शैक्षिक स्थिति एवंम् स्वास्थ्यसम्बन्धी विवरण समावेश गरीएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा जातीय आधारमा सबैभन्दा बढि क्षेत्री, मगर क्रमशः मगर, कामी , ब्राहमण, ठकुरी, सार्की ३, दमाई र अन्य जनसङ्ख्या रहेको छ। यस नगरपालिकामा वसोवास गर्ने समुदायहरू बहुभाषिक र बहुजातीय भएको हुँदा, भाषिक, जातिगत र धार्मिक विविधता समेत रहेको छ । नगरपालिकामा हिन्दु, बौद्ध, क्रिश्चयन, मुस्लिम आदि धर्माबालम्बीहरूको बसोवास रहेको पाइन्छ। यी मध्ये सबैभन्दा बढि हिन्दु, र न्यून रूपमाक्रमशः बौद्ध, किश्चयन, मुस्लिम र अन्य धर्मावलम्बीहरू रहेका छन् । धार्मिक विविधतामा आपसी सहिष्णुताका साथ जीवन निर्वाह गर्नु यस पालिकाको धार्मिक विशेषता हो। चौरजहारी नगरपालिका चाडपर्व स्थानीय मेला तथा जात्राका दृष्टिकोणले सुसम्पन्न रहेको छ । जसमा मुख्यगरी दशै, तिहार, माघे संक्रान्ति, चैत्र दौ, असारे सक्रान्ति, श्रीकृष्ण जन्माष्टमी, हरितालिका तीज, साउने संकान्ति, जनै पूर्णिमा, शिवरात्री, नाग पञ्चमी, श्रीपञ्चमी, फागु पूर्णिमा आदि रहेका छन् । यस पानिकाका मुख्य मेला तथा पर्वहरूमा शखपीपल मेला, पांच पूर्णिमा, भदौ १२ र २० चेली खेल्ने पर्व, खोलागाउँ मेला, देउसी भैलो पर्व, दह पोखरा मेला, कोटे र डकै मेला आदि मेला तथा पर्वहरू हुन् । सिगांरू, पैसेरी, तीज, देउसी, टप्पा, भ्याउरे आदि नाच विशेष पर्व तथा उत्सवमा मनोरञ्जनका लागि नाचिन्छ।

मादल, पञ्चेवाजा, बाँसुरी, तथा अन्य बाजागाजाहरू बजाएर मनोरन्जन गर्नुका साथै मयुर नॉचले समेत मनोरञ्जन गर्ने गरिन्छ।

(घ) आर्थिक अवस्था

चौरजहारी नगरपालिकाको आर्थिक अवस्थाको मुख्य मेरूदण्डका रूपमा कृषि व्यवसाय रहेको छ । तथापि अधिकांश व्यकहरू निर्वाहमुखी कृषिमा निर्भर रहेका छन्। यस पानिकाको पिलाई व्यवसायिक र आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने देखिन्छ। कृषि क्षेत्रलाई व्यवसायिक र उत्पादनमुखी बनाउन सकेमा आर्थिक समृद्धिका आधारहरू तय हुने, स्वदेशमै रोजगारी सिर्जना हुने र पालिकाले आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ । तल्लो तटीय तथा मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा नगदेबाली र पशुपंक्षीजन्य उद्यमहरू सञ्चालन गर्नका लागि उपयुक्त भौगोलिक बनावट रहेको पाइन्छ । ऐतिहासिक, धार्मिक, प्राकृतिक ताल, तलैया, झरणा, लेकाली घाँसे मैदान, तटीय क्षेत्र, तथा युद्धकालीन महत्वपूर्ण स्मारकहरूले नगरपालिकाको पर्यटन प्रवर्धनमा महत्वपूर्ण योगदान पुर्याएका छन् । पालिकाको बिच भागमा भएर बग्ने जहारी खोला तथा भेरी नदी र त्यसका सहायक नदी तथा खोलाहरूको जल उपयोग गरी सिँचाइ, जल विहार, जल विद्युतजस्ता क्षेत्रमा दिगो उपयोग गर्न सके पालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ। मालिका नेक, तालतलैया र सिद्ध गुफाजस्ता पर्यापर्यटनका क्षेत्रहरूको संरक्षण, प्रवर्धन र प्रचार प्रचार गरी पर्यटकका लागि आकर्षणको केन्द्र बनाउन सकिने देखिन्छ। प्राकृतिक, सामाजिक, साँस्कृतिक र पर्यटन क्षेत्रको विकाश र विस्तार गर्न सके पालिकाभित्रै रोजगारीको सिर्जना हुनुको साथै समृद्धिका आधारहरू निर्माण हुन सक्ने देखिन्छ ।

(ङ) शैक्षिक अवस्था

रूकुम पश्चिम जिल्लाको शैक्षिक क्षेत्रमा तुलनात्मक रूपमा सही मार्गमा रहेको र शैक्षिक सुधारका प्रयासहरू थालेको यस नगरपालिकाको कूल साक्षरता दर (जनगणना २०७८)

पुरूष साक्षरता ७४.४ रहेकोमा पुरूषको साक्षरता दर ८१.४ प्रतिशत र महिलाको साक्षरता दर ६८ प्रतिशत रहेको छ । यस नगरपालिकामा प्रारम्भिक बालविकाशदेखि उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् भने सामुदायस्तरमा साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालनका लागि सामुदायिक सिकाइ केन्द्रहरू परिचालन भएका छन् । यस नगरपलिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | सञ्चालित कक्षा | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा विद्यालय सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकाश शिक्षा | ४५ | ४ | ४९ |
| २ | प्रारम्भिक बालविकाश शिक्षा तहसम्म मात्र रहेको विद्यालय | ६ | ० | ६समुदायमा आधारित |
| ३ | कक्षा १ – ३ | ० | ० | ० |
| ४ | कक्षा १ – ५ | २३ | १ | २४ |
| ५ | कक्षा १ – ८ | ५ | ० | ५ |
| ६ | कक्षा १ -१० | ६ | ३ | ९ |
| ७ | कक्षा ६-१२ | १ | ० | १ |
| ८ | कक्षा १-१२ | २ | ० | २ |
| | **जम्मा** | ३७ | ४ | ४१ |

हिमालय मावि खोलागाउँमा ३ वटा बालविकाश र शिक्षा केन्द्र रहेको र आधारभूत विद्यालय माखिरामा २ वटा प्रारम्भिका बालविकाश र शिक्षा केन्द्र रहेको । यसै गरी यस नगरपालिकामा उच्च शिक्षाका लागि २ वटा क्याम्पसहरू रहेका छन् । यस

नगरपालिकामा रहेको शीतल क्याम्पसमा स्नातकोत्तर तहसम्म शिक्षा र व्यवस्थापन सङ्काय सञ्चालनमा रहेको छ भने श्री जाहारी क्याम्पसमा स्नातक तहसम्मको शिक्षा र व्यवस्थापन सङ्काय सञ्चालनमा रहेको छ ।

### सामुदायिक विद्यालयमा शिक्षक सङ्ख्या

यस नगरपालिकामा बालविकाश केन्द्रमा ४५ जना, आधारभूत तह कक्षा १-५ मा जम्मा १६० जना, आधारभूत तह ६ -८ मा जम्मा ६० जना, मावि तह ९ -१२ मा जम्मा ४३ जना साथै प्राविधिक धारमा ५ जना प्रशिक्षक र सिटिइभिटीबाट प्राविधिकधार तर्फसमेत गरेर कूल ३१७ जना शिक्षकहरू कार्यरत रहेका छन् । कार्यरत शिक्षकमा १०६ जना (३४ प्रतिशत) महिला शिक्षक रहेका छन् भने अन्य पुरूष रहेका छन् । नगरपालिकाको अनुदानमा विभिन्न तहमा गरेर जम्मा ९४ जना कार्यरत रहेका छन् भने अन्य सङ्घीय अनुदान र शिक्षण सहयोग अनुदानको रूपमा कार्यरत रहेका छन् ।

### नगरपालिकाको शिक्षक विवरण

| तह | जम्मा शिक्षक | महिला | पुरूष | नगरपालिका अनुदान | सङ्घिय अनुदान | राहत | स्थायी |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकाश र शिक्षा | ४५ | ४५ | ० | १५ | ३० | | |
| आधारभूत तह (कक्षा १-५) | १६० | ५० | ११० | ४४ | | ३९ | ७७ |
| आधारभूत तह (कक्षा ६-८) | ६० | ९ | ५१ | २३ | २ | २० | १५ |
| माध्यमिक तह (कक्षा ९-१२) | ४३ | २ | ४१ | १२ | ११ | ५ | १५ |
| प्राविधिक धारतर्फ सङ्घिय अनुदान | ५ | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राविधिक धार तर्फ सिटिइभिटी तर्फ | ४ | | | | | | |
| **जम्मा** | **३१७** | **१०६** | **२०२** | **९४** | **४३** | **६४** | **१०७** |

श्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा

**विद्यार्थी सङ्ख्या**

यस नगरपालिकामा सामुदायिक र संस्थागत विद्यालय गरेर शैक्षिक सत्र २०८१ मा जम्मा ९१६३ जना बालबालिकाहरू भर्ना भएर अध्ययनरत रहेका छन् ।

| **क.सं.** | **विद्यालय** | **विद्यालयमा अध्यनरत विद्यार्थी विवरण** | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | सामुदायिक | ३६९३ | ३६५१ | ७३४४ |
| २ | संस्थागत | ७१९ | ११०५ | १८१९ |
| | **जम्मा** | ४४१२ | ४७५६ | ९१६३ |

यसैगरी यस नगरपालिमा अध्ययनरत तहगत जम्मा विद्यार्थी सङ्ख्या निम्नानुसार रहेको छ ।

| **तह** | **सामुदायिक तर्फ** | | | **संस्थागत तर्फ** | | | **कूल** |
|---|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **जम्मा** |
| प्रारम्भिक बालविकाश र शिक्षा तह | ४१२ | ५४३ | ९५५ | २०२ | ३५३ | ५५५ | १५१० |
| आधारभूत तह कक्षा (१ – ५) | १४१२ | १४६६ | २८७८ | ३९० | ५७९ | ९६९ | ३८४७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आधारभूत तह कक्षा (६ - ८) | ८४० | ८१० | १६५० | ९५ | १४२ | २३२ | १८८२ |
| माध्यमिक तह (९ - १०) | ५८६ | ४७८ | १०६४ | ३२ | ३१ | ६३ | ११२७ |
| माध्यमिक तह (११ - १२) | ४४३ | ३५४ | ७९७ | ० | ० | ० | ७९७ |
| **जम्मा** | **३६९३** | **३६५१** | **७३४४** | **७१९** | **११०५** | **१८१९** | **९१६३** |

श्रोतः इमिस २०८१

**जातिगत रूपमा विद्यार्थी सङ्ख्या**

| तह | दलित विद्यार्थी सङ्ख्या | जनजाती विद्यार्थी सङ्ख्या | अन्य विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| प्रारम्भिक बालविकाश र शिक्षा | ३८६ | १९० | २४ |
| कक्षा १ | २९२ | १३६ | २२ |
| कक्षा २ | २०१ | ८९ | ३२ |
| कक्षा ३ | १७७ | ९४ | २८ |
| कक्षा ४ | २१२ | १११ | २७ |
| कक्षा ५ | २३० | १२१ | ४० |
| कक्षा ६ | ११२ | ५९ | २५ |
| कक्षा ७ | १५४ | ७० | २६ |
| कक्षा ८ | १९० | १०१ | २९ |
| कक्षा ९ | १६९ | १०१ | १७ |
| कक्षा १० | ४४ | ४७ | ६ |
| कक्षा ११ | ३७ | ३५ | २ |
| कक्षा १२ | १३३ | १०२ | ३ |

श्रोतः इमिस २०८१

विभिन्न शैक्षिक सूचक र तिनको अवस्था

| तह | शिक्षक विद्यार्थी अनुपात | लैङ्गिक समता सूचक | कूल भर्ना दर | खुद भर्ना दर |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकाश तह | २१ | ०.७६ | ९०.८ | ६४.३ |
| आधारभूत तह कक्षा (१-५) | १८ | ०.९६ | १२२.१ | ९५.८ |
| आधारभूत तह कक्षा (६-८) | २८ | १.०४ | ११६. | ९३.९ |
| कक्षा (१-८) | २१ | ०.९९ | १२०.१ | ९५.१ |
| माध्यमिक तह (९-१०) | ३१ | १.२३ | ८६.९ | ७८.५ |
| माध्यमिक तह (११ -१२) | ८९ | १.२५ | ६७.० | ३६.० |
| माध्यमिक तह (०९-१२) | ४३ | १.२४ | ७५.० | ५३.३ |
| कक्षा १ को खुद तथा कूल प्रवेश दर | | | ९५.९ | १२७.२ |
| कक्षा ८ को सरभाइभल दर | ८५.९ | | | |

श्रोतः फ्ल्यास रिपोर्ट २०८० र इमिस २०८१

कक्षा उतीर्ण, कक्षा छोड्ने र दोहोर्याउने दर

| तह | कक्षा उतीर्ण दर | कक्षा छोड्ने दर | कक्षा दोहोर्याउने दर |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आधारभूत तह कक्षा (१–५) | ८३.१ | ३.६ | ६.३ |
| आधारभूत तह कक्षा (६–८) | ७५.९ | २.५ | १३.१ |
| कक्षा (१–८) | | | |
| माध्यमिक तह (९ – १०) | ८८ | ०.९ | ०.१ |
| माध्यमिक तह (११ – १२) | ९२.६ | ०.० | ०० |
| माध्यमिक तह (०९– १२) | | | |

कक्षागत रूपमा विद्यार्थीहरूले प्राप्त गरेको औषत ग्रेड (नतिजा)

| कक्षा | प्राप्त ग्रेड (नतिजा) २०८० |
|---|---|
| १ | १.९२ |
| २ | २.०८ |
| ३ | २.३० |
| ४ | २.०२ |
| ५ | १.५० |
| ६ | १.७९ |
| ७ | २.२० |
| ८ | २.२३ |
| ९ | १.१९ |

श्रोतः इमिस २०८१

सूचना प्रविधिको अवस्था

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १७ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | ९ |

| | | |
|---|---|---|
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ९ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १७ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | २१ |
| ५ | विद्यालयले आफ्नो सूचना, जानकारीको लागि डिजिटल माध्यम प्रयोग (फेसबुक पेज, वेब पेज) (%) | शत प्रतिशत अधिकांश सामान्य तवरले |
| ६ | इमिस प्रयोगमा दक्षता (%) | ४०.५ |
| ७ | पुस्तकालय भएका विद्यालय सङ्ख्या | ९ वटा विद्यालय |
| ८ | स्मार्टबोर्ड भएका विद्यालय सङ्ख्या | ५ वटा विद्यालय |
| ९ | प्रोजेक्टर भएका विद्यालय सङ्ख्या | ९ वटा विद्यालय |

## भौतिक पूर्वाधार र सुशासनको अवस्था

| क्र.सं. | भौतिक विवरण | परिमाण | क्रियाकलापहरू | विद्यालयहरूको तथ्याङ्क (२०८०) |
|---|---|---|---|---|
| १ | पक्की भवन प्रतिशत | ७१.२१ | विद्यालय व्यवस्थापन समिति बैठक वार्षिक औषत | ९ |
| २ | कच्चि भवन प्रतिशत | २८.७६ | शिक्षक अभिभावक सङ्घ बैठक वार्षिक औषत | ४ |
| ३ | अपुग भवन सङ्ख्या | १८ | सामाजिक परीक्षण विद्यालय | शतप्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| ४ | शौचालय भएका विद्यालय प्रतिशत | १०० | लेखा परीक्षण गर्ने विद्यालय | शतप्रतिशत |
| ५ | पुस्तकालय भएका विद्यालय | १४ | २०८१ मा विद्यालय सुधार योजना भएको विद्यालय | शतप्रतिशत |
| ६ | विज्ञान प्रयोगशाला भएका विद्यालय | ५ | लैङ्गिक सम्पर्क व्यक्ति भएका विद्यालय सङ्ख्या | ९ माविमा मात्र भएको |
| ७ | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | १४ | सुझाव पेटिका भएको विद्यालय सङ्ख्या | ९ माविमा मात्र भएको |
| ८ | खानेपानी धारा भएका विद्यालय प्रतिशत | ७३ | बाल क्लव भएका विद्यालय | सबै विद्यालय |
| ९ | घेराबार भएका विद्यालय प्रतिशत | १६ | बाल सञ्जाल वडागत | १४ |
| १० | खेलमैदान भएका विद्यालय प्रतिशत | ८६.४८ | बाल सञ्जाल पालिकास्तरमा | १ |
| ११ | चमेना गृह | २ वटा | अभिभावक भेला | वार्षिक २ पटक |
| १२ | विद्युत पुगेको विद्यालयहरू प्रतिशत | ५७ | अतिरिक्त क्रियाकलाप वार्षिक औषत | १७ |
| १३ | इन्टरनेटको पुगेको विद्यालयहरू प्रतिशत | ४६ | विद्यालय खेलकुदका कार्यक्रमहरू वार्षिक औषत | ४ |
| १४ | छापामय कक्षा कोठाहरू | ० | शिक्षा शाखाबाट अनुगमन वार्षिक औषत | २ पटक |

| | | | | |
|---|---|---|---|---|
| १५ | प्राथमिक उपचार सुविधा भएको विद्यालय सङ्ख्या | ९ | अन्य निकायबाट अनुगमन वार्षिक औषत | १ पटक |

समग्रमा यस नगरपालिकाको शैक्षिक अवस्था राम्रो देखिएको छ । यद्यपि विद्यालयमा विभिन्न तवरले सूचना र सञ्चार प्रविधिको विस्तार र प्रयोगमा जोड दिनुपर्ने, प्राविधिक तथा व्यवसायिक तालिममा पहुँच अभिबृद्धि गर्नुपर्ने, विद्यालयहरूमा विशेष गरी शैक्षिक तथा सन्दर्भ सामग्रीहरूको व्यवस्थापन र प्रयोगमा जोड दिनुपर्ने, शिक्षक क्षमता विकाश र प्रोत्साहनमा जोड दिनुपर्ने, शिक्षक पेसागत विकाशका अभ्यासहरू प्रभावकारी रूपमा बढाउनपर्ने तथा शिक्षामा परिवार र समुदायको अर्थपूर्ण सहभागितामा जोड दिनुपर्नेजस्ता विषयमा ध्यान पुर्याउन आवश्यक छ ।

## १.२ मुख्य समस्या तथा चुनौतिहरू

(क) शिक्षाले बालबालिकाहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउन नसक्नु ।

(ख) पाठ्यक्रममा श्रमबजार र व्यवहारिक जीवनमा आवश्यक ज्ञान सीप नसमेटिनु

(ग) कक्षाकोठाको सिकाइले विद्यार्थीको रूचि र आवश्यकताको सम्बोधन गर्न नसक्नु ।

(घ) अर्थपूर्ण र प्रभावकारी सिकाइका लागि आवश्यक प्रतिबिम्ब पुनरावोलकन प्रयोग जीवन्त अनुभब र प्रस्तुतीकरणका लागि प्रयाप्त समयको अभाव ।

(ङ) शिक्षक र विद्यार्थी बिचको सम्बन्ध र अन्तरकृया जीवन्त नहुनु ।

(च) कक्षाकोठामा सिकाइने कुराहरू विद्यार्थीको तत्कालको जीवनका लागि सान्दर्भिक र उपयोगी नहुनु ।

(छ) समयको मागअनुसार गुणस्तरीय र सान्दर्भिक शिक्षाको सुनिश्चितता नहुनु ।

(ज) भर्ना भएका सम्पूर्ण बालबालिकालाई विद्यालय तहको अध्ययन पुरा गराउन नसक्नु ।

(झ) शिक्षाबाट उत्पादित जनशक्तिमा श्रमबजारमा आवश्यक प्राबिधिक ज्ञानसीपको अभाव ।

(ञ) शिक्षामा कारिन्दा सोचको अन्त्य गरी उधमशिलताको विकाश गर्नु ।

(ट) प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिमको सिमित पहुँच ।

(ठ) शिक्षालाई काममा जोड्न आवश्यक उद्योग व्यवसायको अभाव ।

(ड) उधममैत्री वातावरणको सिर्जना गर्नु ।

(ढ) कठिन अवस्थाका बालबालिका र फरक क्षमता भएका बालबलिकालाई अनुकूल सिकाइ वातावरणको सुनिश्चित गर्नु ।

(ण) पालिकालाई आवश्यक दक्ष शिक्षकहरूको उप्लब्धता ।

(त) सक्षम विद्यालय व्यवस्थापन ।

(थ) नक्साङ्कन बिना स्थापित विद्यालयहरू दिगो रूपमा सञ्चालन गर्नु, शिक्षालाई उत्पादन प्रणालीसँग जोड्ने प्रयासमा कमी ।

(द) सबै विद्यार्थीमा जीवनमा अनुभत गर्न सक्ने सक्षमता विकाश गराउने ।

(ध) सामुदायिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विस्वास कायम गर्ने ।

(न) माद्यमिक शिक्षामा व्यवसायिक तथा प्राबिधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकाश तथा कार्यान्वयन गर्ने ।

(ऩ) व्यवहार कुशल सीपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माद्यमिक तहसम्म नै एकिकृत गर्ने

(प) सिकाइलाई दैनिक जीवनसँग आबद्द गर्न पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने ।

(फ) सूचना तथा सञ्चार लगायतका प्रबिधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी तरिकाले प्रयोग गर्ने ।

(ब) विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा विपत्प्रति उत्थानशील बनाउने ।

(भ) शिक्षक तयारी विकाश तथा सहायतता प्रणाली प्रभावकारी बनाई विद्यालय शिक्षाको गुणस्तर र कार्यकुशलता बढाउने ।

# परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दुरदृष्टि

शिक्षामा समता गुणस्तर र सान्दर्भिक प्रबिधिः चौरजहारीको समग्र विकाश र न्यायपूर्ण समृध्दि

## २.२ मुख्य ध्येय

प्रत्येक चौरजहारीवासीलाई समृद्द र सम्मानजनक जीवनयापनको लागि आवश्यक न्यूनतम ज्ञान, सीप, प्रबिधि र व्यवहार कुशल सीप विकाशको सर्बसुलभ अवसर प्रदान गरी समृद्ध जीवन जिउन र चौरजहारीको आर्थिक र सामाजिक रूपान्तरणमा अर्थपूर्ण योगदान गर्न सक्षम बनाउनु ।

## २.३ लक्ष्य

गुणस्तरीय विद्यालय शिक्षामा सहज पहुँच र अर्थपूर्ण सहभागिता तथा पालिकाको न्यायपूर्ण समृध्दिका लागि आवश्यक मानव पूजीको विकाश सुनिश्चित गर्नु ।

## २.४ उद्देश्यहरू

(क) प्रारम्भिक बालविकाश उमेर समुहका सबै बालबालिकालाई सर्बसुलभ र गुणस्तरीय बालविकाश शिक्षाको अवसर सुनिश्चित गर्नु ।

(ख) सान्दर्भिक, गुणस्तरीय निःशुल्क र अनिवार्य आधारभूत तहको शिक्षाको पहुँच र सहभागिता सुनिश्चित गर्नु

(ग) माध्यमिक तहको शिक्षालाई व्यवसायिक प्रतिस्प्रधि र समय सान्दर्भिक बनाउनु

(घ) सबै नगरवासीहरलाई नवप्रबधनात्मक व्यवसायिक सीप र प्रबिधियुक्त जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।

(ङ) सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई बिशेष शिक्षाको व्यवस्था गरी मर्यादित र सम्मानजनक जीवन जिउन सक्षम बनाउनु ।

(च) चौरजहारिको मौलिक पहिचान दिन सक्ने संकारयुक्त उधमशिल नागरिक तयार गर्नु ।

(छ) शिक्षामा सबै खाले विभेदहरू अन्त्य गर्नु ।

(ज) विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिबृदि गर्नु ।

(झ) विद्यालयमा सुशासन प्रबर्धन गरी बालबालिकाको सिकाइ प्रति उत्तरदायि प्रणालीको विकाश गर्नु ।

(ञ) विद्यालयलाई भय विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाई बालमैत्री सिकाइ वातावरण तयार गर्नु।

(ट) आपतकालिन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि सिकाइ सुनिश्चित गर्नु ।

## २.५ रणनीतिहरू

- प्रारम्भिक बालविकाश शिक्षालाई दुई वर्षको कार्यक्रम बनाउने र सबै बालबालिकालाई अनिवार्य र निःशुल्क बनाउने
- नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालय स्थापना समायोजन तथा पुनः बितरण गरी आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सनिस्चित गर्ने।
- शिक्षामा अभिभावकको सक्रिय र अर्थपूर्ण सहभागिताको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- शिक्षकको सक्षमता अभिबृदि कार्यक्रम सञ्चालन गर्ने र शिक्षणमा नवप्रवर्तनात्मक प्रबिधि अनिवार्य गर्ने,
- स्थानीय पाठ्यक्रमलाई व्यवहारिक र सान्दर्भिक बनाउन वार्षिक रूपमा परिमार्जन गर्ने र प्रभावकारी सन्दर्भ सामग्री निर्माण गर्ने,
- राष्ट्रिय पाठ्यक्रममा बिश्वब्यापिकरण र स्थानीय परिबेश जोड्ने STEAM Plan विद्यार्थीलाई सामाजिक कार्य र व्यवसायिक कार्यमा सहभागी गराउने। माध्यमिक तहको अन्त्यमा विद्यार्थीलाई एक महिनाको internship मा सहभागी गराउने,
- परियोजना कार्य प्रस्तुतीकरण कला तथा सिर्जना परीक्षण गर्ने,
- कार्य सम्पादन सिमितता भएका बालबालिकालाई उपचारात्मक कक्षाको व्यवस्था गर्ने,

- स्वास्थ्य संस्थाको सहकार्यमा विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा विभेद तथा दुर्व्यवहारमुक्त तथा अपाङ्ग मैत्री सिकाइ वातावरण तयार गर्न विविधता अनुकूल भौतिक पुर्बाधार विकाश गर्ने,
- महामारि प्राकृतिक  प्रकोप विपत् तथा सङ्कटकालिन अवस्था प्रति उत्थानशील शिक्षा प्रणालीको विकाश गर्न, विद्यालयको क्षमता विकाश गर्ने,
- सिकाइलाई विद्यार्थीको दैनिक जीवनसँग  आबद्द गर्ने,
- विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यालयको कार्य सम्पादनको वार्षिक परीक्षण गर्ने,
- विद्यालयको नेतृत्व प्रणालीको सुधार सूचना प्रणालीमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकाश गर्ने,
- अनौपचारिक शिक्षाको माध्यम बाट नवप्रबधनात्मक व्यवसायिक सीप र प्रबिधियुक्त जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउने,
- विद्यालयमा बिषयगत शिक्षक र पेसागत विकाश तथा भरपर्दो सहायता प्रणालीको सुनिश्चित गर्ने,
- शिक्षण पेशा प्रति समर्पित उच्च नैतिक आचरण भयका र बालबालिका र सिकाइ क्रियाकलाप प्रति रूचि भएका व्यक्तिलाई शिक्षकमा छनौट गर्ने प्रक्रियाको व्यवस्था गर्ने,
- अपनत्वको सिर्जना नेतृत्वको सबलीकरण शिक्षण सिकाइ प्रक्रियामा सुधार पेसागत नैतिकताको प्रबर्धन र लगानि अभिबृदिद्वारा सामुदायिक विद्यालय को शैक्षिक गुणस्तर अभिबृदि गर्ने,
- अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समाबेशीकरण सिध्दान्तका आधारमा बिसेश शिक्षा र समाबेसि शिक्षाका माध्यमबाट  उपयुक्त सिकाइ अवसरको सुनिश्चित गर्ने,

- परियोजना कार्य, प्रस्तुतीकरण, समिक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित, खोजमूलक कार्य र तीनको संक्षिप्त प्रस्तुतीकरण प्रतिवेदन मौखिक मूल्याङ्कन र सिर्जनात्मक अभ्यासलाई मूल्याङ्कनको आधार बनाउने,
- नगरपालिकामा रहेका परम्परागत सीपलाई खोजी, सम्वर्धन, प्रवर्धन र आधुनिकीकरण गर्दै प्रमाणीकरणका लागि राष्ट्रिय व्यवसायिक योग्यता प्रणालीसँग मेल खानेगरी सीप परीक्षण गरिनेछ.
- नीजी क्षेत्रका रोजगारदाता सङ्घ, संस्थाहरूको साझेदारीमा कार्यस्थलमा आधारित ओ जे टी, इन्टर्नशिप, तालिमका लागि कार्य, तथा सीप विकाश कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- श्रम बजारको अध्ययन, अनुशन्धान गरी बजारको मागअनुसार नयाँ सीप, प्रविधि विस्तार गर्ने कार्य गरिनेछ ।
- शिक्षकलाई पेशा प्रति थप जवाफदेही बनाईनेछ । शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलापसँग गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्द्धनात्मक कार्य, अतिरिक्त र सह-क्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जवाफदेहितावहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।
- डिजिटल सिकाइ एप्सको विकाश गरी प्रयोग गर्न प्रोत्साहित गर्ने ।
- शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पुरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा प्रयाप्तता, समन्यायिकता र प्रतिफलमुखि हुनेगरी शैक्षिक लगानी सुनिश्चित गरिनेछ ।
- सङ्घिय र प्रदेश कानुनसँग नबाँझिने गरी शिक्षासम्बन्धी आवश्यकपर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- युग सुहाउँदो जनशक्ति विकाशको लागि सूचना प्रविधि अनुकूलित वातावरण निर्माण गरी स्टीम प्याडागोजी लागु गरिनेछ ।

- प्रारम्भिक कक्षाहरूमा पठन सीपको विकाश गर्न विशेष कार्यक्रम सञ्चालन गर्न प्रेरित गर्ने ।
- कठिन परिस्थितिका बालबालिका छनौट गरी प्राविधिक शिक्षामा (एमविविएस,सिए, इन्जिनियरिङ आदि) अध्ययन गर्न छात्रवृत्ति दिने व्यवस्था गर्ने ।
- अति विपन्न तथा असहाय बालबालिकालाई पोशाक,स्टेशनरी तथा खानाको व्यवस्था गर्ने ।
- सामुदायिक विद्यालयको शिक्षामा अभिभावकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने
- प्रत्येक वडामा तहगत रूपमा नमुना विद्यालयको विकाश गर्ने र माध्यमिक तहमा आवासीय विद्यालयको व्यवस्था गर्ने ।
- निरक्षर जनसङ्ख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रत्येक वस्तीमा आमा समुह, महिला समुहलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने ।
- निरन्तर रूपमा अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण प्रणाली लागु गर्ने ।
- कार्य सम्पादनका आधारमा विद्यालय वर्गीकरण गरी राम्रो अभ्यास गर्ने विद्यालय र शिक्षकलाई प्रोत्साहन गर्ने र कमजोर कार्य सम्पादान भएका विद्यालय र शिक्षकलाई सुधारको वस्तुनिष्ट सघन सुधार योजना बनाई कार्यान्वयन गर्ने ।
- नीजी लगानीका शैक्षिक संस्थालाई नियमन गर्ने राम्रा अभ्यासलाई अनुसरण गर्दै स्तरिकरण गर्ने ।
- शिक्षा, युवा तथा खेलकुद शाखाको सवलीकरण र सुदृढीकरण गरी शिक्षासँग समवन्धीत संरचनालाई दक्षतापूर्ण, प्रभावकारी र नतीजामूलक बनाउने ।

## २.६ कार्यनीति

(क) विद्यालय तहका सबै बालबालिकाहरूको पुहँचमा सुधारको लागि विद्यालय भर्ना अभियानलाई शैक्षिक सत्रको शुरूमा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको संयोजकत्वमा समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियान सहित सञ्चालन गरिनेछ ।

(ख) विद्यालय जान नसक्ने बालबालिकाहरूको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग शैक्षिक सहायता कार्यक्रम लागु गर्ने।

(ग) हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) प्रारम्भिक बालविकाश केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बालविकाश केन्द्रको पाठ्यक्रम २०७७ लाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ साथै न्यूनतम मापदणडको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

(ङ) प्रधानाध्यापकहरू तथा शिक्षकलाई प्रोत्साहनको व्यवस्था तथा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ साथै उत्कृष्ट कार्य गर्न तहगत शिक्षकलाई पुरस्कृत गरिनेछ ।

(च)प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि पढ्नका लागि सिक्ने र सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ ।

(छ) माध्यमिक तहका विद्यालयका विद्यार्थीहरूलाई एक कार्यविधि तयार गरी निरन्तर सिकाइको लागि परिचालन गरिनेछ र उत्कृष्ठलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ।

(ज) विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगको लागि पालिकातहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ

झ) विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेसागत क्षमता विकाश र सहयोगमा प्राथमिकता दिँदै सिकाइको लागि मूल्याङ्कनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।

ञ) सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ ।

ट) आधारभूत तहमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ र पाठ्यपुस्तक निर्माण र प्रयोग गरिनेछ ।

ठ) विद्यालयमा समुदाय तथा परिवारको सङ्लग्नता बढाउनका लागि समुदाय परिचालन र सचेतीकरण कार्यक्रमहरू लागु गरिनेछ ।

ड) विद्यालय खेलकुदका कार्यक्रम प्रभावकारी गर्न पालिकामा खेल शिक्षकको व्यवस्था साथै सूचना प्रविधिका लागि पनि प्रशिक्षकको व्यवस्था गरिनेछ ।

ढ) गणित विज्ञान तथा प्राविधिक विषय लिइ उच्च शिक्षा अध्ययान गर्न चाहने विद्यार्थीहरूको लागि उचित छात्रवरत्तिको व्यवस्था गरिने छ ।

ण) प्रारम्भिक बालविकाशमा गरिएको लगानिमा थप वृद्धि गरीस्तर उन्नति गरिने छ ।
त) एक विद्यालय एक संगित शिक्षक, अधारभुत तहमा एक विद्याय एक नर्स, मा बि तहमा एक विद्याय एक खेल तथा योग शिक्षकको व्यवस्था गर्न थप बजेटको व्यवस्था गरिने छ ।
थ) शैक्षीक उपलव्धमा सुधार ल्याइ शैक्षिक गुणास्तरीयता कायम गर्न थप तथा अतिरिक्त कक्षा Remedial Teaching coaching center and tuition center हरूको व्यवस्थापन तथा नियमन गरिने छ ।
द) विद्यालयको शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ
ध) निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ र सामुदायिक सिकाइ केन्द्रलाई समुदाय तहमा जीवनपयोगी सीप सिकाइका लागि परिचालन गरिनेछ।
न) विद्यालय प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिने छ साथै प्रधानाध्यापकहरूका लागि समय सापेक्ष रूपमा भत्ताको व्यवस्था गरिनेछ ।
प) विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन विभिन्न रणनीतिहरू कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरूमा विद्यालयको नेतृत्वको क्षमता विकाश कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डकौं नीति अवलम्बन गिरनेछ ।
फ) बाह्य परीक्षकबाट हरेक वर्ष विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखापरीक्षण र कार्यसम्पादन मूल्याङ्कनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाईने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रूपमा सूचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ ।
ब) सङ्कटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिकास्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रमका लागि भर्चुअल त श्रव्य दृश्य तथा अन्य छपाईका सामग्री मार्फत सिकाइ सहजीकरणको व्यवस्था मिलाइनेछ ।
अभिभावक तथा समुदाय सचेतीकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरूलाई परिचालन गरिनेछ ।

भ) भौतिक पूर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पीउने पानी, शौचालय, फर्निचर बिज्ञ रोष्टर शिक्षकको व्यवस्थापन गरी शिक्षकको पेसागत सहयोगका लागि प्रभावकारी रूपमा परिचालन गरिनेछ

म ) नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

य) विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदिजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

र) सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।

ल) प्राविधिक शिक्षालय स्थापनका लागि अध्ययन अनुसन्धान गरिनेछ । साथै शिक्षासँग सरोकार राख्ने सरोकारवालाहरूसँग को समन्वय तथा सहकार्य प्रभावकारी रूपमा बढाईनेछ ।

व) अनुगमन तथा मूल्याङ्कन प्रणाली चुस्त दुरूस्त बनाईनेछ तथा परीक्षा प्रणालीमा पनि स्तरीकृत गर्दै लगिनेछ

स) अभिभवकहरूको अङ्ग्रेजी भाषा प्रतिको वढ्दो आक्रर्षणलाई मध्यनजर गरी अङ्ग्रेजी माध्यमवाट शिक्षाण सिकाइ गर्न चाहने विद्यालयलाई थप प्रोत्साहन गरिने छ ।

ष) प्रारम्भिक बालविकाश शिक्षालाई शिक्षाको आधारशिलाको रूपमा संस्थागत गरिने छ ।

श) एक वडा एक बालउद्यानको स्थापना गरिने छ ।

ह) मनो-सामाजिक समस्यामा परेका बालबालिकाहरूको लागि मनोपरामर्श शिक्षा तथा लागु औषध तथा दुर्व्यशनिमा परेकाहरूको लागि सुधारकेन्द्र Rehabilitation center को स्थापना गिरने छ ।

## २.७ अपेक्षित उपलब्धिहरू

- प्रारम्भिक बालविकाश र शिक्षा, आधारभूत तथा माध्यमिक तहका शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

- सबै तहका सामुदायिक विद्यालय, प्राविधिक तथा व्यवसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति दक्ष भै कार्यरत रहेको हुनेछन् ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ ।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ र शिक्षक पेसागत सहायता प्रणालीको प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।
- सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन् र बालबालिकाको न्यूनतम सिकाइ वातावरण सिर्जना भएको हुनेछ ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ
- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।
- तहगत रूपमा विद्यार्थी टिकाउ दर बढेको साथै कक्षा दोहोर्याउने दर कम भएको हुनेछ । कक्षा उतीर्ण दर पनि बढेको हुनेछ । NER बढेको हुने छ र GER घटेको हुनेछ ।
- सबै तहका विद्यालयले आधारभूत मापदण्ड पुरा गरी माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।
- प्राविधक शिक्षालयको स्थापना भै विद्यार्थीहरूले विभिन्न क्षेत्रको व्यवहारिक सीप हाँसिल गरेका हुनेछन् ।

- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।
- भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ ।
- विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएका हुनेछन् ।
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।
- बालबालिकाको पोषण, स्वास्थ्य, सुरक्षित खानेपानी, सरसफाइ, तथा अतिरिक्त क्रियाकलाप, खेलकुदजस्ता क्षेत्रमा उल्लेख्य रूपमा सुधार भएको हुनेछ ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकाश तथा शिक्षाको अवसर शुनिश्चित हुने छ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भै गुणस्तर अभिवृद्धि हुने छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चत भै सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ।
- नगरपालिकामा वसोवास गर्ने सबै नागरिकका लागि साक्षारता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित हुने छ ।
- शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रवर्धन भै बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीमा विकाश हुनेछ ।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।
- विद्यार्थीहरूको समग्र समुन्नतिका लागि समर्पित शिक्षकहरूवाट सिकाइ सहजिकरणा क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहको सिकाइ उपलव्धता मा सुधार हुने छ ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सनिश्चित हुने छ ।

- प्राविधिक तथा व्यवसायिक शिक्षामा इच्छुक नागरिकहरूको सहजै पहुँच पुग्ने छ ।
- विद्यालयहरूको निरिक्षण अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुनेछ ।
- सम्पूर्ण कार्यरत शिक्षकहरूको पेसागत विकाश क्षमता अभिवृति को सनिश्चिता हुने छ
- सम्पूर्ण तहमा आवश्यक न्यूनतम बिषयगत शिक्षकको व्यवस्था हुने छ ।
- विद्यालयहरूको स्थापना, ग्रेडवृद्धि, तह घटुवा तथा समायोजन, नक्शाङ्कन तथा न्यूनतम मापदण्डको अधारमा हुने छ ।
- सम्पूर्ण शैक्षिक सुचाङ्क Indicators हरूमा अपेच्छित सुधार भएको हुनेछ ।
- बालबालिकाहरूको सिकाइको सबालमा शैक्षिक संस्थाहरू अभावमुक्त थलोको रूपमा विकाश भएको हुने छ ।
- सामुदायिक विद्यालयहरूप्रति अभिभावकहरूको अपनत्व र विश्वासमा वृद्धि भै विद्यार्थी भर्ना गर्न नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरू अभिभावकहरूको पहिलो रोजाइमा पर्ने छन् ।

२.८ शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकहरूको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकाश र शिक्षामा कूल भर्ना दर | स्थानीय | ९०.८ | ९६ | १०३ | १०० |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० |
| १.२ | प्रारम्भिक बालविकाश र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ८१.२ | ९० | ९५ | १०० |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | स्थानीय | ९५.९ | ९७ | ९८ | १०० |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० |
| २.२ | | स्थानीय | १२७.२ | ११५ | १०५ | १०० |

| क्र.सं. | सूचक | सूचकहरूको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा खुद भर्ना दर | स्थानीय | ९५.८ | ९८ | ९९ | १०० |
| | | प्रदेश | ९५.८५ | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा कूल भर्ना दर | स्थानीय | १२२.१ | ११५ | १०५ | १०० |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | |
| २.५ | आधारभूत तहको कक्षा १-५ को कक्षा छाड्ने दर | स्थानीय | ३.६ | ३ | १.५ | ० |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५ को कक्षा दोहोर्याउने दर दर | स्थानीय | ६.३ | ४ | २ | ० |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५ को कक्षा उतीर्ण दर | स्थानीय | ८३.१ | ८५ | ९० | ९८ |
| | | प्रदेश | ७९.१५ | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरा गर्ने दर | स्थानीय | ८६ | ९६ | ९८ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १-५ मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका | स्थानीय | | | | २ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० |

| क्र.सं. | सूचक | | सूचकहरूको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| २.१० | आधारभूत तह प्राथमिक कक्षा १–५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | | स्थानीय | ०.९६ | ०.९७ | ०.९८ | १.०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तह कक्षा १–८ मा खुद भर्ना दर | | स्थानीय | ९५.१ | ९८ | ९९ | १०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० |
| २.१२ | आधारभूत तह कक्षा १–८ मा कूल भर्ना दर | | स्थानीय | १२०.१ | ११५ | १०५ | १०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | | स्थानीय | ८५.९ | ९० | ९५ | ९९ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | ९५.० |
| २.१५ | आधारभूत तह कक्षा १–८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | ०.९९ | ०.९९ | ०.९९ | १.०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| २.१६ | विद्यालय वाहिर रहेका बालबालिका | आधारभूत (कक्षा १-५) | स्थानीय | ० | ० | ० | ० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० |
| २.१७ | | | स्थानीय | २६.८१ | ३० | ३३ | ४० |

| क्र.सं. | सूचक | सूचकहरूको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | आधारभूत तह कक्षा १ —८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७ | ४५.० | ५०.० | ५०.० |
| २.१८ | आधारभूत तह कक्षा ६ —८ मा कक्षा छोड्ने दर | स्थानीय | २.५ | १.५ | ० | ० |
| | | प्रदेश | ३.०३ | | | |
| | | राष्ट्रिय | २.८ | | | |
| २.१९ | आधारभूत तह कक्षा ६ —८ मा कक्षा दोहोर्याउने दर | स्थानीय | १३.१ | ७ | ३ | ० |
| | | प्रदेश | ६.५६ | | | |
| | | राष्ट्रिय | ५.१९ | | | |
| २.२० | आधारभूत तह कक्षा ६ —८ मा कक्षा उतिण दर | स्थानीय | ७५.९ | ७९ | ९० | ९८ |
| | | प्रदेश | ८५.८१ | ९० | ९५ | ९८ |
| | | राष्ट्रिय | ८८.२ | | | |
| ३.१ | माध्यमिक तह कक्षा ९ —१२ मा कूल भर्ना दर | स्थानीय | ७५.० | ८० | ८५ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | |
| ३.२ | माध्यमिक तह कक्षा (९ —१२) मा खुद भर्ना दर | स्थानीय | ५३.३ | ६० | ७० | ८५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ —१२ | स्थानीय | १.२४ | १.१५ | १.१० | १.०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० |
| ३.४ | | स्थानीय | | | | |
| | | प्रदेश | | | | |

| क्र.सं. | सूचक | सूचकहरूको तहको | | आधार वर्ष २०८१ | २०८२ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | राष्ट्रिय | | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | ३७.५ | ४० | ६० | ८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९ —१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | | ४.६ | १० | १५ | २० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० |
| ३.८ | माध्यमिक तह कक्षा ९ —१२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी प्रतिशत | स्थानीय | विज्ञान | | | | |
| | | | प्रा।व्या। | | | | |
| | | प्रदेश | विज्ञान | | | | |
| | | | प्रा।व्या। | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | |
| | | | प्रा।व्या। | १०.० | १७.० | ३०.० | |
| ३.९ | कक्षा ९ मा प्राप्त ग्रेड | स्थानीय | | २.१९ | २.३० | २.६० | ३.०० |
| ३.१० | माध्यमिक तह कक्षा ९ —१० मा कक्षा छोड्ने दर | स्थानीय | | ०.९ | ०.७ | ०.५ | ०.० |
| | | प्रदेश | | २.३५ | | | |
| | | राष्ट्रिय | | १.९४ | | | |
| ३.११ | | स्थानीय | | ०.१ | ०.१ | ०.१ | ० |
| | | प्रदेश | | २.४७ | | | |

| क्र.सं. | सूचक | सूचकहरूको तहको | | आधार वर्ष २०८१ | २०८२ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह कक्षा ९ —१० मा कक्षा दोहोर्याउने दर | राष्ट्रिय | | २.१८ | | | |
| ३.१२ | माध्यमिक तह कक्षा ९ —१० मा कक्षा उतिण दर | स्थानीय | | ८८.० | ९० | ९५ | ९८ |
| | | प्रदेश | | ९१.५२ | | | |
| | | राष्ट्रिय | | ९३.४२ | | | |
| | माध्यमिक तह कक्षा ११ —१२ मा कक्षा छोड्ने दर | स्थानीय | | ०.० | ०.० | ०.० | ०.० |
| | | प्रदेश | | १.११ | | | |
| | | राष्ट्रिय | | ०.८९ | | | |
| ३.१३ | माध्यमिक तह कक्षा ११ —१२ मा कक्षा दोहोर्याउने दर | स्थानीय | | ०.० | ०.० | ०.० | ०.० |
| | | प्रदेश | | २.८ | | | |
| | | राष्ट्रिय | | ०.७८ | | | |
| ३.१४ | माध्यमिक तह कक्षा ११ —१२ मा कक्षा उतिण दर | स्थानीय | | ९२.६ | ९५ | ९७ | ९९ |
| | | प्रदेश | | ९१.११ | | | |
| | | राष्ट्रिय | | ९१.२७ | | | |
| ४.१ | साक्षरता दर कूल | स्थानीय | | ७४.४ | ७८ | ८२ | ९५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | |
| ४.२ | महिला साक्षरता | स्थानीय | | ६८.० | ७० | ७५ | ८५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० |
| ५.१ | प्राविधिक तथा व्यवसायिक सीप विकाश तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० |

| क्र.सं. | सूचक | सूचकहरूको तहको | | आधार वर्ष २०८१ | २०८२ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा कक्षा ९ —१२ वा डिप्लोमा वा प्रि(डिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्ति वार्षिक सङ्ख्या | स्थानीय | छात्रा र छात्र | २१ | ४० | ६० | १२० |
| | | | | | | | |
| | | प्रदेश | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| ६.१ | आधारभूत तह कक्षा १ —५ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | १८:१ | २०:१ | २२:१ | २५:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ |
| ६.२ | आधारभूत तह कक्षा ६ —८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २८:१ | २७:१ | २६:१ | २५:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ |
| ६.३ | आधारभूत तह कक्षा १ —८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २१:१ | २२:१ | २५:१ | २५:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ |
| ६.४ | माध्यमिक तह कक्षा ९ —१० मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | ३१.:१ | ३०.:१ | ३०.:१ | ३०.:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४:१ | | ३०:१ | ३०:१ |
| ६.५ | माध्यमिक तह कक्षा ९–१२ मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ४३.:१ | ३६.:१ | ३३.:१ | ३३.:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ |

| क्र.सं. | सूचक | सूचकहरूको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू. हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० |
| ७.२ | आधारभूत तह कक्षा १–८ मा प्रति विद्यार्थी सरकारी खर्च रू. हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | |
| ७.३ | माध्यमिक तह कक्षा ९–१२ मा प्रति विद्यार्थी सरकारी खर्च रू. हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | |

# परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकाश र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकाश शिक्षा औपचारिक शिक्षाको लागि पूर्व तयारी र सर्वाङ्गीण विकाशको लागि मूल आधार हो ।नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार ४ वर्षको उमेर पूरा भएका बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकाश शिक्षाको अवसर प्रदान गर्नुपर्ने प्राबधान उल्लेख छ।उक्त प्रारूपले ४ वर्ष मुनिका बालबालिकालाई शिशु विकाश केन्द्रबाट शारीरिक, मानसिक तथा बौद्धिक, संवेगात्मक र सामाजिक विकाश तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था पनि उल्लेख गरेको छ ।४ वर्षको उमेर पूरा भएका बालबालिकाहरूका लागि मैत्रीपूर्ण र मनोरञ्जनात्मक सिकाइ क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकाशमा सहयोग पुर्याउनुको साथै कक्षा एकमा प्रवेशका लागि पूर्ण रूपमा तयार पार्नु प्रारम्भिक बालविकाश र शिक्षाको मुख्य उद्देश्य रहेको छ।यस तहमा विशेष गरी बालबालिकाहरूलाई सिकाइप्रति प्रेरित गर्न र उनीहरूको सर्वाङ्गीण विकाशमा टेवा पुर्याउनका लागि शैक्षिक कार्यक्रम तयार गरिएको हुन्छ ।प्रारम्भिक बालविकाश र शिक्षा कार्यक्रमले बालबालिकाहरूको शारिरिक, मानसिक, संवेगात्मक, सामाजिक र सांस्कृतिक विकाशमा सहयोग पुर्याउनका साथै बालबालिकाहरूलाई कक्षा १ मा भर्ना हुनु पूर्व आधारभूत र विषयगत सीप सिकाइका क्षेत्रहरूको माध्यमबाट विभिन्न ज्ञान, सीप, धारणा र अभिवृत्ति प्राप्त गर्न सहयोग गर्छ ।यस शिक्षाले बालबालिकाहरूमा आधारभूत व्यवहारिक ज्ञान, सीप र संस्कार सिकाउँदै कक्षा १ मा अध्ययनको लागि आधारशिला तयार गर्दछ । नीतिगत रूपमा ४ (चार) वर्ष उमेर पूरा भएका बालबालिकाहरू यस तहमा भर्ना भै १ वर्षभित्र प्रारम्भिक बालविकाश र शिक्षा तह पुरा गर्नु पर्दछ ।बालविकाश र शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धि ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ जस्ता प्रारम्भिक बालविकाश सम्बन्धि कानुनी प्रावधान रहेका छन्।राष्ट्रिय शिक्षा नीति २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा व्यवस्था भएअनुसार ४ वर्ष उमेर पुगेका सबै बालबालिकाहरूलाई १ वर्षको प्रारम्भिक

बालविकाश र शिक्षाको अवसर प्रदान गरिनुका साथै प्रारम्भिक बालविकाश र शिक्षामा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गरिनु पर्दछ। शिक्षा ऐन २०२८ (संसोधन सहित) ले समेत प्रारम्भिक बालविकाश र शिक्षालाई विद्यालय शिक्षाको संरचनामा समेटेको हुँदा प्रारम्भिक बालविकाश र शिक्षालाई शिक्षा प्रणालीको जगको रूपमा आत्मसाथ गरिएको छ। यसका साथै पाठ्यक्रम विकाश केन्द्रले प्रारम्भिक बालविकाश तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरी कार्यान्वयनमा ल्याएको छ। सोहीबमोजिम ४ वर्ष उमेर पुगेका सबै बालबालिकाहरूको शिक्षामा अवसर र पहुँच सुनिश्चित गर्नको लागि यो शिक्षा योजनामा पनि यसलाई समावेश गरिएको छ ।

यस चौरजहारी नगरपालिकामा प्रारम्भिक बालविकाश केन्द्रहरूको जम्मा सङ्ख्या ४९ रहेको छ । जसमा सामुदायिक विद्यालयमा आधारित ३९ वटा, समुदायमा आधारित ६ वटा र संस्थागत ४ वटा रहेका छन्। सामुदायिक विद्यालय र समुदायमा आधारित जम्मा ४५ (३९+६) वटा बालविकाश केन्द्रहरूमध्ये सरकारी अनुदान प्राप्त बालविकाश केन्द्रको सङ्ख्या ३० र बाँकी १५ वटा नगरपालिकाको अनुदान सहयोगमा सञ्चालित छन् । यस नगरपालिका क्षेत्रभित्र रहेका प्रारम्भिक बालविकाश र शिक्षा केन्द्रमा शैक्षिक सत्र २०८१ मा भर्ना भएका बालबालिकाको सङ्ख्या सामुदायिक तर्फ छात्र ५४३ र छात्रा ४१२ गरी जम्मा ९५५ जना र संस्थागत तर्फ छात्र ३५३ र छात्रा २०२ गरी जम्मा ५५५ रहेको छ । यसलाई समग्रमा हेर्दा बालविकाश केन्द्रमा शैक्षिक सत्र २०८१ मा भर्ना भएका बालबालिकाहरू छात्र जम्मा ८९६ र छात्रा जम्मा ६१४ गरी कूल जम्मा १५१० रहेका छन् । यस नगरपालिकाभित्रका र बालविकाश केन्द्रहरूमा शत प्रतिशत महिला शिक्षकहरू रहेका छन् । प्रारम्भिक बालविकाश र शिक्षा केन्द्रमा सहजीकरण गर्ने सबै शिक्षकहरू न्यूनतम वा सोभन्दा माथिल्लो योग्यता पुरा गरेका छन् तर सबै सहयोगी कार्यकर्ताहरू तालिम प्राप्त भने छैनन्। त्यसैले बालविकाश केन्द्रमा सहजीकरण गर्ने सहयोगी कार्यकर्ताहरूलाई तालिमको आवश्यकता रहेको छ। प्रारम्भिक बालविकाशमा आधार वर्ष २०८१ को तथ्याङ्क हेर्दा कूल भर्नादर ९०.८ प्रतिशत र खुद भर्नादर ६४.३ प्रतिशत मात्र रहेको छ । शिक्षक विद्यार्थी अनुपान १:२१ रहेको छ भने लैङ्गिक समता सूचक ०.७६ रहेको छ । चौरजहारी नगरपालिकामा केही बालविकाश केन्द्र बाहेक प्रायजसो प्रारम्भिक बालविकाश केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेको देखिँदैन । अधिकांश प्रारम्भिक बालविकाश केन्द्रले पाठ्यक्रम र सन्दर्भ सामग्रीहरूको आंशिक रूपमा मात्र प्रयोग गरेको देखिन्छ

।कतिपय बालविकाश केन्द्रले  चारवर्ष उमेर नपुगेका बालबालिकाहरूलाई समेत भर्ना गरेको  पाईन्छ ।यसले खूद भर्नादर र कूल भर्नादरलाई प्रत्यक्ष असर पारिरहेको छ। अझैं पनि कतिपय बालविकाश केन्द्रहरूमा प्रारम्भिक बालविकाशको लागि भवन, कक्षाकोठा, सिकाइ सामग्रीहरू, अपाङ्गमैत्री भौतिक संरचना, पहुँच मार्ग, पोषणयूक्त दिवा खाजाको पर्याप्तताजस्ता समस्या परिरहेको देखिन्छ । जसले गर्दा प्रारम्भिक बालविकाश र शिक्षामा अध्ययनरत बालबालिकाहरूको सिकाइमा प्रत्येक्ष वा अप्रत्येक्ष रूपमा प्रभाव परिरहेको छ । प्रारम्भिक बालविकाशमा कार्यरत सहयोगी कार्यकर्ताहरूको समयसापेक्ष पारिश्रमिक र पेसागत सीप विकाशका अवसरहरूमा कमी भएको देखिन्छ । विद्यालयलाई प्रति विद्यार्थी रू ५०० को दरले दिइने वार्षिक अनुदान रकमबाट विद्यालयले सामग्री व्यवस्थापन गर्ने गरेका छन्। तर नमुना बालविकाश केन्द्र बनाउनलाई यो रकम धेरै कम भएकोले रकम बढाउनुका साथै समयसापेक्ष सुधार गर्नुपर्ने देखिन्छ । यी समस्याहरूलाई समाधान गर्न सङ्घ, प्रदेश, स्थानीय सरकार लगाएत सबै सरोकारवालाहरूको उत्तिकै भूमिका हुनुपर्ने देखिन्छ ।

### ३.१.२ उद्देश्य

क० प्रारम्भिक बालविकाश र शिक्षामा सबै बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख० प्रारम्भिक बालविकाश र शिक्षाका लागि नीतिगत, संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गरी प्रारम्भिक बालविकाश र शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु,

ग० प्रारम्भिक बालविकाश उमेर समुहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकाश र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेशको लागि तयार पार्नु,

घ० प्रारम्भिक बालविकाश शिक्षकहरूको क्षमता विकाश, पेसागत सहयोग र प्रोत्साहन मार्फत शिक्षण सिकाइमा प्रेरित गर्नु,

ङ० प्रारम्भिक बालविकाश र शिक्षाका बालबालिकाको लागि बालमैत्री र सुरक्षित सिकाइ वातावरण निर्माण गर्नु ।

### ३.१.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्नको लागि निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

क० प्रारम्भिक बालविकाश र शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकाश गरी सबै बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गरिने छ ।

ख० प्रारम्भिक बालविकाश सम्बन्धि कानुन, नीति, कार्यविधि एवम् मापदण्ड निर्माण, अध्यावधिक, परिमार्जन र कार्यान्वयन गरी नीतिगत अस्पस्टता र कानुनी जटिलता हटाइने छ ।

ग० प्रारम्भिक बालविकाश र शिक्षाका लागि संस्थागत तथा संरचनागत सुधार गर्न नगरपालिकास्तरमा सम्बन्धित क्षेत्रका विषय विज्ञ र सरोकारवालाको सङ्लग्नतामा प्रारम्भिक बालविकाश संयन्त्रको स्थापना गरी आवश्यक सहजीकरण गरिने छ ।

घ० प्रारम्भिक बालविकाश र शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन निर्धारित मापदण्ड अनुरूप सिकाइ केन्द्रहरू सञ्चालन भए नभएको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकतानुसार सिकाइ केन्द्रहरू थप, पुनःवितरण र समायोजन गरिने छ ।

ङ० एक विद्यालय एक प्रारम्भिक बालविकाश केन्द्र अनिवार्य गर्नुका साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा बालविकाश पाठ्यक्रममा आधारित भई प्रारम्भिक बालविकाश र शिक्षाका लागि न्यूनतम कार्यक्रमहरू सञ्चालन गरिने छ ।

च० नमुना प्रारम्भिक बालविकाश केन्द्रहरूलाई प्रोत्साहन तथा उचित सम्मानको व्यवस्था सहित नमुना प्रारम्भिक बालविकाश र शिक्षाको अबधारणालाई प्रत्येक बालविकाश केन्द्रहरूमा विस्तार गरिनेछ ।

छ० ४ वर्ष उमेर पुगेका सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा प्रारम्भिक बालविकाश केन्द्रमा भर्ना गरी प्रारम्भिक बालविकाश शिक्षाको अनुभव लिने वातावरण सिर्जना गर्ने र प्रारम्भिक बालविकाश शिक्षाको अनुभव लिएका बालबालिकाहरूलाई मात्र कक्षा १ मा भर्ना गराउने नीति अवलम्वन गरिने छ

ज० प्राम्भिक बालविकाश शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा प्रभावकारिता ल्याउन प्रारम्भिक बालविकाशको क्षेत्रमा कार्य गर्ने

सम्पूर्ण सङ्घ संस्था तथा सरोकारवालाहरूसँग सहकार्य गरी विभिन्न तालिम, गोष्ठी, कार्यशाला, पाठ्यक्रम प्रवोधीकरण, र अभिभावक सचेतीकरणजस्ता विविध कार्यक्रमहरू सञ्चालन गरिने छ।

झ० प्रारम्भिक बालविकाश शिक्षकहरूलाई शिक्षण सिकाइ प्रति थप प्रेरित गर्नका लागि समय सापेक्ष सेवा सुविधा तथा पारिश्रमिक उपलब्ध गराउन र थप प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक स्रोतको पहिचान गरी व्यवस्थापन र परिचालन गरिने छ ।

ञ० प्रारम्भिक बालविकाश र शिक्षाका बालबालिकाहरूको लागि बालमैत्री र सुरक्षित सिकाइ वातावरण निर्माण गर्न निर्धारित मापदण्ड अनुरूपको बसाइ व्यवस्थापन, सरसफाई, पाठ्यक्रमले निर्धारण गरेका खेल सामग्री, सिकाइ सामग्री, मनोरन्जनका सामग्री, अडियो, भिडियो सामग्री सहितको आकर्षक र बालमैत्री कक्षाकोठा र सुरक्षित खेल मैदानको व्यवस्थापनको लागि आवश्यक सहजीकरण र सहयोग गरिने छ ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धिः**

क० प्रारम्भिक बालविकाश र शिक्षामा ४ वर्ष उमेर पुगेका सबै बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

ख० सबै प्रारम्भिक बालविकाश तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पुरा गरी सुरक्षित बालमैत्री र गुणस्तरीय सिकाइ वातावरण निर्माण गरेको हुनेछन्।

ग० प्रारम्भिक बालविकाश र शिक्षाका लागि उमेर पुगेका शतप्रतिशत बालबालिकाहरूले प्रारम्भिक सिकाइ तथा बालविकाश शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर पाउनेछन्।

घ० पेसागत सहयोग उत्प्रेरणा र प्रोत्साहनका कार्यक्रमहरू मार्फत प्रारम्भिक बालविकाश शिक्षकहरूको क्षमता अभिवृद्धि भै बालबालिकाहरूको सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित हुने छ ।

ङ० हरेक वडामा कम्तिमा एक एक वटा नमुना प्रारम्भिक बालविकाश र शिक्षा केन्द्रहरू निर्माण हुनेछन्।

नतिजा तथा परिमाणत्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकाशमा कूल भर्ना सङ्ख्या | १५१० | १५२५ | १५४० | १५८५ | १६५० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकाश केन्द्रको सङ्ख्या | २ | ८ | १४ | ३५ | ४५ |
| ३ | प्रारम्भिक बालविकाशमा खुद भर्नादर | ६४.३ | ६७.५ | ७२ | ९० | १०० |
| ४ | प्रारम्भिक बालविकाशमा कूल भर्नादर | ९०.८ | ९३ | ९६ | ९९ | १०० |
| ५. | शिक्षक विद्यार्थीअनुपात | १:२१ | १:२२ | १:२२ | १:२३ | १:२४ |
| ६ | लैङ्गिक समता सूचक | ०.७६ | ०.८ | ०.९ | ०.९५ | १.० |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | बालविकाश शिक्षकको क्षमता विकाश तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | बालबालिकाको स्वास्थ्य परीक्षण र खोप तथा विकाशवृद्धिविकाशअभिलेखीकरण | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ३ | स्थानीयस्तरमा उपलब्ध शैक्षिक तथा खेल सामग्री निर्माणका लागि तालिम तथा प्रयोगात्मक अभ्यास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | पाठ्यक्रम प्रवोधीकरण तथा पुनर्ताजगी | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५. | बालविकाश केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | अभिभावक शिक्षा र सचेतीकरण कार्यक्रम | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बालविकाश शिक्षक उत्प्रेरणा कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | बालविकाश केन्द्रहरूमा खेल तथा शैक्षिक सामग्री व्यवस्थापन | बा. वि.के | ४५ | ४५ | - | - | - | - | ४५ | |
| ९ | बालविकाश केन्द्रहरूमा सिकाइ कर्नरको व्यवस्थापन | बा. वि.के | ४५ | ४५ | - | - | - | - | ४५ | |
| १० | बालविकाशका बालबालिलकालाई स्थानीय उत्पादनमा आधारित खाजाको व्यवस्थापन | जना | ६१५१ | ९५५ | ११४६ | १३७५ | १६५० | १९८० | ६१५१ | |
| ११ | बालविकाशका शिक्षकहरूलाई प्रोत्साहन र पुरस्कृत | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | सिकाइमैत्री स्मार्ट कक्षाकोठा व्यवस्थापन | वटा | ४५ | १० | १० | ५ | ५ | ५ | ३५ | १० |
| १३ | नमुना बालविकाश केन्द्रको स्थापना तथा व्यवस्थापन | वटा | १० | २ | २ | २ | २ | २ | १० | |
| १४ | विद्यार्थीलाइ स्टेशनरी र पोषाक वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १- ८ सम्मको शिक्षालाई आधारभूत तहको शिक्षा भनेर बुझिन्छ ।यो तह भनेको विद्यालय तहको आधार तह भएको र यस तहको शिक्षाले बालबालिकाहरूको सर्वाङ्गिण विकाश, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा आधार तय गर्न सहयोग पुर्याउँदछ । आधारभूत तहको शिक्षा प्रणालीले बालबालिकाहरूलाई जीवनपर्यन्त सिकाइमा मार्ग प्रशस्त गरी माध्यमिक तह र उच्च शिक्षाका लागि आधार तय गरी मूलुकको सामाजिक र आर्थिक विकाशमा सहयोग पुर्याउनका साथै आधारभूत तहको जग तयार पार्दछ । आधारभूत तह शिक्षाको जगको रूपमा रहेकोले यस क्षेत्रमा गरिने लगानीले नै माथिल्ले तहको शिक्षा कस्तो हुने भनेर मार्ग निर्देशन गर्दछ ।

नेपालको संविधान २०७२ले आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ ।यस अर्थमा नेपालमा बसोवास गर्ने प्रत्येक बालबालिकाहरूलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच सुनिश्च गर्न ध्यान पुर्याउन पर्दछ ।अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भएबमोजिम आधारभूत तह उमेर समूहका सबै बालवालिकहरूलाई अनिवार्य र निःशुल्क शिक्षाको पहुँचको हक हुने व्यवस्था गरिएको छ र सोहीबमोजिम कार्यान्वयन गर्नु पर्दछ। नेपालको संविधान २०७२ को अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार क्षेत्र स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेन व्यवस्था गरेको छ। यसर्थ आधारभूत तहमा सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तर कायम गर्न चौरजहारी नगरपालिकाले पनि विभिन्न शैक्षिक कार्यक्रमहरूको व्यवस्था गरी कार्यान्वयन गरेको छ ।

चौरजहारी नगरपालिकामा रहेका सामुदायिक र संस्थागत गरी ४१ विद्यालयमा आधारभूत तहको शिक्षा सञ्चालनमा रहेका छन् । यसमा सामुदायिक तर्फ ३७ र संस्थागत तर्फ ४ वटा विद्यालयमा आधारभूत तहको शिक्षा सञ्चालनमा रहेको छ ।जस मध्ये १-५ तर्फ २३ वटा सामुदायिक र १ वटा संस्थागत रहेका छन् । त्यसै सामुदायिक १-८ तर्फ ५ वटा रहेका छन् । यस्तैगरी १-१० सामुदायिक तर्फ ६

वटा विद्यालय संञ्चालनमा रहेका छन् भने १-१२ सामुदायिक तर्फ २ वटा संञ्चालनमा रहेका छन् ।

**आधारभूत तहमा अध्ययन गर्ने जम्मा विद्यार्थीको सङ्ख्या**

| आधारभूत तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कूल |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| आधारभूत तह कक्षा (१-५) | १४१२ | १४६६ | २८७८ | ३९० | ५७९ | ९६९ | ३८४७ |
| आधारभूत तह कक्षा(६-८) | ८४० | ८१० | १६५० | ९५ | १४२ | २३२ | १८८२ |
| **जम्मा** | २२५२ | २२७६ | ४५२८ | ४८५ | ७२१ | १२०१ | ५७२९ |

श्रोतः चौरजहारी नगरपालिको इमिस वि.स.२०८१

आधारभूत तहको शिक्षक विद्यार्थी अनुपात, लैङ्गिक समता सुचाङ्क, कूल भर्ना तथा खुद भर्ना निम्नाअनुसार रहेको छ ।

| तह | शिक्षक विद्यार्थी अनुपात सामुदायिक | लैङ्गिक समता सूचक सामुदायिक | कूल भर्ना दर (प्रतिशतमा) | खुद भर्ना दर (प्रतिशतमा) |
|---|---|---|---|---|
| आधारभूत तह कक्षा (१ - ५) | १:१८ | ०.७६ | १२२.१ | ९५.८ |
| आधारभूत तह कक्षा (६ - ८) | १:२८ | १.०४ | ११६ | ९३.९ |
| कक्षा (१- ८) | १:२१ | ०.९९ | १२०.१ | ९५.१ |

मथिको तथ्याङ्कलाई विश्लेषण गर्दा चौरजहारी नगरपालिकाको आधारभूत तह कक्षा १-५ को शिक्षक विद्यार्थी अनुपात १:१८, कक्ष ६-८ को १:२८ र कक्षा १-८ को १:२१ रहेका छ । त्यसैगरी लैङ्गिक समता सुचाङ्क आधारभूत तह कक्षा १-५ को ०.७६, कक्षा ६-८ को १.०४ र कक्षा १‘८ को ०.९९ रहेका छ । त्यसैगरी कूल भर्ना दर कक्षा १-५ को १२२.१, कक्षा ६-८ को ११६ तथा कक्ष १-८का १२०.१ प्रतिशत रहेको छ भने कक्षा १-५को खुद भर्ना दर ९५.८, कक्षा ६-८ को ९३.३ तथा कक्षा १-८को ९५.१ प्रतिशत रहेको छ ।

यस नगरपालिकाभित्र रहेका आधारभूत विद्यालयहरूले कक्षा ८ सम्मकै स्थानीय पाठ्यक्रम  कार्यान्वयनको लागि शिक्षकको पेसागत विकाश तालिम कार्यशालाहरू सञ्चालन गर्नुपर्ने देखिन्छ र आधारभूत तहका सबै कक्षाका लागि पाठ्यक्रमबमोजिमका पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामग्रीको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक छ। विद्यालयमा सिकाइमैत्री वातावरणको निर्माण, शिक्षक क्षमता विकाश र उत्प्रेरणाका कार्यहरू तीब्रताका साथ कार्यान्वयन गर्न आवश्यक देखिन्छ । आधारमुत तहमा उतीर्ण दर तथा टिकाउ दरमा सुधार ल्याउन आवश्यक देखन्छ भने सूचना प्रविधि तथा जीवनपर्यन्त सिकाइका अवसरहरू सिर्जना गर्नपर्ने देखिन्छ । खुद भर्ना दर हेर्ने हो भने आधारभूत तहमा सही उमेर समुहका बालबालिकाहरू अझैपनि सही कक्षामा नरहेको देखिन्छ । यसर्थ कक्षा १ मा भर्ना गर्दा सही उमेर समुहका बालबालिका लागि सही समयमा भर्ना गरी सही तवरले सिकाइ अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

आधारभूत तहको शिक्षाको पहुँचमा भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक र अन्य कारणहरूले प्रभावित बालबालिकाहरू अझैपनि समतामूलक पहुँच बाहिर रहेका छन् । गुणस्तरीय सिकाइलाई प्रवर्धन गर्न पोषणयुक्त दिवाखाजा, शिक्षकको पेसागत क्षमता विकाश तथा सरोकारवालाहरूको प्रत्यक्ष अनुगमन, नियमन र सहयोग बढाउन आवश्यक देखिन्छ । विद्यालयलाई विभिन्न किसिमले सबैको लागि मैत्रीपूर्ण बनाउन सबैको सहभागिता बढाई सबै हिसाबमा बालमैत्रीपूर्ण वातावरण सुनिश्चित गर्ने, सिकाइ उपलब्धिमा व्यापक सुधार गर्ने साथै आधारभूत तहको शिक्षामा प्रविधिको प्रयोग गर्ने र कक्षा कोठासम्म सबैको समतामूलक पहुँच बढाउन, विद्यालयहरूको पूनर्वितरण एवम् मिलान गरी समुदायको पहुँच र सहभागिता सुनिश्चत गर्नै र सेवा सुविधामा विस्तार गर्ने, शिक्षालाई सबै दृष्टिकोणबाट सुरक्षित, सहज र गुणस्तर बनाई सहभागितापूर्ण वातावरण सिर्जना गर्ने । साथै सोका लागि हुने विभिन्न किसिमका हस्तक्षेपहरू निशेध गर्न, कक्षा कोठामा सूचना तथा प्रविधिको प्रयोगमा अभिवृद्धि गर्न, विपत् जोखिम न्यूनीकरण योजनामा विद्यार्थीहरूको सहभागिता बृद्धि गर्न, विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाई आधारभूत तहको परीक्षालाई व्यवस्थित गर्ने र आधारभूत तहलाई शैक्षिक गुणस्तरको आधारको रूपमा विकाश गर्न आवश्यक देखिन्छ । आधारभूत

तहको शिक्षामा विशेष गरी अभिभावक तथा समुदायको सहभागिता प्रभावकारी बनाउन पनि आवश्यक रहेको छ ।

### ३.२.२ उद्देश्य

आधारभूत तहको शिक्षामा उक्त तहका लागि उमेरका समुहका सबै बालबालिकाहरूलाई सहज पहुँच सहितको गुणस्तरीय शिक्षा पूरा गर्नका लागि निम्न बमोजिमका उद्देश्य किटान गरिएको छ ।

(क)अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी आधारभूत तहको शिक्षामा सबैको समतामूलक र सहभागिता सुनिश्चित गर्नु ।
(ख) आधारभूत तह शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई न्यूनतम सिकाइ उपलब्धि हाँसिल हुने अवस्था सुनिश्चित गर्नु ।
(ग) आधारभूत तहका विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु ।
(घ) आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तर सम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नु ।
(ङ) सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षकको पेसागत विकाश, सिकाइ सहजीकरण, विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना सञ्चार प्रविधिलाई व्यवस्थित गर्नु ।
(च) अभिभावक शिक्षा र सचेतीकरणका माध्यमबाट आधारभूत तहको शिक्षामा अभिभावकको सहभागिता, समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्नु ।
(छ) गणित तथा विज्ञान प्रयोगशाला निर्माण गरी गणित विषयको शिक्षणलाई जटिल होईन सरल र सहज रूपमा शिक्षण गर्ने व्यवस्था गर्नु।

### ३.२.३ रणनीति

चौरजहारि नगरपालिकाको आधारभूत तहको शिक्षाका उल्लेखित उद्देश्यहरू हाँसिल गर्नका लागि निम्नबमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ ।

(क) अनिवार्य तथा निःशुल्क आधारभूत तह शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक नीति, कार्यविधीहरूको तर्जुमा तथा आवश्यक स्रोतको प्रवन्ध गर्नुपर्ने ।

(ख) आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्र.अ. र प्र.अ.लाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको विकाश गरिनेछ ।

(ग) आधारभूत तहका विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण समावेशी, बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाउन प्रदेश तथा सङ्घिय सरकारसँग तथा अन्य सरोकारवालासँग समन्वय र साझेदारी गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(घ) आधारभूत तहका बालबालिकाहरूको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकको पेसागत तालिमहरू सञ्चालन गरी कार्यान्वयन गरिने छ ।

(ङ) विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना प्रविधि प्रणालीलाई सिकाइको अभिन्न अंगसँग जोड्दै विद्यार्थीका दैनिक क्रियाकलापसँग अन्तरसम्बन्धित गराई व्यवस्थित गरिनेछ।यसका लागि कक्षा ५ र ८ को स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

(च) विद्यालय क्षेत्रभन्दा बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

(छ) शिक्षक, कर्मचारी र प्र.अ.को क्षमता विकाश, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ ।

(ज) वि.व्य.स, शि.अ.स र अभिभावकहरूको क्षमता विकाश गर्न अभिमुखीकरण तथा क्षमता विकाश र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(ट) शिक्षक तथा विद्यार्थीहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईनेछ तथा नियमित स्वास्थ्य जाँच र स्वास्थ्य शिक्षा र सहायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ

(ठ) विद्यालय नक्साङ्कन, पूनर्वितरण, दरबन्दी मिलान तथा समायोजन गरिनेछ ।साथै, विद्यार्थी सङ्ख्याका आधारमा ग्रेड थप गर्ने तथा घटाउने कार्य गरिनेछ।

(ड) विद्यालयमा सूचना प्रविधीको व्यवस्थापन तथा उच्चतम प्रयोग, सिकाइ आदान-प्रदानजस्ता कार्य प्रभावकारी रूपमा लगिनेछ ।

(ढ) सबै विद्यालयमा बुक कर्नर, न्यूनतम शिक्षण सिकाइ र सन्दर्भ सामग्री तथा पूर्वाधार सुनिश्चित गरिनेछ र विद्यालयमा पोषणयुक्त दिवा खाजा लगायतका सुविधाहरू प्रभावकारी रूपमा व्यवस्थापन गरिनेछ ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

(क) आधारभूत तहमा अध्ययनरत सबै बालबालिकाहरूको सिकाइ उपलब्धिमा अपेक्षित रूपमा सुधार भएको हुनेछ ।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाहरूको समता पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

(ग) आधारभूत तहका सबै विद्यालयहरूमा न्यूनतम मापदण्ड पुरा भएको हुनेछन् र गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

घ) सम्पूर्ण विद्यालयहरू अपाङ्गमैत्री, प्रविधिमैत्री, बालमैत्री, वातावरणमैत्री तथा लैङ्गिकमैत्री तथा सिकाइका लागि सुरक्षित वातावरण सिर्जना भएको हुनेछन्।

ङ)शैक्षिक तथा सन्दर्भ सामग्रीको उपल्बधता भई समावेशी वातावरणमा विद्यार्थी सक्रिय भएर सिकाइ प्रणालीमा सुधार भएको हुनेछ।

च) दिवा खाजा निर्देशिका २०७६ को मर्मअनुसार विद्यालयमा नै तयार गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक खाजा तोकिएको अवधिसम्म नियमित पाएको हुनेछन्।

छ)आधारभूत तहमा कूल भर्ना दर र खुद भर्ना दर बिचको अन्तर कम भै सही उमेर समुहका बालबालिका सहि कक्षामा शत प्रतिशत हुने कुरा सुनिश्चित भएको हुने ।

ज) शिक्षक, वि व्य स, बाल क्लव लगायतको क्षमता विकाश भै सक्रियतापूर्वक कार्य गरेको हुनेछन् साथै आधारभूत तहमा समुदाय र अभिभावकको सङ्लग्नता अभिबृद्धि भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१–५) मा शिक्षक विद्यार्थी अनुपात | १:१८ | १:२० | १:२४ | १:३० | १:४० |
| २ | आधारभूत तह कक्षा (१–५) मा कूल भर्नादर | १२२.१ | ११५ | ११० | १०५ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | आधारभूत तह कक्षा (१–८) मा कूल भर्नादर | १२०.१ | ११५ | ११० | १०५ | १०० |
| ४ | आधारभूत तह कक्षा (१–५) मा खूद भर्नादर | ९५.१ | ९६ | ९७ | ९८ | ९९ |
| ५ | आधारभूत तह कक्षा (१–८) को खूद भर्नादर | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| ६ | आधारभूत तह कक्षा (१–५) को कक्षा छोड्ने दर | ३.६ | ३ | २ | १ | ० |
| ७ | कक्षा (६– ८) को कक्षा छोड्ने दर | २.५ | २ | १.५ | १ | ० |
| ८ | कक्षा (१–५) को कक्षा दोहोर्याउने दर | ६.३ | ४.०० | ३.०० | २ | १ |
| ९ | कक्षा (६–८) को कक्षा दोहोर्याउने दर | १३.१ | ११ | ९ | ७ | ५ |
| १० | कक्षा (१–५) को उत्तीर्ण प्रतिशत | ८३.१ | ८३.५ | ८४ | ८५ | ८६ |
| ११ | कक्षा (६–८) को उत्तीर्ण प्रतिशत | ७५.९ | ७६.५ | ७७ | ७९ | ८५ |

३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यालय भर्ना अभियान कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | विद्यालय नक्साङ्कन,पुनवितरण समायोजन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | शिक्षक कर्मचारी र प्र.अ.लाई पेसागत विकाशकका लागि क्षमता विकाश तालिम | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | बालक्लव रे.सको किशोरी क्लव गठन पुनःगठन र क्षमता अभिवृद्धि तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | वि.व्य.स,शि.अ.सं लगायतका समिति सदस्यहरुको क्षमता विकाश | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | स्टीम ल्याब स्थापना र प्रयोग मावि र कक्षा ८ सम्मका विद्यार्थीहरुको लागि | विद्यालय | १० | २ | ३ | ५ | - | - | १० | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सिकाइमैत्री स्मार्ट कक्षा कोठा व्यवस्थापन | विद्यालय | ३७ | १० | १० | १० | ७ | - | ३७ | |
| ७ | कक्षाकोठामा पुस्तकालय र बुकर्याकको स्थापना गर्ने | विद्यालय | ३७ | १० | १० | १० | ७ | - | ३७ | निरन्तर |
| ८ | कक्षा ५ र ८ को स्तरीकृत परीक्षा व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालयमा दौतरी शिक्षा तथा बाल क्लवको क्षमता विकाश तथा परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ११ | शिक्षक पेसागत सहयोग संरचना निर्माण र कार्यान्वयन, विज्ञ समुहलाई अभिमुखीकरण तथा परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १२ | अन्तरविद्यालय भ्रमण र सिकाइ आदान-प्रदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | पालिकास्तरमा पढाइ उत्सब तथा प्रतियोगिताका कार्यक्रमहरू | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | शिक्षकका लागि सन्दर्भ सामग्री र सहायता सामग्री व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | शिक्षक र विद्यालय कर्मचारी प्रोत्साहन एंवम् पुरस्कृत कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १६ | लेखा तथा प्रशासन व्यवस्थापकका लागि क्षमता विकाश | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १७ | विद्यार्थीहरुलाइ स्टेशनरी र पोषाक वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा (९-१२) को शिक्षालाई माध्यमिक तहके रूपमा बर्गिकृत गरेको छ । नेपालमा माध्यमिक शिक्षालाई साधारण र प्राविधिक गरी २ धारमा बर्गीकरण गरिएको छ । माध्यमिक तहको कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । प्राविधिक धारका विद्यालयहरूमा कक्षा ९ देखि नै अलग धारका रूपमा सञ्चालन हुने व्यवस्था गरेको छ । माध्यमिक तहको शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रको रूपमा अङ्गिकार गरेकोले सो कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहहरूले नीति, नियम र कार्यक्रमहरू तयार गरी योजनामा समावेश गर्ने गरिएको छ । कक्षा ९-१२ को शिक्षाको उद्देश्य मानवीय मुल्यमान्यता, कला संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मुल्य मानयताको ज्ञान, सीप र दृष्टिकोण तथा सक्षम व्यवहार आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको उद्देश्य कामको संसारमा प्रवेश गर्न सक्ने सीप प्रदान गर्ने र उच्च शिक्षाको लागि आकार तयार गर्ने । नेपालको सम्वीधान २०७२ ले प्रत्येक नागरिकको माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने किटान गरेको छ । विकाश लक्ष्यले माध्यमिक तहमा व्यवसायिक शिक्षाको विकाशमा जोड दिने भनेको छ । राष्ट्रिय शिक्षा नीति २०७६, ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्ने यसबाट सृजनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचारजस्ता गुण सहितको प्रतिस्पर्थी सीपयुक्त एंवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य लिएको छ । विज्ञान, प्रविधि तथा नवप्रर्वतन निती २०७६ ले परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपको बारेमा अध्ययन अध्यापन गराई वैज्ञानिक चिन्तन तथा सृजनशिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चि गर्दै सान्दर्भिक र गुणस्तर सुधार गर्ने, खुद

भर्ना दर र टिकाउ दर वढाउने, रोजगारमूलक बनाउने, शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने, शासकीय र व्यवस्थापकीय प्रवन्धमा सुधार गर्नेजस्ता विषयहरू नेपालको संविधानले स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ।

वर्तमान अवस्था शैक्षिक तथ्याङक २०८१ अनुसार चौरजहारी नगरपालिकामा माध्यमिक तह सञ्चालनमा रहेका विद्यालय सङ्ख्या जम्मा १२ वटा रहेका छन् । यस अन्तरगत माध्यमिक तहसम्म चलेका सामुदायिक विद्यालय जम्मा ९ वटा र संस्थागत विद्यालय ३ वटा रहेका छन् । माध्यमिक तह कक्षा ९-१० सञ्चालित विद्यालय १० वटा (सामुदायिक ६ र संस्थागत ३), कक्षा ९-१२ सञ्चालीत माध्यमिक विद्यालय ३ वटा (सबै सामुदायिक) रहेका छन् । शैक्षिक सत्र २०८१ मा माध्यमिक तहमा भर्ना भएका विद्यार्थीहरू निम्नानुसार रहेका छन् ।

| तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| कक्षा ९-१० | १०६४ | ६३ | ११२७ |
| कक्षा ११-१२ | ७९७ | ० | ७९७ |
| **जम्मा** | **१८६१** | **६३** | १९२४ |

यसैगरी शिक्षा तथा मानव स्रोत विकाश केन्द्रको २०८० को प्रतिवेदनअनुसार यस नगरपालिकाको माध्यमिक तह कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात १:३१ र माध्यमिक तह कक्षा ११-१२ मा शिक्षक विद्यार्थी अनुपात १:८९ रहेको छ । माध्यमिक तह कक्षा ९-१० को खुद भर्नादर र कूल भर्नादर क्रमशः ७८.५ र ८६.९ तथा माध्यमिक तह कक्षा ११-१२ को खुद भर्नादर र कूल भर्नादर क्रमशः ३६.० र ६७ रहेको छ । यसै गरी माध्यमिक तहमा लंङ्गिक समता सूचक भने कक्षा ९-१० मा १.२३ र कक्षा ११-१२ मा १.२५ रहेको छ । माध्यमिक तह कक्षा ९-१० को उतीर्ण दर, कक्षा छोड्ने दर र कक्षा दोहोर्याउने दर क्रमशः ८८, ०.९ र ०.१ रहेको छ भने माध्यमिक तह कक्षा ११-१२ को उतीर्ण दर, कक्षा छोड्ने दर र कक्षा दोहोर्याउने दर क्रमशः ९२.६, ०.० र ०.० रहेको छ ।

यस नगरपालिकामा माध्यमिक तहमा निःशुल्क माध्यमिक शिक्षाको अवस्था, उच्च विद्यालय छोड्ने दर (टिकाउ र बिकाउ दर वृद्धि गर्ने), विपन्न बालबालिका विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला दलित, पिछडिएको वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितीमा रहेका बालबालिका को समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षामा सूचना तथा सञ्चार लगाएतका प्रविधिको प्रायेग गर्ने, शहर तथा विदेश पलायन हुने प्रबृति, विद्यालय शिक्षालाई जीवनोपयोगी र सान्दर्भिक वनाउनु, माध्यमिक शिक्षाबाट श्रमबजारमा आवश्यक ज्ञान, सीप र प्रविधिको विकाश गर्नेजस्ता चुनौतीहरू रहेका छन् भने माध्यमिक तहको शिक्षा संविधानतः राज्यको दायित्व रहनु, राष्ट्रिय निती तथा कार्यक्रमहरूमा माध्यमिक शिक्षालाई प्राथमिकता दिनु (श्रम बजार वा उच्च शिक्षामा प्रवेश गर्ने र प्रवेश द्धार), माध्यमिक तहको शिक्षालाई गुणस्तरीय सान्दर्भिक र रोजगारमूलक बनाउने सर्वत्र चासो र चिन्तन, ज्ञानमा आधारित समाजको निर्माण र विज्ञान प्रविधिको विकाश गर्ने, माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको मातहतमा रहनुजस्ता अवसरहरू रहेका छन् ।

### ३.३.२ उद्देश्यहरू

माध्यमिक तहको शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाई माध्यमिक तहको शैक्षिक सुधार गर्नका लागि निम्नानुसारका उद्देश्यहरू अवलम्बन गरिने छ ।

(क) माध्यमिक तहका विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु र सबैको पहुँच सुनिश्चित गर्नु,

(ख) माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु र माध्यमिक तह कक्षा १० को एस ई ई र कक्षा ११/१२ को उतीर्ण दरमा सुधार ल्याउनु साथै साधारण र प्राविधिक शिक्षा बिच पारगम्यता सुनिश्चित गर्नु,

(ग) माध्यमिक तहको शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु र संस्थागत क्षमता विकाश र व्यवस्थापन गर्नु र यसका लागि माध्यमिक तहका स्नातकहरूलाई सम्मानपूर्वक जीवन जिउन, रोजगारी र निरन्तर सिकाइको लागि तयार गर्नु,

(घ) माध्यमिक तहका विद्यालयहरूमा सूचना प्रविधिको उच्चतम र प्रभावकारी प्रयोग गरी विद्यार्थीको समतामूलक पहुँच अभिबृद्धि गर्नु तथा विपत् को समयमा शैक्षिक क्रियाकलापहरू सञ्चालनका लागि वैकल्पिक सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था सिर्जना गर्नु ।

(ङ) माध्यमिक तहमा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु तथा माध्यमिक तहमा खुद भर्नादर र कूल भर्नादर बृद्दि गरी विद्यालय छोड्ने दर न्यून गर्नु र समतामूलक पहुँच सुनिश्चित गर्नु।

### ३.३.३ रणनीति

माध्यमिक तहमा माथि किटान गरिएका उद्देश्यहरू परिपूर्तिका लागि निम्न रणनीतिहरू अवलम्बन गरिने छ ।

१) संविधान मापदण्डअनुसार माध्यामिक तह सञ्चालित विद्यालय नक्साङ्कन गरी स्थापना समायोजन र पुनःवितरण गर्ने ।

२) निःशुल्क माध्यामिक शिक्षा सुनिश्चित गर्न विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताको आधारमा सङ्घ र प्रदेश सरकारको समन्वयमा शिक्षक दरवन्दी मिलान र पुनः वितरण गर्ने

३) अभिभावकविहिन बालबालिकाहरूलाई खाना तथा पालन पोषणको लागि आवश्यक व्यवस्था गर्ने

४) सीमान्तकृत समुदायका बालबालिकाहरूमा माध्यमिक तहको शिक्षामा टिकाउन विशेष प्रोत्साहन कार्यक्रम लागु गर्ने

५) माध्यमिक तहमा विज्ञान तथा प्रविधि अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहन रकम उपलव्ध गराउने

६) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित हुने गरी भौतिक, शैक्षिक तथा मानवीय साधन स्रोतको व्यवस्था गर्ने

७) चौरजहारीको भौतिक सन्दर्भ अनुसारको ऐच्छिक विषयहरूको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिने छ ।

८) माध्यमिक तहका विद्यार्थीहरूलाई पेसागत तथा व्यवसायिक शैक्षिक एंवम्म् मनोसामाजिक परार्मश उपलव्ध गराउने

पहिचान गरी सुधार योजना निर्माण गरी कार्यन्वयन गर्ने

१५) निरन्तर सुपरिवेक्षण गर्ने र नमुना विद्यालय विकाश मार्फत स्तरीय विद्यालय शिक्षा सुनिश्चित गर्ने

१६) शिक्षा क्षेत्रमा का मगर्ने गैरसरकारी सङ्घ संस्थाहरूको समुन्वय र साझेदारीमा माध्यमिक शिक्षाको पहुँच, गुणस्तर र सानदर्भिकतामा सुधार हुने गरी विद्यालयको आवश्यकताअनुसार कार्यक्रम तय गरी सञ्चालन गर्ने ।

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) यो शिक्षा योजना लागु भए पश्चात माध्यमिक तहको शिक्षामा सबैको पहुँच सुनिश्चित भई माध्यमिक तहको शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।

(ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरीयतामा प्रवर्धन भई समता, समावेशीता र व्यवहारिकतामा रूपान्तरण भएको हुनेछ ।

ग) माध्यमिक तहमा कक्षा दोहोर्याउने र कक्षा छोड्ने दरमा न्यूनीकरण गर्नु तथा उतीर्ण दरमा बृद्धि भएको हुने र माध्यमिक तहमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगमा बालबालिकाको पहुँच अभिबृद्धि भै सिकाइमा सुधार भएको हुनेछ ।

घ) शिक्षकको क्षमता विकाश तथा जवाफदेहिता र जिम्मेवारी बोधमा सुधार भै सबै विद्यालयहरू सुरक्षित, मैत्रीपूर्ण तथा शैक्षिक वातावरणमा सुधार भएको हुनेछ ।

ङ) माध्यमिक तहको शिक्षामा परिवार र समुदायको सङ्लग्नतामा अभिवृद्दि भएको हुनेछ ।

च) माध्यमिक तहको शिक्षा प्रयोगात्मक र व्यवहारिक भएर विद्यार्थीहरूले विभिन्न सीप हाँसिल गरेका हुनेछन्

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०)मा भर्ना (सामुदायिक) | १०६४ | ११०० | ११४० | ११६० | ११८० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना | ७९७ | ८२० | ८४० | ८६० | ८८० |
| ३ | कक्षा ९-१२ मा शिक्षक:विद्यार्थी अनुपात | १:४३ | १:४० | १:३६ | १:३५ | १:३३ |
| ४ | कक्षा ९-१० को कूल भर्नादर | ८६.९ | ८८ | ९० | ९२ | ९४ |
| ५ | कक्षा ९-१० को खूद भर्नादर | ७८.५ | ८० | ८३ | ८६ | ९० |
| ६ | कक्षा ११-१२को कूल भर्नादर | ६७ | | ८० | ८५ | ९० |
| ७ | कक्षा ११-१२ को खूद भर्नादर | ३६ | | ४० | ५५ | ६५ |

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ११-१२ का लागि इन्टर्नसीप | जना | १०० | ० | १० | १० | १० | १० | ५० | १०० |
| २ | अति विपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति | सङ्ख्या | १०० | ० | १० | १० | १० | १० | ५० | ५० |
| ३ | नगरपालिका अनुदानबाट शिक्षक व्यवस्थापन | जना | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० | निरन्तर |
| ४ | विज्ञान, गणित लगायतका विषयका लागि प्रयोगशाला स्थापना तथा सुधार | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | शिक्षकलाई प्रोत्साहन एंवम् पुरस्कार तथा सम्मान | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | शिक्षक तथा विद्यार्थीहरुलाइ मनोसामाजिक परामर्श तालिम | जना | ३०० | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० |
| ७ | शैक्षिक भ्रमण तथा सिकाइ आदान-प्रदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षकको क्षमता विकाश तालिम, पेसागत सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | शिक्षकले प्र. अ र प्र.अले शिक्षा शाखासँग कार्यसम्पादन सम्झौता | विद्याल य | ४५ | ९ | ९ | ९ | ९ | ९ | ४५ | |
| १० | चौमासिक प्रतिवेदन तथा कार्ययोजना | विद्यालय | ४५ | ९ | ९ | ९ | ९ | ९ | ४५ | |
| ११ | कक्षा ११-१२ का विद्यार्थीका लागि परियोजना कार्य | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| १२ | विद्यालय पुस्तकालयको क्षमता विस्तार, पुस्तक थप तथा प्रयोग र व्यवस्थापन | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

### ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

#### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम राष्ट्रिय शिक्षा निती २०७६ ले श्रमबजारको आवश्यकताको आधारमा सीप नक्साङ्कन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना गर्ने कुरा उल्लेख गरेको छ । १६ औं पञ्चवर्षीय योजनाले निजी क्षेत्रमा गैरसरकारी क्षेत्र स्थानीय तह र विकाश साझेदारहरूसँग को सहकार्यमा व्यवसायिक शिक्षा र तालिमका अवसरहरूमा विस्तार गर्ने रणनीति लिएको छ । जीवनोपयोगी शिक्षा र सीपमूलक तालिमलाई मानवीय क्षमता र दक्षता अभिवृद्धी गर्न, रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्न तथा सुशासन, सामाजिक न्याय र समृद्धि कायम गर्नका लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको योगदान अहम् रहेको हुन्छ । आफ्नो साधान स्रोतको परिचालन गरी विश्व बजारमा वस्तु तथा सेवाको आपूर्तिमार्फत अर्थतन्त्र सुदृढ गर्न प्राविधिक शिक्षा अपरिहार्य छ । साधारण शिक्षाले विकाशमा मद्दत पुर्याउँदछ भने प्राविधिक शिक्षाले आर्थिक विकाशमा मद्दत पुर्याउदछ । शिक्षालाई सीपसँग , सीपलाई रोजगारसँग ,रोजगारलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न प्राविधिक तथा व्यवसायिक प्रकृतिका विषयहरू विद्यालय शिक्षामा समावेश गर्न अपरिहार्य छ । माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खानसक्ने आधारभूत व्यवसायिक सीप र दक्षता सहितको प्राविधिक शिक्षा दिन आवश्यक द्छ । माध्यमिक तहको उत्पादन कम्तिमा पनि स्थानीयस्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशिलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आयआर्जनमा संलग्न भै आत्मनिर्भर र स्वावलम्वी बन्न सक्ने हुनुपर्दछ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकतामा आधारित सीप नक्साङ्कन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप प्रदायक संस्था स्थापना गरिनेछ भन्ने कुरा अघी सारेको छ । जीवनपयोगी शिक्षा र सीपमूलक

तालिमलाई मानवीय क्षमता र दक्षता अभिवृद्दि गर्दै सामाजिक र आर्थिक रूपान्तरणको आधारशिला मानिएको छ ।

माध्यिमिक तहका अधिकांश विद्यार्थीहरूलाई कामको संसारमा जान आवश्य प्राविधिक ज्ञान सीप र व्यवसायिक सोचको विकाशका लागि आवश्य प्राविधिक शिक्षाको पहुँच पालिकामा निकै कम छ । शितल मावि चौरजहारीमा ४८ कोटामा कक्षा ९-१२ को सिभिल इन्जीनियरिङ र हिमालय मावि खेलागाउँमा कक्षा १० पछिको प्रि-डिप्लोमा बालीविज्ञान कार्यक्रम सञ्चालनमा रहेको छ । माध्यमिक तहमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको १२ प्रतिशतमात्र प्राविधिक शिक्षामा अध्ययनरत रहेका छन् ।यस नगरपालिकामा माध्यमिक तहमा रहेका कूल १९२४ जना बालबालिकामा २३२ जनाले यहि पालिकाको प्राविधिक शिक्षामा भर्ना भएर अध्ययन गरेका छन् ।
हिमालय माविमा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रमको कूल खर्च रू. २०,००,००० भए तापनि प्राविधिक शिक्षा कार्यक्रमको कूल खर्च रू. ७,००,००० मात्र अनुदान उपलब्ध भैरहेको छ ।उक्त कार्यक्रमबाट उत्पादित जनशक्तिले व्यवसायिक कृषि फारामहरू सञ्चालन गरी स्वरोजगार भैरहेकाछन् भने सिभिल इन्जिनियरिङका विद्यार्थीहरूले निर्माण क्षेत्रमा काम गरिरहेका छन् ।

### ३.४.२ उद्देश्य

चौरजहारी नगरपालिकामा प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सीपमूलक र रोजगारउन्मुख जनशक्ति तयार गर्न निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ ।

(क) सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसर सिर्जना गर्नु,

(ख) नगरपालिकाभित्र भएका प्राकृतिक र मानव निर्मित स्रोत साधनहरूको उपयोग गरी रोजगारमूलक, सीपमूलक र उत्पादनशील जनशक्तिको निर्माण गरी नागरिकको आर्थिक अवस्थामा सुधार ल्याउनु ।

(ग) प्राविधिक तथा व्यवसायिक शिक्षाबाट उत्पादन हुने जनशक्तिका लागि स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारीको अवसर उपलब्ध गराउने

३.४.३ रणनीतिहरू

प्राविधिक तथा व्यवसायिक तालिमका लागि तय गरिएका माथि उल्लेखित उद्देश्यहरू पुरा गर्न निम्न बमेजिमका रणनीतिहरू अवलम्बन गरिनेछ ।

(क) माध्यमिक तहमा रहेका विद्यार्थीमा कम्तिमा २० प्रतिशत विद्यार्थीका लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच सुनिश्चत गर्ने र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने ।

(ख) स्थानीयस्तरमा पाईने विधिन्न स्रोत साधनहरूको उपयोग गरी स्वरोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्ने । यसका लागि माध्यमिक तहका बालबालिकालाई विभिन्न किसिमका सीपमूलक तालिम प्रदान गरी परिचालन गर्ने र समय सापेक्ष प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको कार्यक्रम विस्तार गर्ने।

(ग) प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायवीच व्यवसायिक प्रणालीमा सुधार गर्न खोज तथा अनुसन्धान र तालिमको लागि समन्वयात्मक वातावरण तय गरी अगाढी बढाउने ।

(घ) प्राविधिक विषय सञ्चालन गरेका विद्यालयहरूको भौतिक, शैक्षिक र प्रशासनिक सुधारको लागि सम्भव भएसम्म आर्थिक स्रोतहरू जुटाउने र नँया शिक्षालयको स्थापनाका लागि प्रवन्ध मिलाउने तथा थप अध्ययन गर्ने।

(ङ) प्राविधिक विषयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नको लागि तालिम कार्यशालाहरू सञ्चालन गर्ने।

### ३.४.४ प्रमुख उपलब्धि, नतिजा, तथा परिमाणात्मक लक्ष्य

**(क) प्रमुख उपलबिध**

क० नगरपालिका सेवाक्षेत्रभित्र उपलब्ध प्राकृतिक र कृत्रिम स्रोत र साधनहरूको उपयोग र परिचालन गर्दै, आर्थिक आयआर्जन गर्न सक्ने सीपमूलक ,स्वरोजगार जनशक्तिको उत्पादन गर्ने ।

ख० नगरपालिकामा न्यूनतम थप १ वटा प्राविधिक धार भएको विद्यालय सञ्चालन भएका हुनेछ ।

ग० प्राविधिक शिक्षा अध्ययन गरेका सीपयूक्त जनशक्तिहरूले न्यूनतम स्रोत र साधनको प्रयोग गरी स्वरोजगार, उत्पादनशील र व्यवसायिक कार्यक्रमहरूमार्फत पालिकाभित्र बसोवास गर्ने सबै नागरिकहरूको आर्थिक आयआर्जनको रूपान्तरणमा टेवा पुर्याईएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिम प्रदान गर्ने विद्यालय | १ | १ | | | २ |
| २ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिममा सहभागी विद्यार्थी | २१ | २१ | | | ६० |

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यवसायिक धारको उच्च विद्यालय स्थापना र सञ्चालन | वटा | १ | १ | - | - | - | - | १ | |
| २ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | जना | २५ | ४ | ४ | ४ | ४ | ४ | २० | ५ |
| ३ | प्रयोगशाला, आई.सि.टी ल्याब र पुस्तकालय व्यवस्थापन | पटक | ३ | १ | - | - | १ | - | १ | |
| ४ | प्राविधक तथा व्यवसायिक शिक्षा सञ्चालनको लागि अध्ययन तथा कार्यविधी तयारी | पटक | १ | १ | - | - | - | - | - | |
| ५ | छोटो अवधिका आधारभूत तालिमको व्यवस्था गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीका लागि इन्टर्नसीपको प्रवन्ध | जना | १५० | ३५ | ३५ | ३५ | ३५ | १० | १५० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका वा विभिन्न कारणले औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरूलाई अनौपचारिक शिक्षाको माध्यमबाट शैक्षिक पहुँच अभिबृद्धि गर्न सकिन्छ । अनौपचारिक शिक्षा र आजीवन सिकाइले दैनिक जीवनमा हुने विभिन्न समस्याहरू हल गर्न र आफ्नो पेसा व्यावसाय सञ्चालन गर्न सहयोग पुर्याउँदछ । यस नगरपालिकाले पनि अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रवर्धनका लागि सक्रिय अनुदानबाट ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालन गरी समुदायस्तरमा विभिन्न सिकाइका कार्यक्रमहरू सञ्चालन गरिएको छ । विशेष गरी ४ वटा सामुदायिक सिकाइ केन्द्रको परिचालनबाट उक्त सिकाइ केन्द्रहरूले समुदायमा पुस्तकालयको स्थापना गरी सिकाइमा पहुँच बढाएका छन् भने विभिन्न आयआर्जन समुहको गठन र परिचालन गरी जीवनपर्यन्त सिकाइका अवसरहरूका लागि आयआर्जनसम्बन्धी तालिम र क्षमता विकाशका कार्यक्रमहरू पनि सञ्चालन भएका छन् । रूकुम पश्चिम जिल्लाको शैक्षिक क्षेत्रमा तुलनात्मक रूपमा सही मार्गमा रहेको र शैक्षिक सुधारका प्रयासहरू थालेको यस नगरपालिकाको कूल साक्षरता दर ७४.४ रहेकोमा पुरूषको साक्षरता दर ८१.४ प्रतिशत र महिलाको साक्षरता दर ६८ प्रतिशत रहेको छ (जनगणना २०७८)। जनगणना २०७८ अनुसार यस नगरपालिकामा ५ वर्षभन्दा माथिका सबै जनसङ्ख्याको साक्षरता निम्नबमोजिम रहेको ५ ।

| उमेरगत जनसङ्ख्या | | | साक्षर जनसङ्ख्या | | | निरक्षर जनसङ्ख्या | | | साक्षर… | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५+ | १५+ | १५ - २४ | ५+ | १५+ | १५- २४ | ५+ | १५+ | १५- २४ | ५+ | [illegible] |
| २६२१३ | १९९३३ | ६५५८ | १९४९८ | १३४८६ | ६३७४ | ६७१५ | ६४४७ | १८४ | ७४.४ | ६[illegible] |

विभिन्न सामाजिक तथा आर्थिक कारणले यस नगरपालिकामा पनि केही बालबालिकाहरू अझैपनि विद्यालय बाहिर रहेको अवस्था छ । विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउन तथा उनीहरूलाई अनौपचारिक शिक्षाका माध्यमबाट सिकाइ सहजीकरण गर्नका लागि सामुदायिक सिकाइ केन्द्र र अन्य माध्यमबाट पनि प्रयासहरू भएका छन् । औपचारिक शिक्षाबाट बञ्चित भएका युवा तथा विभिन्न समुहलाई उत्पादमुखी क्रियाकलापहरूमा संलग्न राखि उनीहरूलाई जीवनपर्यन्त सिकाइ र क्षमता विकाशका अवसरहरू प्रदान गर्नु तथा जीवनपर्यन्त सिकाइलाई विद्यालय तहसम्म जोड्नु आवश्यक छ ।

### ३.५.२ उद्देश्य

(क) औपचारिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका सबै नागरिकका लागि समता सहितको साक्षरता र आजीवन तथा निरन्तर सिकाइका अवसरहरू प्रदान गर्नु ।

(ख) सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकाश, विस्तार र परिचालनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

(ग) विद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका वा बीचैमा कक्षा छोडेका तथा औपचारिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शैक्षिक मूलधारमा ल्याउनु।

(घ) अनौपचारिक शिक्षा तथा निरन्तर एवंम् जीवनपर्यन्त शिक्षाको विकाश तथा विस्तार गरी साक्षरता अभिवृद्धि गर्न साक्षरता कार्यक्रम सञ्चालन गर्नु तथा सिकाइ अभिबृद्धिका लागि विभिन्न किसिमका आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन गर्नु ।

### ३.५.३ रणनीति

(क) सामुदायिक सिकाइ केन्द्रहरू मार्फत विभिन्न आयआर्जन तथा सीप विकाशसँग सम्बन्धित क्षमता विकाशका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ख) सामुदायिक सिकाइ केन्द्रको विस्तार र थप स्तरोन्नतीको लागि स्थानीय सरकार, प्रदेश सरकार र सङ्घिय सरकारसँग समन्वय र सहकार्य गरी अघि बढ्ने ।

(ग) सरोकारवालाहरूसँग को समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक तथा खुला सिकाइ कार्यक्रमलाई प्रवर्धन गर्ने ।

(घ) सामुदायिक सिकाइ केन्द्, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम र अभिभावक परिचालन गरी अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमलाई समतामूलक र पहुँचयोग्य बनाई नागरिकका दैनिक समस्याहरू हल गर्ने वातावरण सुनिश्चित गर्ने ।

(ङ) अनौपचारिक शिक्षा, साक्षरता कार्यक्रम, निरन्तर शिक्षाजस्ता कार्यक्रमहरू सञ्चालन गर्ने तथा समुदायस्तरमा आमा समुह, आयआर्जन समुह युवा क्लब तथा विभिन्न समुहहरू सङ्गठित तथा परिचालन गर्ने।

(च) औपचारिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन तथा सहायता प्रदान गर्ने ।

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) औपचारिक शिक्षाबाट बञ्चित भएका सबै नागरिकका लागि साक्षरता शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसरहरू प्राप्त भएर पूर्ण साक्षर नगरपालिका भएको हुनेछ।

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकाश भै समुदायस्तरमा सीप विकाश, आजीवन सिकाइका क्रियाकलापहरू तथा अभिभावकहरूको क्षमता विकाश र सिकाइ अभिबृद्धि भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ |
| २ | साक्षरता प्रतिशत | ७४.४ | ७५ | ७६ | ७८ | ८० |
| ३ | सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालय | ४ | ४ | ४ | ४ | ४ |

३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रत्यक वर्ष निरक्षरहरूको तथ्याङ्क संकलन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | साक्षरता र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | सामुदायिक सिकाइ केन्द्रको अनुगमन, निरीक्षण र सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र क्षमता विकाश | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन | वटा | २ | १ | १ | - | - | - | २ | |
| ६ | सिकाइ केन्द्रमा पुस्तकालयको स्थापना र सुदृढीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | आयआर्जन समुहको क्षमता विकाश र परिचालन डिजिटल शिक्षा सहित | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

कुनै पनि राष्ट्रको समग्र शैक्षिक पद्धतिलाई मार्गदर्शन गर्ने प्रमुख आधार पाठ्यक्रम हो । पाठ्यक्रम भनेको एक शैक्षिक योजना तथा शिक्षण सिकाइ प्रक्रियाको मार्गदर्शक दस्तावेज हो जसले एक निश्चित समय अवधिमा विद्यार्थीलाई के सिकाउनु पर्छ भन्ने कुरा निश्चित गर्दछ । पाठ्यक्रमले विद्यार्थीको शैक्षिक, मानसिक र सामाजिक विकाशका लागि उद्देश्यहरू निर्धारण गर्नुका साथै सिकाइका लक्ष्यहरू, विषयवस्तु, सिकाइ विधिहरू, र मूल्याङ्कनका प्रक्रियालाई समेट्छ । पाठ्यक्रम समयानुसार विकाश, परिवर्तन र परिमार्जन भइरहने प्रक्रिया हो । पाठ्यपुस्तक पाठ्यक्रममा समावेश गरिएको विषयवस्तु र सिकाइ सामग्रीलाई व्यवस्थितसँग र सुद्ध तरिकाले प्रस्तुत् गर्ने पुस्तक हो । पाठ्यपुस्तक पाठ्यक्रमका आधारमा तयार गरिन्छ । यसले विद्यार्थीलाई पठन, लेखन र सोचाइका लागि आवश्यक जानकारी प्रदान गर्नुका साथै विभिन्न चित्र, तालिका र उदाहरणहरू मार्फत विद्यार्थीहरूलाई पाठ्यवस्तु सहज रूपमा बुझ्न सहयोग गर्दछ । शिक्षण सिकाइमा विद्यार्थीको सक्रिय सहभागिताका लागि र सिकाइलाई प्रभावकारी एवंम् जीवन्त बनाउन प्रयोग गरिने विभिन्न साधन र स्रोतहरूलाई सिकाइ सामग्री भनिन्छ । विद्यार्थीको सिकाइलाई सरल सहज र मनोरन्जनात्मक बनाउन विभिन्न सिकाइ सामग्रीहरूको प्रयोग गरिन्छ । यसमा प्रिन्टेड सामग्री, डिजिटल सामग्री, र प्रयोगात्मक सामग्री समावेश हुन्छन् जस्तैः चार्ट, पोस्टर नमुना मोडेल, भिडियो, अनलाइन पाठ्यक्रम, वेब साइटहरू आदि । त्यसैगरी मूल्याङ्कन भनेको विद्यार्थीको सिकाइ र विकाशकोस्तरलाई मापन गर्ने प्रक्रिया हो जसले विद्यार्थीको प्रगति र विकाशको स्थिति पत्ता लगाउँछ । मूल्याङ्कनले शिक्षकलाई शिक्षण प्रक्रियामा सुधार गर्न र विद्यार्थीलाई सिकाइमा मार्गदर्शन गर्न मद्दत पुर्याउँछ । यसप्रकार पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन शिक्षाका महत्वपूर्ण क्षेत्रहरू हुन्, जसले

शिक्षण र सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन मद्दत गर्छन् यी सबै पक्षहरू आपसमा अन्तरसम्बन्धित छन् र समग्र शिक्षण-सिकाइ प्रक्रियाको गुणस्तर बढाउन महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाले सर्वप्रथम विद्यालय तहको पाठ्यक्रमलाई व्यवस्थित रूपमा दस्ताबेजीकरण गरेको थियो भने पाठ्यक्रम निर्माण र विकाशका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकाश केन्द्रको स्थापना भएको थियो । पाठ्यक्रम विकाश केन्द्रको स्थापना र यसको गतिशीलतासँगै विद्यालय तहको पाठ्यक्रममा समयानुकुल विकाश, परिमार्जन तथा अध्यावधिक गर्ने कार्यको निरन्तरता स्वरूप विद्यालय तहको मार्गदर्शक दस्तावेजको रूपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ तयार भै देशभर लागु गरियो । हाल विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भै कार्यान्वयनमा रहेको छ । सोही अनुसार वि.सं. २०७७ देखि सम्ममा विद्यालय तहका सबै कक्षाहरू (कक्षा १- १२) मा यो पाठ्यक्रम लागु भै कार्यान्वयन भैरहेको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकाश तथा कार्यान्वयन गरिनुका साथै विषयवस्तु र सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा र कार्यघण्टामा निर्धारण गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको प्रकृतिअनुसार २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य, सामुदायिक कार्य र आन्तरिक मूल्याङ्कन लगायतका व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ भने, विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा आधारित गरी व्याख्या गर्ने प्रावधान छ । त्यसैगरी सिकाइ सहजीकरणको माध्यम भाषा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा, वा बहुभाषाको प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ । कक्षा ४ देखि ८ सम्म स्थानीय तहको समन्वय र सहयोगमा स्थानीय विज्ञ, अभिभावक र सरोकारवालाहरूको सङ्लग्नतामा मातृभाषा/ स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने प्रावधान छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीनतम आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम र कक्षा १२ सम्म एकलपथीय पाठ्यक्रम ढाँचा अवलम्बन गर्ने कुरा सुझाएको छ ।

यस चौरजहारी नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पनि विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरे वमोजिमका विभिन्न क्रियाकलापहरू र गतिविधिहरू सञ्चालन भैरहेका छन् । नगरपालिका अन्तर्गतका सबै विद्यालयहरूमा एकरूपता कायम हुनेगरी विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयनमा रहेको छ । नगर शिक्षा शाखाको आयोजनामा हरेक वर्ष आवश्यकतानुसार पाठ्यक्रम प्रवोधीकरण तालिम सञ्चालन गरिनुका साथै शिक्षण सिकाइमा पाठ्यक्रमको अनिवार्य प्रयोग गर्नुपर्ने कुरामा जोड दिँदै आइएको छ । स्थानीय पाठ्यक्रम विकाश तथा कार्यान्वयन मार्गदर्शन २०७४ अनुसार स्थानीय तहको समन्वय र सहयोगमा स्थानीय विज्ञ, शिक्षक, अभिभावक र सरोकारवालाहरूको सङ्लग्नतामा स्थानीय विषय 'हाम्रो चौरजहारी' को पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । स्थानीय पाठ्यक्रमले स्थानीय परिवेश र अवस्थाको बारेमा बुझाउन महत्वपूर्ण भूमिका खेल्ने भएकाले चौरजहारी नगरपालिकाले पनि स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण र प्रयोगलाई उच्च प्राथमिकता दिएको छ र प्रभावकारी कार्यान्वयन गर्ने गरी योजना बनाएको छ। विद्यालय तह पुरा गरिसकेपछि पेशा, व्यवसाय तथा रोजगारीमा जान चाहनेहरूका लागि तयारी गराउने उद्देश्यले नगरपालिकाभित्रका दुईवटा माध्यमिक विद्यालयहरूमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरी प्राविधिक धारका कक्षाहरू पनि सञ्चालन भैरहेका छन् । यसैगरी यस नगरपालिकाभित्रका केही आधारभूत विद्यालयहरूमा पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहयोग होस् भन्ने हेतुले स्थानीय सरकार र गैर सरकारी संस्था KISC EQUIP को साझेदारीमा विद्यालय रूपान्तरण कार्यक्रम (School Transformation Program) सञ्चालनमा आइरहेको छ । यसबाट विद्यालयहरूको शैक्षिक, तथा भौतिक रूपान्तरणमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा नगरपालिकाले राखेको छ ।

पाठ्यक्रमलाई कार्यान्वयन गर्न सघाउने महत्वपूर्ण र पहिलो साधनको रूपमा पाठ्यपुस्तकलाई लिइन्छ र पाठ्यक्रमले राखेको उद्देश्य पुरा गर्न पाठ्यपुस्तक तयार गरिन्छ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था छ । सोही वमोजिम यस चौरजहारी नगरपालिकाले पनि नगरपालिका क्षेत्रभित्रका कक्षा १ देख १० सम्म

सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई शैक्षिक सत्रको शुरूमा नै पाठ्यक्रम विकाश केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तकहरू निःशुल्क उपलब्ध गराउँदै आइरहेको छ । नगरपालिकाभित्रका अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने पाठ्यक्रम विकाश केन्द्रको स्वीकृतिमा नीजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित पुस्तकहरू प्रयोग गर्दै आईरहेको पाइन्छ । यसैगरी संस्थागत विद्यालयहरू लगायत केही सामुदायिक विद्यालयहरूले तल्लो कक्षादेखि नै अग्रेजी माध्यमका पाठ्यपुस्तकहरू अध्ययन अध्यापन गराईरहेका छन् । कक्षा ४ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण भै कार्यान्वयनमा आएको भएपनि स्थानीय विषयका पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरू निर्माण गर्न सकिएको छैन । निकट भविष्यमा स्थानीय विषयका पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरू पनि निर्माण गरी कार्यान्वयनमा ल्याउने योजना नगरपालिकाको रहेको छ । सूचना तथा सञ्चार प्रविधिको उचित पहुँच र विकाश भैनसकेको हाम्रो परिवेशमा विद्यार्थीहरूको एकमात्र विकल्पको रूपमा पाठ्यपुस्तकलाई लिएको पाइन्छ । विद्यालयहरूमा ई-पुस्तकालयको प्रवन्ध गर्न सकेमा यसबाट शिक्षक र विद्यार्थीहरूले पाठ्यक्रम, पाठ्यपुस्तक, अन्य सन्दर्भ सामग्रीहरू लगायतका विभिन्न डिजिटल सामग्रीहरू सजिलै प्रयोग गर्न सक्ने भएकोले योजनाको यस अवधिमा नगरपालिकाले यस तर्फ विशेष ध्यान दिने छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र उद्देश्य प्राप्तिमा सहयोग पुर्याउनका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरूको महत्वपूर्ण स्थान रहन्छ । सिकाइ सामग्रीले शिक्षण र सिकाइलाई सहज र प्रभावकारी बनाउँछ। यसमा भौतिक र डिजिटल सामग्रीहरू पर्दछन् । सिकाइ सहजीकरणका समयमा शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्री जति प्रयोग गर्न सकियो त्यति नै सिकाइ सरल, सहज र दीर्घकालिन हुन्छ । यसो भए तापनि चौरजहारी नगरपालिकाको सन्दर्भमा हेर्दा हाल पालिकाका धेरैजसो विद्यालयहरूमा सिकाइ सामग्रीहरूको उपलब्धता र प्रयोगको मात्रा अपेक्षा गरेभन्दा न्यून रहेको देखिन्छ । विद्यालयहरूमा सीमित मात्रामा भौतिक सिकाइ सामग्री उपलब्ध छन् भने डिजिटल सिकाइ सामग्रीको पहुँच न्यून रहेको देखिन्छ । पालिकाभित्रका अधिकांस सामुदायिक विद्यालयहरूमा प्रति विद्यार्थी लागत स्वरूप नगरपालिकाबाट प्राप्त अनुदान रकमबाट उक्त सामग्रीहरू खरिद र प्रयोग गर्ने व्यवस्था गरिएको भए तापनि विद्यालयमा प्रभावकारी अनुगमन र नियमन नहुँदा उक्त

सामग्रीहरूको व्यवस्थापन र उचित प्रयोग भएको देखिँदैन । कतिपय विद्यालयहरूमा स्थानीय स्रोतहरूबाट तयार गरिएका सिकाइ सामग्रीको प्रयोग हुने गरेको छ भने कुनै कुनै विद्यालयहरूले आफ्नै स्रोतबाट सिकाइ सामग्रीहरू खरिद गरी प्रयोग गरेको पनि पाइन्छ । हाल आएर नगरपालिकाले विद्यालयहरूमा सूचना प्रविधि र डिजिटल सामग्रीको प्रयोगलाई उच्च प्राथमिकता दिएसँगै नगरपालिका र अन्य गैर सरकारी संस्थाहरूको सहयोगमा कतिपय सामुदायिक विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT LAB को स्थापना गरी प्रयोगमा ल्याईएको छ । पालिकाभित्रका सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा इन्टरनेट जडान गरी विद्यालयहरूलाई डिजिटल प्रविधिको प्रयोगमा अग्रसर बनाउने प्रयास गरिएको छ

शिक्षामा गुणस्तर सुधारका लागि विद्यार्थी मूल्याङ्कनको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। चौरजहारी नगरपालिकाले सबै तहमा पाठ्यक्रमले निर्दिष्ट गरेको मूल्याङ्कन पद्धति अवलम्बन गर्न खोजे पनि मूल्याङ्कन प्रणाली परम्परागत स्वरूपमै सीमित देखिन्छ । विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अंगको रूपमा स्थापित गर्न सकिएको अवस्था छैन । अधिकांश विद्यालयहरूमा वार्षिक परीक्षा प्रणालीलाई नै मूल्याङ्कनको मुख्य आधारको रूपमा लिइएको अवस्था छ भने आन्तरिक मूल्याङ्कनमा नियमितता र एकरूपताको कमी छ । कक्षा १- ३ सम्म कक्षा कोठामा आधारित निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नती गर्ने नीतिलाई विद्यार्थी कुनै पनि हालतमा अनुतीर्ण गर्न नहुने गलत बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कनले सार्थकता पाउन सकेको छैन । तथापि नगरपालिकाले विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन र पालिकाभित्रका सबै विद्यालयहरूमा विद्यार्थी मूल्याङ्कनमा एकरूपता कायम गर्न कक्षा ८ र कक्षा ५ को वार्षिक परीक्षामा पालिका तहबाट स्थानीय विज्ञ शिक्षकहरूबाट प्रश्नपत्र निर्माण गरी स्तरिकृत परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षण र अक्षराङ्कन मूल्याङ्कन पद्धतिअनुसार नतिजा प्रकाशन गर्ने परिपाटीको शुरूवात गरेको छ । यसलाई विद्यार्थी परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास मान्नुपर्दछ भने अन्य कक्षाहरूमा समेत क्रमशः स्तरिकृत परीक्षा सञ्चालन र व्यवस्थापन गर्नु आवश्यक देखिन्छ । यसैगरी त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाजस्ता औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गर्ने, आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा विकाश

गरी कक्षाकोठामा आधारित निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने, आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्थापन गर्ने, विद्यालय तहका सबै कक्षाहरूमा स्तरिकृत परीक्षाको प्रारम्भ र अक्षराङ्कन मूल्याङ्कन पद्धतिअनुसार नतिजा प्रकाशन गर्ने तथा परीक्षा लगायत मूल्याङ्कनका साधन र विधिहरूलाई प्रभावकारी बनाउने लगायतका कार्यहरूमा सुधारको खाँचो देखिन्छ ।कक्षा ८, १० र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्ने आवश्यकता छ । विद्यालयमा आधारित मूल्याङ्कनको नतिजा विश्लेषण र प्रबोधीकरण कार्यलाई सुदृढ, व्यवस्थित र अनिवार्य गर्न सकिएको छैन, जसले गर्दा मूल्याङ्कन औपचारिकतामा मात्र सिमित देखिन्छ ।

यसप्रकार चौरजहारी नगरपालिकाले शिक्षामा गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, पाठ्यपुस्तकको कार्यान्वयन, सिकाइ सामग्रीको उचित प्रयोग र व्यवस्थापन, मूल्याङ्कन प्रणालीमा समयसापेक्ष सुधार लगायतका विभिन्न कुराहरूमा ध्यान दिएको भए पनि व्यवहारिक रूपमा विभिन्न चुनौतीहरू देखिन्छन् । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकहरूको व्यवस्था गर्नु, स्थानीय पायठ्क्रम र पाठ्यसामग्री प्रयोगका लागि क्षमता विकाश गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्क्रम र पाठ्यसामग्री सम्बन्धि अभिमुखीकरण गर्नु, स्थानीयस्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यकपर्ने संरचनाको स्थापना गर्नु, स्थानीय पाठ्क्रमलाई समयअनुसार अद्यावधिक गर्नु, अपाङ्गता भएका बालबालिकाको लागि अनुकूल पाठ्यसामग्री र सिकाइ सामग्रीको व्यवस्था गर्नु, विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सिकाइ सामग्रीको पहुँच सुनिश्चित गर्नु, सिकाइ सामग्रीको विकाशको लागि बजेटको व्यवस्थापन गर्नु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूलाई तालिम प्रदान गर्नु, मूल्याङ्कन प्रणालीलाई व्यवहारिक र प्रयोजनमूलक बनाउनु आदिजस्ता विषयहरू पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा देखिएका प्रमुख चुनौतिहरू हुन् ।

माथि उल्लेखित चुनौतीसँग सँगै प्रशस्त अवसरहरू पनि रहेका छन् । पाठ्यपुस्तकहरू समयमै उपलब्ध हुनु, सबै सामुदायिक विद्यालयहरूका माध्यमिक तहसम्म अध्ययनरत विद्यार्थीहरूले निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्नु, तुलनात्मक रूपमा पहिलेको भन्दा पाठ्यपुस्तक छपाई, गुणस्तर र डिजाइनमा सुधार हुनु, विभिन्न वेबसाइटहरूमा

पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीहरू पढ्न मिल्ने गरी उपलब्ध हुनु, स्थानीय सरकारले विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT LAB को व्यवस्थापनमा सहयोग गर्नु, सशर्त अनुदान अन्तर्गत पालिकाद्वारा सामुदायिक विद्यालयहरूमा बुक कर्नरका लागि रकम निकाशा हुनु, चौरजहारी  नगरपालिकाको आफ्नै स्थानीय पाठ्यक्रम निर्माण भै कार्यान्वयनमा आउनु, आधारभूत तह कक्षा १-५ मा अध्ययनरत विद्यार्थीहरूलाई निःशुल्क पोशाक तथा लेख्ने कपी उपलब्ध गराउनु जस्ता पक्षलाई पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा विद्यार्थी मूल्याङ्कन प्रणालीमा देखिएका अवसरहरूको रूपमा लिन सकिन्छ ।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, र गुणस्तर प्राप्तिका लागि प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु ।
२. स्थानीय परिवेश, ज्ञान, सीप र प्रविधिमा आधारित भै  निर्माण गरिएको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समयसापेक्ष परिमार्जन गर्नु ।
३. स्थानीय पाठ्यक्रमअनुसारको पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको उत्पादन, वितरण र प्रयोग गर्नु ।
४. सिकाइलाई विद्यार्थीको दैनिक जीवनसँग  सम्बन्धित हुनेगरी विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
५. शिक्षणमा सिकाइ सामग्री र सन्दर्भ सामग्रीको प्रयोगमा जोड दिनुका साथै शिक्षण सिकाइलाई  प्रविधिसँग  सम्बन्धित गराई विद्यार्थीको सिकाइलाई प्रभावकारी र अर्थपूर्ण बनाउनु ।
६. सिकारूका सिकाइ समस्या समाधानउन्मुख निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धति अवलम्बन गरी सिकाइमा सुधार गर्नु ।
७. पालिकास्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कनका क्षेत्रमा काम गर्नका लागि उपयुक्त संरचना र जनशक्तिको विकाश गर्नु ।

४.१.३ रणनीति

१.विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले राखेका उद्देश्य प्राप्तिका लागि पालिकाभित्रका विद्यालयहरूमा पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

२.आवश्यकतानुसार शिक्षक तथा सरोकारवालाहरूलाई परिवर्तित पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन सम्बन्धमा प्रबोधीकरण तथा अभिमुखीकरण गरिने छ ।

३.स्थानीयस्तरमा उपलब्ध विज्ञ शिक्षक, अभिभावक र सरोकारवालाहरूको सहभागितामा अपनत्व र जवाफदेहिता विकाश हुनेगरी स्थानीय परिवेश सुहाउँदो स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

४.स्थानीय पाठ्यक्रमलाई आवश्यकतानुसार समय सापेक्ष र सान्दर्भिक बनाउन परिमार्जन तथा सुधार गर्रिंदै लगिने छ र यस्तो पाठ्यक्रम र पाठ्यसामग्रीका सम्बन्धमा सम्बन्धित शिक्षक र सरोकारवालाहरूलाई प्रबोधीकरण गरिने छ ।

५.स्थानीय पाठ्यक्रमअनुसार स्थानीय विषयका पाठ्यपुस्तक र पाठ्यसामग्रीहरू निर्माण गरी पालिकाभित्रका विद्यालयहरूमा वितरण गारिनुका साथै अनिवार्य प्रयोग गर्न लगाइने छ ।

६.सिकाइलाई दैनिक जीवनसँग जोड्न स्थानीय परिवेश र भौगोलिक अवस्था अनुकूलको विषयवस्तुलाई सिकाइ क्रियाकलापमा समावेश गरी सिकाइ सहजीकरण मार्फत **बालबालिक**हरूको ज्ञान, सीप र व्यवहार विकाशमा टेवा पुर्याइने छ ।

७. कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियामा सिकाइ सामग्री र सन्दर्भ सामग्रीको प्रयोगमा जोड दिन प्रोत्साहन गर्नुका साथै शिक्षण सिकाइलाई प्रविधिसँग सम्बन्धित गराई विद्यार्थीको सिकाइलाई प्रभावकारी र अर्थपूर्ण बनाउन आवश्यक सहयोग र सहजीकरण गरिने छ ।

८. परम्परागत पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइलाई बालकेन्द्रित, लैङ्गिक र अपाङ्गमैत्री बनाई सूचना तथा सञ्चार प्रविधिको उचित प्रयोग गर्दै बढि सहभागीतामूलक, अन्तरक्रियात्मक, खोजमूलक र समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई गरिने छ । प्रारम्भिक कक्षाहरूको शिक्षण सिकाइमा पाठ्यपुस्तकको प्रयोगलाई न्यूनीकरण गरिने छ ।

९. सबै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावस्यक पूर्वाधार विकाश तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकाश गरी कक्षागत वा तहगत रूपमा प्रविधिमा आधारित शिक्षण सिकाइलाई परीक्षणमा ल्याइने छ ।

१०. विद्यार्थी मूल्याङ्कनलाई सिकाइको अभिन्न अंगका रूपमा स्थापित गरी तहगत र कक्षागत पाठ्यक्रम अनुरूप निरन्तर, र आवधिक मूल्याङ्कन तथा आन्तरिक र वाह्य मूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

११. आधारभूत तथा माध्यमिक तहका परीक्षाहरूमा अभिभावक तथा स्थानीय तहका प्रतिनिधिहरूलाई अनुगमन गर्ने वातावरण मिलाई परीक्षालाई थप सुधार गरिने छ ।

१२. आवधिक परीक्षाको नतिजा प्रकाशन र विश्लेषणलाई अनिवार्य गरिनुका साथै अभिभावकलाई विद्यार्थीको प्रगति विवरण उपलब्ध गराउने कार्यलाई व्यवस्थित गरिने छ ।

१३. आधारभूत तहको अन्त्यमा लीने परीक्षामा सुधार गरिनुका साथै माध्यमिक तहमा हुने परीक्षाहरूलाई मर्यादित बनाई सुधार गर्न सहयोग गरिने छ ।

१४. सिकारूको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाशसँग आवद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने छ । विद्यार्थी मूल्याङ्कनलाई पारदर्शी, वस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित हुनेगरी परिमार्जन गरिने छ ।

१५. सङ्घिय सरकार र प्रदेश सरकारको सहयोग र सहकार्यका आधारमा पालिकास्तरमा स्थानीय पाठ्यक्रम विकाश, स्थानीय पाठ्यपुस्तक निर्माण, उचित सिकाइ सामग्रीको प्रयोग र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि उपयुक्त संरचना र जनशक्तिको विकाश गरिने छ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप निर्मित पाठ्यक्रम तथा पालिकास्तरबाट निर्मित स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भै यसको प्रभावकारी मूल्याङ्कन प्रणाली मार्फत दैनिक जीवनका लागि आवश्यक आधारभूत

सक्षमतासहित सृजनशील सकारात्मक सोच भएको सिर्जनशील, सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

ख) नतिजा

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार पालिकाभित्रका सबै विद्यालयहरूमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने ।

२. नगरपालिकाभित्रका सबै विद्यालयहरूमा कक्षा १- ३ सम्म व्यवहार कुशल सीपहरू सहितको एकीकृत पाठ्यक्रम तथा कक्षा १- ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण र विकाश भै कार्यान्वयन भएको हुने ।

३. स्थानीय पाठ्यक्रम निर्माण एवंम् परिमार्जन र पाठ्यपुस्तकको विकाश र प्रकाशनका लागि उपयुक्त जनशक्ति सहितको संरचना स्थापना भएको हुने ।

४. सिकाइ क्रियाकलाप बालमैत्री, स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक, भएको हुने ।

५. विद्यार्थी मूल्याङ्कन प्रणाली स्तरीकृत र व्यवस्थित भै विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार भएको हुने ।

६. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अंगका रूपमा विकाश गरी सिकाइ सुधारको माध्यमका रूपमा प्रयोग गरिनुका साथै विभिन्न तहमा सञ्चालन गरिने आवधिक तथा स्तरिकृत परीक्षाले विद्यार्थीको क्षमताको सही मूल्याङ्कन गरेको हुने ।

७. पाठ्यक्रमले राखेको उद्देश्य अनुरूपको दक्ष, प्रविधिमैत्री, सीपयुक्त जनशक्ति उत्पादन हुने ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | विद्यालय | ३७ | ३७ | ३७ | ३ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | कक्षा ८ एसइइ | ३७ | ३७ | ३७ | ३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय सङ्ख्या | | ३७ | ३७ | ३७ | ३७ |
| ४ | स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | | ३७ | ३७ | ३७ | ३७ |
| ५ | स्थानीय पाठ्यपुस्तक निर्माण र वितरणको अवस्था | ० | | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ |
| ६ | आवधिक परीक्षाको नतिजा प्रकाशन र विश्लेषण गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ३७ | ३७ | ३७ | ३७ |
| ७ | अभिभावकलाई विद्यार्थी प्रगति विवरण उपलब्ध गराउने विद्यालय सङ्ख्या | विद्यालय | - | - | - | - |

४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ | | |
| १ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | पाठ्यक्रम प्रबोधीकरण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | शिक्षकको पेसागत विकाश तथा क्षमता विकाश तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | कक्षा ५ र ८ को स्तरिकृत परीक्षा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | डिजिटल सामग्रीको प्रयोगमा सहजीकरण र अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | विद्यार्थी मूल्याङ्कन मापदण्ड (आन्तरिक, प्रयोगात्मक, वाह्य) र कक्षाकोठामा आधारित परीक्षण र मूल्याङ्कनका आधार सम्बन्धि प्रबोधीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | स्थानीय पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक निर्माण विकाश र कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | कक्षा १-३ को एकीकृत पाठ्यक्रमको प्रबोधीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | सिकाइ सामग्री र सन्दर्भ सामग्रीको वितरण र व्यवस्थापन | विद्यालय | ३७ | ३७ | - | - | - | - | ३७ | पालिका र विद्यालय |
| १० | परीक्षा र मूल्याङ्कन प्रणाली सुधारका लागि क्षमता विकाश तथा अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ११ | अंग्रजी माध्यमको पाठ्यक्रम छपाइ र वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | पालिका |

## ४.२ शिक्षक व्यवस्थापन र विकाश

### ४.२.१ वर्तमान अवस्था

यस नगरपालिकाको विद्यालय शिक्षाका गतिविधिहरूलाई प्रभावकारी रूपमा बढाउनका लागि प्रारम्भिक बालविकाश र शिक्षा तहदेखि माध्यमिक तहसम्म विभिन्न स्रोत जस्तै सङ्घिय, नगरपालिका अनुदान, शिक्षण सहयोग अनुदानबाट शिक्षक व्यवस्थापन भएको छ । नगरपालिकाले तय गरेको शिक्षक दरवन्दी मिलान कार्यविधि तथा सङ्घिय सरकारबाट प्राप्त तहगत दरबन्दी एवम् विद्यार्थी सङ्ख्या र आवश्यकतानुसार शिक्षकको प्रवन्ध गरी क्षमता विकाश र परिचालन भएको छ । शिक्षक व्यवस्थापन सँगै शिक्षकको क्षमता विकाश र परिचालन उतिकै महत्वपूर्ण हुन्छ । शिक्षकको पेसागत दक्षता र पेसागत विकाशका आधारमा नै शिक्षक परिचालित हुने र सिकाइ क्रियाकलापहरू प्रभावकारी हुने हुन्छ। यस नगरपालिकाले शिक्षक व्यवस्थापन निम्नानुसार हुने गरी प्रवन्ध मिलाएको छ ।

नगरपालिकामा प्रारम्भिक बालविकाश र शिक्षा केन्द्रमा ४५ जना, आधारभूत तह कक्षा १-५ मा जम्मा १६० जना, आधारभूत तह ६ -८ मा जम्मा ६० जना, मावि तह ९ -१२ मा जम्मा ४३ जना साथै प्राविधिक धारमा ५ जना प्रशिक्षक समेत गरेर कूल ३१३ जना शिक्षकहरू कार्यरत रहेका छन् । कार्यरत शिक्षकमा १०६ जना (३४ प्रतिशत) महिला शिक्षक रहेका छन् भने अन्य पुरूष रहेका छन् । नगरपालिकाको अनुदानमा विभिन्न तहमा गरेर जम्मा ९४ जना कार्यरत रहेका छन् भने अन्य सङ्घीय अनुदान र शिक्षण सहयोग अनुदानको रूपमा कार्यरत रहेका छन् । चौरजहारी नगरपालिकाको शिक्षक विवरण यस प्रकार रहेको छ ।

| तह | जम्मा शिक्षक | महिला | पुरूष | नगरपालिका अनुदान | सङ्घिय अनुदान | राहत | स्थायी |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकाश र शिक्षा | ४५ | ४५ | ० | १५ | ३० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १ देखि ५) | १६० | ५० | ११० | ४४ | | ३९ | ७७ |
| आधारभूत तह (कक्षा ६ देखि ८) | ६० | ९ | ५१ | २३ | २ | २० | १५ |
| माध्यमिक तह (कक्षा ९ र १२) | ४३ | २ | ४१ | १२ | ११ | ५ | १५ |
| प्राविधिक धार तर्फ | ५ | | ५ | | ५ | | |
| प्राविधिक धार तर्फ सिटिइभिटी तर्फ | ४ | | | | | | |
| जम्मा | ३१७ | १०६ | २०२ | ९४ | ४३ | ६४ | १०७ |

(शिक्षा, युवा तथा खेलकुद शाखा २०८१)

शिक्षा नियमावली २०५९,को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढि विद्यार्थी भएमा कम्तीमा ३ जना,कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।यसैअनुसार चौरजहारी गाउँपालिकामा शिक्षक दरबन्दी मिलानको कार्य भएको छ । औषतमा माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:३७ र आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात १:१७ रहेको छ । माध्यमिक तह कक्षा ११-१२ मा भने शिक्षक विद्यार्थी अनुपात १:५५ रहेको देखिन्छ । यसैबमोजिम यस नगरपालिकाले पनि शिक्षक दरबन्दी मिलान गर्ने र नगरपालिका अनुदानबाट शिक्षक व्यवस्थापन गरी प्रभावकारी शिक्षण सिकाइका गतिविधीहरू सञ्चालन गरेको अवस्था छ । शिक्षकको क्षमता विकाश र पेसागत सहयोगको क्षेत्रमा पनि नगरपालिकाले हर प्रयासहरू गरेको र थप सुधार गर्नपर्ने देखिएको छ । केही विद्यालयले प्रारम्भिक बालविकाश र शिक्षाका शिक्षकहरूलाई थप प्रोत्साहनका कार्यक्रमको व्यवस्था गरेको

भएतापनि नगरपालिकाबाट प्रारम्भिक बालविकाशका शिक्षकका लागि थप प्रोत्साहनको व्यवस्था गर्ने, शिक्षकको पेसागत हकहितमा काम गर्ने, शिक्षक पेसागत सहयोग प्रणालीको विकाश गर्ने, शिक्षकको क्षमता विकाश र उत्प्रेणाका कार्य गर्ने, सिकाइ समुह गठन, रोष्टर शिक्षक व्यवस्थापन, शिक्षकहरू बिच सिकाइ आदान-प्रदानजस्ता कार्य गराउन आवश्यक देखिन्छ । यसका अलवा शिक्षकहरूसँग को कार्य सम्पादन सम्झौता गरी प्रभावकारी मूल्याङ्कन पद्धतिको विकाश मार्फत थप सुधार गर्न सकिन्छ ।

### ४.२.२ उद्देश्य

चौरजहारी नगरपालिकाको शिक्षक व्यवस्थापनलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि निम्नानुसारको उद्देश्यहरू तय गरेको छ ।

(क) सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरी तहगत रूपमा शिक्षकको प्रभावकारी वितरण र व्यवस्थापन गर्नु र यसका लागि शिक्षक पुन;वितरण कार्य प्रभावकारी र नियमित गर्नु।

(ख) निरन्तर रूपमा पेसागत सहायता प्रणाली स्थापनासँगै शिक्षकको निरन्तर पेसागत विकाशका अवसरहरूको सुनिश्चितता गर्नु ।

(ग) शिक्षक तथा कर्मचारी प्रोत्साहन, निरन्तर पेसागत विकाश र सिकाइ आदान-प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।

### ४.२.३ रणनीति

शिक्षक व्यवस्थापनका लागि माथि उल्लेखित उद्देश्यहरू पुरा गर्नका लागि निम्नानुसारको रणनीतिहरू अवलम्बन गरिएको छ ।

(क) शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्न सङ्घ र प्रदेश सरकारसँग  समन्वय र सहकार्य गर्ने ।

(ख) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुन;वितरण तथा थप गर्ने कार्यलाई सहजीकरण गर्ने र प्राविधिक शिक्षाका लागि पनि शिक्षक व्यवस्थापन र क्षमता विकाश गर्ने ।

(ग) प्रारम्भिक बालविकाश एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि स्नातकोत्तर उत्तीर्ण हुने गरी शिक्षकको योग्यता अद्यावधिक गर्ने कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(घ) शिक्षकको निरन्तर पेसागत विकाशका लागि शिक्षण सीप विकाशसम्बन्धी छोटो अवधि र लामो अवधिका सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य र प्रभावकारी बनाईने।

(ङ) नगरपालिकास्तरीय शिक्षक पेसागत सहयोग मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि नगरपालिकामा विषयगत शिक्षक संजाल तथा आवश्यकताअनुसार अनुभबी शिक्षकहरूबाट सहयोग तथा अनुगमनको पद्धति विकाश गर्ने ।

(च) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकाशका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकाशलाई विद्यार्थीको सिकाइ सुधारसँग  सम्बन्धित गरी सोको कार्यान्वयन गर्ने ।

(छ) प्रत्येक तहमा कार्यरत शिक्षकाका लागि पुरस्कार र दण्डको अभ्यासलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाईने ।

(ज) अर्को स्थानीय तह वा जिल्लाबाट यस नगरपालिकामा सरूवा भएर आउन चाहने शिक्षकहरूका निम्ति सूचना तथा सञ्चार प्रविधिमा शिक्षकको दक्षता सहितको मापदण्डको निर्माण र कार्यान्वयनलाई प्रमुख प्राथमिकतामा राखे ।

(झ) भौगोलिक क्षेत्रका आधारमा नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्थापन गर्ने ।

(ञ) नगरपालिकाका सबै शिक्षकहरूको स्वास्थ्य बीमा निःशुल्क वा अनिवार्य गर्ने ।

(ट) अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी हुन पाउने अवसर एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने

(ठ) सबै शिक्षकहरूले सिकाइमा सुधार गर्नका लागि अनिवार्य रूपमा कार्यमूलक अनुसन्धान गर्न लगाउने र उत्कृष्ट अनुसन्धानलाई नगरपालिकावाट प्रकाशन र सम्प्रेषण गर्ने साथै शिक्षक क्षमता विकाशमा प्रविधिलाई जोड दिने ।

(ड) नगरपालिका स्तरमा सेवा निवृत्त शिक्षक र शिक्षा प्रशासनका अधिकृतहरू सम्मिलित विज्ञ टोलीको गठन गरी शिक्षकहरूको पेसागत सहयोगको कार्यमा परिचालन गरिने छ।

४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलव्धीः**

पर्याप्त मात्रामा सक्षम र पेशाप्रति अभिप्रेरित दक्ष र जिम्मेबार शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने ।

**ख) प्रमुख नतिजाः**

(क) राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत सहयोग प्रणालीको विकाश हुने ।

(ख) शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई शिक्षकको तयारी छनौट र पेसागत विकाश भएको हुने ।

(ग) तहगत रूपमा शिक्षक वितरण र बिषयगत रूपमा शिक्षक व्यवस्थापन र परिचालन भएको हुने ।

(घ) सबै तहमा शिक्षकहरूको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने र शत प्रतिशत शिक्षकहरू न्यूनतम योग्यता हाँसिल गरेको हुने ।

(ङ) शिक्षक र कर्मचारीको प्रोत्साहित भएको हुने तथा जिम्मेबार र जवाफदेही भएको हुने ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकाश र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक सहजकर्ताको सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्ता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | १० | २५ | ३५ | ४५ | १० |
| ५ | शिक्षकको पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय (%) | ० | ० | १० | ३० | ० |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक व्यवस्थापन र परिचालन तहगत रूपमा वितरण र पुन:वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | शिक्षक पेसागत सहयोग प्रणालीको विकाश र व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | अन्तरविद्यालय सिकाइ आदानप्रादन भ्रमण | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | पालिकाले प्रअ र प्र अले शिक्षकहरूसँग करार सम्झौता | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | तहगत रूपमा उत्कृष्ट कार्य गर्ने शिक्षकलाई प्रोत्साहन | वार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | एक शिक्षक एक ल्यापटप अवधारणा कार्यान्वयन | विद्यालय | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

विभिन्न कारणले बालबालिकाहरूलाई विद्यालयको पहुँच भन्दा बाहिर रहेको र उनीहरूले नियमित रूपमा आधारभूत शिक्षा हाँसिल गर्न नसकेको हामीलाई जानकारी नै छ । संविधानले प्रदान गरेको शैक्षिक अधिकारको उच्चतम प्रयोग गरी सबैका लागि समता र समावेशीता सहितको शिक्षा प्रदान गर्नु सबैको दायित्व पनि हो । समाजमा विभिन्न किसिमका बालबालिकाहरू रहेका हुन्छन् र उनीहरूलाई समतामूलक सेवा प्रवाह र पहुँच अभिबृद्धि मार्फत नै उनीहरूको विद्यालयमा पहुँचमा सुनिश्चितता गर्न सकिन्छ । हाम्रो नगरपालिकामा पनि विभिन्न क्षमता र पहुँचको अवस्था भएका बालबालिकाहरू रहेका छन् । भौगोलिक विकटता, जातीयता, सामाजिक र आर्थिक रूपमा पछाडि परेका, दलित, अपाङ्गता भएका र विभिन्न हिसावमा पछाडि परेका बालबालिका रहेका र उनीहरूलाई समता र समावेशीता सहितको पहुँच सुनिश्चित गर्नु मुख्य आवश्यकता रहेको छ । चौरजहारी नगरपालिकाभित्रका शिक्षाको पहुँचमा रहेका र पहुँच बाहिर रहेका बालबालिकाहरूलाई समावेशी, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र विपप्रतिरोधी सिकाइ वातावरणको निर्माण गरी समतामूलक पहुँच र गुणस्तरमा वृद्धि गरी प्रभावकारी शैक्षिक सेवा प्रवाह गर्नु आवश्यकता हो । नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक, र समावेशी पहुँचका लागि नीतिगत व्यवस्थाका सहित विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् ।

यसै मान्यतालाई मध्यनजर गरी हाम्रो नगरपालिकाले पनि बालबालिकाहरूको लागि दिवा खाजा, पाठ्यपुस्तक सहित माध्यमिक तहसम्मको निःशुल्क शिक्षा छात्रावृत्ति र अपाङ्गता भएका बालबालिकाहरूलाई समतामूलक र समावेशी पहुँचका लागि योगदान गरिएको छ । विद्यालय तहमा दलित, जनजाती र महिलाका लागि शिक्षक नियुक्तिको समावेशी व्यवस्था, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास समेत गरिएको छ।

यसका साथै विभिन्न कारणले पहुँच बाहिर रहेका बालबालिकालाई शैक्षिक सहायता मार्फत पनि पुहँच अभिबृद्धि गर्ने गरिएको छ।

यस चौरजहारी नगरपालिकामा विद्यालयमा उपस्थित बालबालिकाहरूमा विभिन्न तहगत रूपमा लैङ्गिक समता सूचक निम्नानुसार रहेको छ ।

| तह | लैङ्गिक समता सूचक |
|---|---|
| प्रारम्भिक बालविकाश तह | ०.७६ |
| आधारभूत तह कक्षा (१ – ५) | ०.९६ |
| आधारभूत तह कक्षा (६ – ८) | १.०४ |
| कक्षा (१– ८) | ०.९९ |
| माध्यमिक तह (९ – १०) | १.२३ |
| माध्यमिक तह (११ – १२) | १.२५ |
| माध्यमिक तह (०९– १२) | १.२४ |

माथिको तथ्याङ्क हेर्दा तल्लो तहमा छात्राको तुलनामा छात्रको सङ्ख्या बढि रहेको छ भने माथिल्लो तहमा भने छात्राको सङ्ख्या बढि नै छ ।नगरपालिको कूल जनसङ्ख्या हेर्ने हो भने प्रति १०० जना महिलामा ९३ जना पुरूष मात्र रहेका छन् । विद्यालयमा शिक्षकको अवस्था हेर्दा प्रारम्भिक बालविकाश र क्षिक्षा तहमा शत प्रतिशत महिला शिक्षक रहेका छन् भने कक्षा ५ सम्म ३१ प्रतिशत, कक्षा ६ देखि ८ सम्म १५ प्रतिशत रहेको छ भने सोभन्दा माथिल्लो तहमा करिव ५ प्रतिशत मात्र महिला शिक्षक रहेका छन् । माथिल्लो तहमा महिला शिक्षकको उपस्थिति क्रमशः बढाउदै लैजानपर्ने देखिन्छ । शैक्षिक समता र समावेशीताका लागि यस नगरपालिकाले आधारभूत तहमा अध्ययन गर्ने सम्पूर्ण छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ। लैङ्गिकमैत्री वातावरण निर्माण गर्न विद्यालयहरूमा छात्र/छात्रा शौचालय निर्माण गर्ने तथा अपाङ्गता भएका बालबालिकाको लागि अपाङ्गतामैत्री शौचालय निर्माण

र प्रयोगमा जोड दिएको छ। कक्षा ६ देखि माथिका सबै छात्राहरूलाई निःशुल्क स्यानेटरी प्याडको वितरण गरी विद्यालयले व्यवस्थापन गर्ने कार्य नियमित रूपमा गरिएको छ ।विद्यालयमा बालबालिकाको लागि हुन सक्ने दुर्व्यवहार, हिंसा, विभेद आदिजस्ता कार्यलाई रोक्नका लागि प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति तोकी गुनासो सुनुवाई संयन्त्रको निर्माण एवम् परिचालन गर्ने कार्य सबै तहका विद्यालयमा गर्न आवश्यक छ । यस नगरपालिकामा बालिका तथा समावेशी शिक्षाका लागि पालिकामा उप-प्रमुखको अध्यक्षता र नगरप्रमुखको संरक्षकत्वमा पालिकास्तरीय समिति गठन गरिएको छ । हाल माध्यमिक तहमा लैङ्गिक सम्पर्क व्यक्ति रहेता पनि सबै तवरले सबैको पहुँच सुनिश्चित हुने गरी कार्य गर्न आवश्यक देखिन्छ । यस नगरपालिकामा हाल विद्यालय बाहिर रहेका बालबालिकाहरू शुन्य रहेका छन् र यसलाई यथावत राख्न आवश्यक छ । विद्यालय तथा विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको सिकाइ सहजीकरणका लागि सामग्रीहरू तथा सहायतको कार्य प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।विशेष गरी अपाङ्गता भएका बालबालिकाको लागि सिकाइ सहजीकरण गर्नका निमित्त शिक्षकको क्षमता विकाश तथा सहजीकरणका सामग्रीहरूको उपलब्धता गराइ उनीहरूको पहुँच अभिबृद्धि गर्नु नितान्त आवश्यक देखिएको छ ।

### ४.३.२ उद्देश्य

(क) छात्र/छात्रा, महिला, दलित, जनजाति, अपाङ्गता भएका, भौगोलिक कठिनाइमा रहेका, जोखिममा परेका, सामाजिक र आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु।

(ख) शिक्षण सिकाइ प्रक्रिया र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री, अपाङ्गतामैत्री , लैङ्गिकमैत्री बनाउनु ।

(ग) सबै विद्यालयमा तथा नगरपालिकाभित्र शैक्षिक हिसावमा कुनै पनि प्रकारको विभेद, हिंसा र दुर्व्यवहार नहुने वातावरणको सुनिश्चित गर्नु ।

### ४.३.३ रणनीति

(क) विद्यालय बाहिर रहेका तथा अपाङ्गता भएका तथा विभिन्न सामाजिक तथा आर्थिक रूपमा पछाडि परेर वञ्चितीकरणमा परेका बालबालिकाको लेखाजोखा गरी उनीहरूलाई समावेशी  शिक्षाको प्रवन्ध मिलाउने ।

(ख) घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने ।

(ग) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकाश गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराउने ।

(घ) सबै सामुदायिक आधारभूत विद्यालयहरूमा दिवा खाजा सहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धि सेवा तथा शिक्षाको प्रवन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धि सेवा तथा शिक्षा प्रदान गरिनेछ

(ङ) आवश्यकतानुसार पोसाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति, अपाङ्गता भएका बालबालिहरूका लागि आवश्यकताअनुसार सहायक सामग्री र शिक्षकका लागि सहजीकरणको क्षमता विकाश तालिम उपलब्ध गराइने

(च) सिकाइका क्रियाकलापहरू सहभागितात्मक बनाई विद्यालयमा कुनै पनि किसिमको विवेद्य नहुने वातावरण सिर्जना गर्ने ।

(छ) समावेशी शिक्षा लागु गर्नको लागि शिक्षकहरूलाई आवश्यकताअनुसार विभिन्न तालिम प्रदान गरिने छ।

(ज) प्रत्येक विद्यालयमा गुनाशी सुनुवाई तथा सूचना अधिकारी तथा लैङ्गीक सम्पर्क व्यक्ति तोकि जवाफदेही बनाईने साथै उनीहरूको संस्थागत क्षमता विकाश गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

(क) विद्यालय तहको शिक्षामा समता सहितको समावेशी  लैङ्गिक तथा अपाङ्गमैत्री पहुँच कायम गरी सबैका लागि गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित हुने ।

ख) नतिजा

(क) छात्र/छात्रा, महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका सबै कसिसमका बालबालिकाहरूले समावेशी शिक्षा प्राप्त गर्ने अवसर पाउने ।

(ख) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा, दूर्व्यवहार र हेपाइ रहित बालमैत्री , अपाङ्गमैत्री र लैङ्गिकमैत्री समता सहितको समावेशी वातावरण सिर्जना भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ० | ० | ० | ० | ० |
| २ | लैङ्गिक समता सूचक (१-५) | ०.९६ | ०.९६ | ०.९७ | ०.९७ | ०.९८ |
| ३ | लैङ्गिक समता सूचक (६-८) | १.०४ | १.०४ | १.०३ | १.०३ | १.०२ |
| ३ | लैङ्गिक समता सूचक (९-१०) | १.२३ | १.२३ | १.१८ | १.१५ | १.१० |
| ४ | लैङ्गिक समता सूचक (११-१२) | १.२५ | १.२५ | १.१८ | १.१५ | १.१० |
| ५ | लैंगिक, अपाङ्ग, बाल मैत्री संरचना भएका विद्यालय प्रतिशत | २० | ३० | ४० | ५० | ६० |
| ६ | लैङ्गिक अपाङ्गता तथा बाल सरक्षण सम्पर्क व्यक्ति भएको विद्यालय प्रतिशत | २० | २० | ५० | १०० | १०० |

४.३.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका तथा विभिन्न कारणले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र तथ्याङ्क अद्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | छात्रवृत्ति कार्यक्रम छात्रा र दलित | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | अति विपन्न र लक्षित बालबालिकालाई शैक्षिक सामग्रीहरू सहायता (कक्षा ५ सम्मका लागि) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विद्यालयमा लैङ्गिक तथा समावेशी फोकल शिक्षकको व्यवस्था र क्षमता विकाश | विद्यालय | ३७ | ३७ | - | - | - | - | ३७ | |
| ५ | अपाङ्गता भएका बालबालिकाको लागि शैक्षिक सामग्री सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | समावेशी तथा समता शिक्षा र क्षमता विकाश तालिम र अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | १ | |
| ७ | अपाङ्गता भएका बालबालिकाको लागि सहजीकरणका लागि शिक्षकको क्षमता विकाश | फटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

शिक्षासँग  अन्तरसम्बन्धित विषयमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम पनि एक महत्वपूर्ण र विद्यालय शिक्षाको महत्वपूर्ण अङ्ग हो । बालबालिकाको सिकाइमा पोषण तथा स्वास्थ्यले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । बालबालिकाको सर्वाङ्गिण विकाश तथा सिकाइसँग  उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुने भएकाले पनि यस बिषयमा ध्यान पुर्याउन आवश्यक हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारीरिक विकाश  भई सिकाइ उपलब्धिमा सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाहरूमा सरसफाइको कमी, सन्तुलित आहार नहुनु, पोषणयुक्त खानाको कमीजस्ता विभिन्न कारणले उनिहरूमा रोगहरू उत्पन्न हुँदा बालबालिकाहरू विद्यालयमा नियमित नहुँदा उनिहरूको शैक्षिक वातावरणमा नकरात्मक प्रभाव परेको छ साथसाथै मानसिक समस्याहरू देखिन्छन। पोषणका साथ साथै सरसफाइ तथा स्वच्छता अतिनै आवश्यक हुन्छ । व्यक्तिगत सरसफाइ,  घरायसी सरसफाइ, विद्यालयको सरसफाइ, वातावरणीय सरसफाइले बालबालिकाको स्वस्थ जीवनमा सहयोग पुर्याउँदछ । विद्यालयमा हुने दिवा खाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन तथा बालबालिकाको स्वास्थ्य जाँच, खोप लगायतका कार्यक्रमहरू विद्यालय पोषण र स्वास्थ्य अन्तर्गत पर्दछन् ।

सरसफाइ तथा स्वच्छता गुरूयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकाश कार्यक्रम सन २०१६ देखि २०२३, बालमैत्री विद्यालय फ्रेमवर्क लगायतका नीति, पूर्ण सरसफाइ निर्देशिका लगायतले स्पष्ट रूपमा विद्यालयको खानेपानी तथा सरसफाइ एवंम् पोषणको बारेमा दिशानिर्देशन गरेका छन् र सोहीअनुसार विद्यालयमा यस्ता गतिविधिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ ।विद्यालयमा छात्र र छात्राका लागि युरिनल सहितका फरकफरक शौचालय, शौचालयमा नियमित

पानी, नियमित सरसफाइ, सहज हात धुने व्यवस्था, स्वच्छ खानेपानी र सरसफाइका न्यूनतम रूपमा हुनुपर्ने र सोहीबमोजिम विद्यालयलमा कार्यान्वयन हुनैपर्ने व्यवस्थाको उल्लेख गरेको छ । विद्यालयमा पानी, शौचालय, वातावरणीय सरसफाइ, सफा र हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन सुविधा, लगायतको व्यवस्थापनले विद्यालयको पोषण तथा सरसफाइमा मद्दत पुर्याएको छ ।बालबालिकाहरूको नियमित रूपमा स्वास्थ्य परीक्षण, नियमित खोप, भिटामिन ए, आइरन चक्की तथा सुक्ष्म पोषक तत्वहरूको वितरणजस्ता कार्यहरू समुदाय तथा विद्यालयमा नियमित हुनुपर्दछ र केही हदसम्म भने यस्ता कार्यहरू भएका छन् । सबै बालबालिकालाई खोप पूर्ण भएको सुनिश्चित गरिएको छ । विद्यालयमा विद्यार्थी बचत कार्यक्रमहरू पनि सञ्चालन भएको र यो यस्ता क्रियाकलापहरूमा लगानी गर्न सकिन्छ ।

चौरजहारी नगरपालिकामा रहेका ३७ वटा सामुदायिक विद्यालयहरूमा रहेका प्रारम्भिक बालविकाश कक्षा १ देखि कक्षा ५ सम्म रहेका सबै बालबालिकाका लागि दिवा खाजा कार्यक्रम संञ्चालन गरिएको छ । दिवा खाजा अन्तर्गत विद्यालयले मेनु निर्माण गरी पत्रु (जङ्ग फुड) खाजा निरूत्साहित गर्नलागि स्थानीयस्तरमा उत्पादन भएका अर्गानीक खाजा खुवाउने व्यवस्था गरेको छ । यसलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि नगरपालिकाले स्थानीय परिवेशअनुसारको खाजा मेनु तयार गरी कार्यान्वयन गर्न आवश्यक छ । कक्षा ६ भन्दा माथि अध्ययन गर्ने छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ। सामुदायिक तथा संस्थागत विद्यालयहरूका सम्पूर्ण किशोरीका लागि निःशुल्क आइरन चक्की प्रदान गर्ने कार्य सञ्चालन हुँदै आएको छ। सबै विद्यालयमा भने प्राथमिक उपचार किडको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यस नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरू कुनैमा पनि विद्यालय नर्स कार्यक्रम सञ्चालन नगरिएको र सो कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयास थालिएको छ ।विद्यालय सरसफाइ अन्तरगत कक्षाकोठाको सरसफाइ,

विद्यालयको वातावरणीय सरसफाइ, स्वच्छ खानेपानीका लागि फिल्टरको व्यवस्था लगायतका कार्य गरेको छ । विद्यालय स्वास्थ्य अन्तरगत सबै विद्यालयमा प्राथमिक उपचार किटको वितरण, नियमित स्वास्थ्य चेकजाँच, विद्यालयम पोषणका साथै माध्यमिक तहका सबै विद्यालयमा पोषणको महत्व तथा व्यवहार परिवर्तन, मानसिक स्वास्थ्य, लागु औषध दुर्व्यसनसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ उद्देश्य

विद्यालयको पोषण र स्वास्थ्य अवस्थामा सुधार गरी बालबालिकाको शिक्षण सिकाइमा सुधार ल्याउनका लागि निम्नानुसारका उद्देश्यहरू अवलम्बन गरिएको छ ।

क) विद्यालयमा बालबालिकालाई स्वास्थ्य एवंम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

ख) विद्यालयमा बालबालिकाको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सेवा र अवस्थामा सुधार गर्नु ।

ग) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गरी बालबालिकाको सिकाइ वातावरणमा सुधार ल्याउनु ।

### ४.४.३ रणनीति

(क) विद्यालयमा बालबालिकाको लागि पोषिलो खाजा तयारीका अर्गानिक उत्पादनको अवस्थाको अध्ययन तथा अर्गानिक उत्पादनको संकलन र व्यवस्थापन गरिनेछ

(ख) भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्री तथा समूहमा हात धुने सुविधा विस्तार गरिने छ ।

(ग) दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको सङ्लग्नतामा माथिल्ला कक्षाहरूमा पनि विस्तार गर्ने प्रयास थालिनेछ ।

(घ) स्थानीय तहले पालिकाका सबै विद्यालयका लागि हुने गरी स्थानीय स्तरको स्टान्डर्ड मेनु तयार गरी कार्यान्वयन गर्ने ।

(ङ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनलको व्यवस्था गरिनेछ ।

(च) विद्यालय परिसर सरसफाइका लागि विद्यार्थी र शिक्षकको परिचालन गरिनेछ साथै प्रयोग गरिएका सेनीटरि प्याड व्यवस्थापनका लागि रातो बाल्टी तथा इन्सिनरेटरको व्यवस्था गरिनेछ ।

(छ) विद्यालयहरूमा नियमित प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण नियमित गरिनेछ ।

(ज) किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाईनेछ।

(झ) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

(ञ) मानसिक स्वास्थ्यमा सुधारका लागि बालबालिकालाई मानसिक स्वास्थ्य शिक्षा तथा मनोसामाजिक परामर्शको व्यवस्था गरिनेछ ।

(ट) दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाईनेछ।

(ठ) माध्यमिक तहका सबै विद्यालयहरूमा विद्यालय नर्स कार्यक्रम लागु गरिने छ र अन्य विद्यालयहरूमा परिचालन गरिनेछ।

(ड) अभिभावकको सङ्लग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि स्थानीय पोषणयुक्त खाजाको प्रबन्ध गराउन प्रोत्साहन गरिनेछ साथै शिक्षक र विद्यालय कर्मचारीका लागि पनि विद्यालयमा खाजाको व्यवस्था गरिनेछ ।

४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

**प्रमुख नतिजाहरू**

(क) विद्यालयमा स्वास्थ्य तथा पोषण क्षेत्रको कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार भएको हुने,

(ख) सबै बालबालिकाहरूले पोषणयुक्त दिवा खाजा प्राप्त गरेको हुने र विद्यालयमा पत्रु खाना लाई पूर्णरूपमा निरूत्साहित गरिएको हुनेछ ।

(ग) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने,

(घ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रूम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध हुने,

(ङ) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आईरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था भएको हुने,

(च) किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त भएको हुने,

(छ) विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागुगरी पूर्णसरसफाइका सूचकहरूपूरा हुने।

(ज) सबै बालबालिकाहरूले पूर्ण रूपमा खोप प्राप्त गरेका हुनेछन् र सबै बालबालिकाको न्यूनतम स्वास्थ्य चेक जाँच भएको हुनेछ ।

(झ) सबै माध्यमिक विद्यालयहरूमा विद्यालय नर्सको व्यवस्था भै अन्य फिडर विद्यालयमा समेत परिचालित भएका हुनेछन्।

(ञ)विद्यालयहरूमा बालबिवाह न्यूनीकरण एवम् प्रजनन् स्वास्थ्यका बारेमा बालबालिकाहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिका भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| २ | पत्रु (जङ्क) खाजा प्रतिवन्ध गर्ने विद्यालयको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ३ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको प्रतिशत | ४० | ५० | ७० | १०० | १०० |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | ० | २ | ५ | ८ |

४.४.५ प्रमुख क्रियाकलापहरू र लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकाश र कक्षा १ मा भर्ना भएका बालबालिकालाई खोप तथा सुक्ष्म पोषकतत्व वितरण | बालविकास केन्द्र | ४५ | ४५ | - | - | - | - | ४५ | |
| २ | स्वस्थकर दिवा खाजाको व्यवस्था | जना | २००० | ३८३३ | ३८५० | ३८७० | ३९०० | ३९२० | २०००० | निरन्तर |
| ३ | वार्षिक रूपमा विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय | विद्यालय | ४५ | ७ | १५ | १५ | ८ | - | ४५ | |
| ५ | विद्यालय नर्सको व्यवस्था | विद्यालय | ८ | ० | २ | २ | २ | २ | ८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ पिट निर्माण, प्रयोग गरेको सेनीटरि प्याड व्यवस्थापनका लागि रातो बाल्टी, इन्सिनरेटर प्रयोग | विद्यालय | ३७ | ० | ९ | १० | १० | ८ | ३७ | निरन्तर |
| ७ | सेनीटरि प्याट वितरण तथा व्यवस्थापन | विद्यालय | १४ | १४ | - | - | - | - | १४ | निरन्तर |
| ८ | सरसफाइमा उत्कृष्ठ कार्य गर्ने विद्यालयलाई पुरस्कृत गरिने | विद्यालय | ५ | १ | १ | १ | १ | १ | २ | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ४५ | १० | १० | १० | १० | ५ | ४५ | निरन्तर |
| १२ | मानसिक स्वास्थ्य तथा लागुऔसध सम्बन्धि सचेतनामूलक कार्यक्रम | विद्यालय | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| १३ | विद्यालयलाई सरसफाई र पोषण सम्बन्धि क्षमता विकाश | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता

### ४.५.१. वर्तमान अवस्था

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुर्व्यवहार र शोसनबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । बालबालिकाहरूको सिकाइ प्रभावकारी बनाउनका लागि बालबालिका सुरक्षित हुन अति आवश्यक हुन्छ । विद्यालय शिक्षामा विभिन्न विपत् र प्रकोपका कारणले सिकाइ गतिविधिहरू निरन्तर गर्न सकिएको हुन्न। नेपालमा लामो समय बिशेष गरी कोभिड १९ पश्चात भोगेको समस्या र शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न विभिन्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रमहरू हुदै आएका छन् । बालबालिकाको लागि सिकाइ सहजीकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धि आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, ले विपत् को समयमा शैक्षिक गतिविधीहरू कसरी बढाउन सकिन्छ भन्ने बिषयहरू उल्लेख गरेका छन् । युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ । विभिन्न कारणले उत्पन्न सङ्कटकालिन अवस्थामा बालबालिका लगायत सम्वद्ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्था पन, सामाजिक द्वन्द तथा हिंशा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रूपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपत्कालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारण बाल अधिकारको रूपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द् व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ ।

विपत् को समयमा शैक्षिक गतिविधिहरू कसरी निरन्तर बनाउन सकिन्छ भन्ने बिषयमा हाम्रो चौरजहारी नगरपालिकाले बिशेष महत्वका साथ कार्यहरू गरिरहेको छ। नगरपालिकामा शिक्षा समुह गठन भएको छ र यसले विपत् शिक्षा योजना निर्माण गर्ने कार्ययोजना तय गरेको छ । हाम्रो चौरजहारी नगरपालिकामा हावाहुरी, बाढी तथा

पहिरोको जोखिम र विभिन्न समयमा अन्य भाइरल लगायतका रोगहरूले बालबालिकाको पठनपाठनमा समस्या निम्ताएको हुन्छ । यस्तो अवस्थामा बालबालिकाको पढाइलाई निरन्तरताका लागि विद्यालय सुधार योजना मार्फत विभिन्न किसिमका सिकाइ क्षती आपुरणका कार्यहरू राखिएका छन् । विपत् को समयमा विद्यालयमा हुने भौतिक तथा शैक्षिक क्षती न्यूनीकरणका लागि पालिकाले आपतकालिन सहयोगको योजनाहरू बनाएको र सोहीअनुसार कार्य गर्ने गरी शैक्षिक क्रियाकलापहरू तय गरिएको छ ।

नगरपालिकाभित्र रहेका विद्यालयको भौतिक संरचनाहरूमा करिव २ तिहाइ भवनहरू पक्की र भुकम्प प्रतिरोधी रहेका छन् भने बाँकी कच्ची भवनहरू रहेका छन् । चौरजहारी नगरपालिकामा हरित विद्यालय अवधारणा लिएको भएता पिन विद्यालयहरूले हरित विद्यालय अवधारणाको कार्यान्वयन भने गरेका छैनन् । शिक्षकहरूमा विपत् को समयमा भर्चुअल कक्षाहरू सञ्चालनका तथा टोल सिकाइका अनुभव हाँसिल गरेकाले अबका दिनमा यस्ता विपत् का घटना भएमा भर्चुअल माध्यमबाट निरन्तर सिकाइका अभ्यासहरू गर्न सकिन्छ । विद्यालयमा विपत् व्यवस्थापनसम्बन्धी प्रभावकारी रूपमा तालिम र अभ्यासका कार्यक्रमहरू नहुनु चुनौतीका रूपमा रहको छ । आपतकालिन अवस्थामा लागु गरीने पाठ्यवस्तु, छुटटै योजना बनाउने की योजनाको हरेक अंगमा यसलाई समावेश गर्ने, योजना तत्कालिन बनाउने कि दीर्घकालिन, योजनामा सङ्कटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतिहरू रहेका छन् ।यसका साथै नगरपालिकमाभित्र रहेका शिक्षाका सबै भौतिक संरचनाहरू भुकम्प प्रतिरोधि तथा विपत् बाट सुरक्षित हुने किसिमले निर्माण गरी शैक्षिक क्षती कम गराउन सिकिन्छ ।

### ४.५.२ उद्देश्य

विद्यालय सुरक्षा र विपत् को समयमा बालबालिकाको सिकाइ सहजीकरणलाई प्रभावकारी बनाउन निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ ।

(क) औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपत् को पूर्व सावधानी र तयारीको वातावरण बनाई विपत् को समयमा सिकाइ निरन्तरता गर्नु।

(ख) सम्भावित विपत् को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकाशको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।

(ग) विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकाश गर्ने र पूर्व तयारीका लागि आधार तय गर्नु।

(घ) विपत् बाट बालबालिकामा पर्ने शैक्षिक असर न्यूनीकरण गरी उनीहरूको सिकाइ निरन्तरता दिनु र  विपत् का समयमा हुने शैक्षिक क्षती न्युनीकरणका लागि क्षमता विकाश र परिचालन गर्नु मार्फत अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्नु ।

४.५.३ रणनीति

(क) विपत् को समयमा शिक्षण सिकाइका गतिविधिहरूलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरी कार्यान्वयन गर्ने।

(ख) सम्भावित प्रकोप तथा विपत्  पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सीप विकाश गर्ने ।

(ग) महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको खोजी र प्रयोग गर्ने ।

(घ) नगरपालिकामा विपत् शिक्षा योजना निर्माण गर्ने तथा सम्पूर्ण विद्यालयहरूको विपत् जोखिमको अवस्था मूल्याङ्कन गर्ने र प्राथमिकीकरण गर्ने साथै विद्यालयमा विपत् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने।

(ङ) नगरपालिकामा रहेको शिक्षा समुहको प्रभावकारी परिचालन गर्ने र विपत् को प्रतिकार्यका लागि आवश्यक सीप, ज्ञान र स्रोत तयारी गरिने ।

(च) नगरपालिकामा विद्यालय शिक्षाका लागि विपत् सुरक्षा डेस्क स्थापना गरी विद्यालय तहमा पनि कार्यान्वयन गर्ने

(छ) शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने तथा संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने

(ज) विद्यालय भौतिक पूर्वाधारसम्बन्धी मापदण्ड २०८० को प्रभावकारी कार्यान्वयन गर्ने र प्रभावकारी अनुगमन प्रणालीको विकाश गर्ने ।
(झ) हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकाशका निम्ति शिक्षाजस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने जसमा एक विद्यालय एक बँगैचा र एक विद्यार्थी एक बिरूवा नीति अवलम्बन गर्ने ।
(ञ) विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय गरी संयन्त्र निर्माण गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि तथा नतिजा**

क) विपत् व्यवस्थापनका लागि नगरपालिकामा भएका शिक्षा समुहको प्रभावकारी परिचालन मार्फत विपत् शिक्षा योजना निर्माण भएको र विभिन्न विपत् प्रतिकार्य संयन्त्रहरू निर्माण र क्षमतावान भएको हुनेछन् ।
ख) सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकाशका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने ।
ग) आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधीहरूको प्रयोग भै बालबालिकाको सिकाइ सहजीकरण नियमित भएको हुनेछ ।
घ) सबै विद्यालयले हरित र सुरक्षित विद्यालयको नीति अवलम्बन गरी कार्यान्वयन गरेका हुनेछन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई विपत् जोखिम न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम | ३७ | ३७ | ३७ | ३७ | ३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | हरित विद्यालय सङ्ख्या | १० | १० | १० | १० | ५ |
| ३ | जलवायू परिवर्तन तथा दिगो विकाशका निम्ति शिक्षाजस्ता कार्यक्रम कार्यन्वयन गर्ने विद्यालय सङ्ख्या | १० | १० | १० | १० | ५ |
| ४ | विपत् प्रतिकार्य योजना निर्माण गर्ने विद्यालय सङ्ख्या | ४५ | - | - | - | - |
| ५ | शिक्षा क्षेत्रको विपत् प्रतिकार्य योजना निर्माण | ४५ | - | - | - | - |

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मका लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा विपत् शिक्षा योजना निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | विपत् तथा प्रकोप स्थानीय तह र विद्यालयको क्षमता विकाश तालिम र अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यालयमा विपत् प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | विद्यालय | ४५ | ४५ | - | - | - | - | ४५ | |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा विव्यस तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | हरित विद्यालय अवधारणाको कार्यान्वयन | विद्यालय | ४५ | ४५ | - | - | - | - | ४५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विपत्मा शैक्षिक क्षती न्यूनीकरणका लागि सिकाइ सहजीकरणका सामग्रीको तयारी र व्यवस्थापन तथा तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विपत् जोखिम नक्साङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकाश

### ४.६.१ वर्तमान अवस्था

शैक्षिक वातावरण निर्माणमा भौतिक वातावरणको भूमिका महत्वपूर्ण हुन्छ । विद्यालयमा सबैको पहुँच सुनिश्चित हुने गरी सुरक्षित भौतिक वातावरण निर्माण गर्नु पर्दछ । बालबालिकालाई विद्यालयमा पहुँच अभिबृद्धि गर्नका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानीजस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकाश तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक–कर्नरजस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकाश गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकाश एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा कार्यक्रम प्रस्ताव गरिएको छ।

चौरजहारी नगरपालिकाको समग्र विद्यालयहरूको भौतिक संरचनाको अवस्था हेर्दा निम्नानुसारको देखिएको छ

| क्र.सं. | भौतिक विवरण | परिमाण |
|---|---|---|
| १ | पक्की भवन | ७१ प्रतिशत |
| २ | कच्चि भवन | २९ प्रतिशत |

| | | |
|---|---|---|
| ३ | शौचालय भएका विद्यालय | १०० प्रतिशत |
| ४ | पुस्तकालय भएका विद्यालय | १४ वटा |
| ५ | विज्ञान प्रयोगशाला भएका विद्यालय | ५ वटा |
| ६ | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | १४ वटा |
| ७ | खानेपानी धारा भएका विद्यालय | ७३ प्रतिशत |
| ८ | घेराबार भएका विद्यालय | १६ प्रतिशत |
| ९ | खेलमैदान भएका विद्यालय | ८६ प्रतिशत |
| १० | चमेना गृह भएका विद्यालय | २ वटा |
| ११ | विद्युत पुगेका विद्यालय | ५७ प्रतिशत |
| १२ | इन्टरनेट सेवा उपलव्ध भएका विद्यालय | १७ वटा |

नगरपालिकाभित्रका सबै विद्यालयका भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रूपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्गमैत्री र विपत् प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकाशमा तीन तहका सरकार र विकाश साझेदार निकायहरूबिचको समन्वय र सहकार्य अपेक्षित रूपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन। विद्यालयका भौतिका संरचनाहरू पूर्ण रूपमा सबैका लागि सुरक्षित र मैत्रीपूर्ण हुन आवश्यक छ । माथिको विवरणअनुसारको अवस्था हेर्दा अपुग भौतिक संरचनाहरूको निर्माण र व्यवस्थापन गर्नु आवश्यक देखिएको छ ।माथि उल्लेखित् भौतिक संरचनाहरू निर्माण गर्दा चौरजहारी नगरपालिकाको एकल प्रयासले मात्र सम्भव नभएकोले प्रदेश सरकार, सङ्घिय सरकार, समुदाय तथा विभिन्न सङ्घ संस्थाहरूको समेत सहयोग लिन सकेमा शिक्षण सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न सकिन्छ ।सबै विद्यालयहरूमा भौतिक पूर्वाधारहरू अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित बनाउन भौतिक पूर्वाधार निर्माणको निर्देशिकाअनुसार कार्य गर्न र स्थानीय तहले पनि कार्यविधी बनाउन आवश्यक छ ।

### ४.६.२ उद्देश्य

(क) सुरक्षित विद्यालय पूर्वाधार विकाश गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु

(ख) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरूयोजनाको विकाश र कार्यान्वयन गर्नु

(ग) गुणस्तरीय पूर्वाधार विकाश एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकाश गर्नु

### ४.६.३ रणनीति

(क) विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यकपर्ने पूर्वाधार विकाशको मापदण्ड र गुरूयोजनाअनुसार कार्य गर्ने ।

(ख) विद्यालयको समग्र पक्षमा सुधार ल्याउन प्राथमिकताका आधारमा भौतिक पूर्वाधारको निर्माण, मर्मत संम्भार  तथा सवलीकरण गर्ने ।

(ग) नगरपालिकामा सञ्चालन भएका विद्यालयहरूमा पूर्वाधार विकाशका लागि सघ र प्रदेश सरकार, विकाश साझेदार एवम् नगरपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गर्ने ।

(घ) प्रत्येक माध्यमिक तहका विद्यालयमा एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला, एक गणित प्रयोगशाला र शैक्षिक सूचना व्यवस्थापन प्रणाली तथा साहित्यलेखन प्रबर्दनमा जोड दिने ।

(ङ) विद्यालयहरूको भौतिक संरचनाहरूको अवस्था पहिचान र प्रोफाईल तयार गरी उक्त प्रोफाईलका आधारमा कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।

(च) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकाश गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

(छ) विद्यालयको भौतिक पक्षमा सुधार गर्नका लागि स्थानीय समुदाय र लगानी कर्ताहरूलाई प्रोत्सहान एवम् परिचालन गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

**नतिजा**

(क) विद्यालय शिक्षाअन्तर्गत विकाश एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरूयोजना निर्माण भएको हुने ।

(ख) नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकाश र विस्तार भएको हुने ।

(ग) सबै माध्यमिक तहका विद्यालयहरूमा पुस्तकालय र प्रयोशालाहरू व्यवस्था भई आधारभूत तहका विद्यालयहरूमा पनि विस्तार भएको हुने ।

(घ) विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन, मर्मत संम्भार तथा सवलीकरणका लागि नियमित पद्धति विकाश भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | बाल मैत्री, फरक क्षमता मैत्री तथा भुकम्प प्रतिरोधी विद्यालय % | ४० | ६० | ८० | ९० | १०० |
| २ | खेल मैदान व्यवस्थापन तथा खेलकुद सामग्री व्यवस्थापन % | ८६ | ८६ | ९० | ९५ | १०० |
| ३ | भुकम्प प्रतिरोधि कक्षाकोठा % | ४० | ६० | ८० | ९० | १०० |
| ४ | मैत्रीपूर्ण शौचालय भएको विद्यालय % | ६० | ८० | ९० | ९५ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्वच्छ र मैत्रीपूर्ण पिउने पानीको व्यवस्थापन भएको विद्यालय % | ७३ | ८३ | ९० | ९५ | १०० |
| ६ | भौतिक पूर्वाधार संरक्षण र मापदण्डसम्वन्धी अभिमुखीकरण | १ | १ | १ | १ | १ |

४.६.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्री, अपाङ्गता मैत्री तथा भुकम्प प्रतिरोधी भवन तथा पूर्वाधार निर्माण, मर्मत तथा सवलीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | भौतिक पूर्वाधार व्यवस्थापनका लागि अभिमुखीकरण तथा क्षमता विकाश | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | भौतिक पूर्वाधारको अवस्था बिश्लेषण तथा प्रोफाईल तयारी | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | खेलमैदानहरूको विस्तार र व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | शौचालय, खानेपानी तथा फर्निचरहरूको व्यवस्थापन तथा मर्मत संम्भार | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | बाल उद्यानको स्थापना | विद्यालय | ४५ | ४५ | - | - | - | - | ४५ | |

### ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकाश तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटत भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको भूमिका महत्वपूर्ण हुन्छ । नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरूयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि, शिक्षासम्बन्धी क्षमता विकाश गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त नीतिहरूमा सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण-सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्नेजस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरूयोजना, २०१३ देखी २०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाको विकाश तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य

जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकाश गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकाश र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकाश गर्नेजस्ता कार्यक्रमहरू समेत विद्यालय शिक्षा क्षेत्र विकाश योजनामा समावेश गरिएको छ। यसरी नै स्थानीय तहले पनि सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन र प्रयोगमा जोड दिनु आवश्यक हुन्छ । विशेष गरी अहलेको सन्दर्भमा सूचना तथा सञ्चार प्रविधिमा बालबालिकाको सिकाइ सहजता गराउनका लागि शिक्षक क्षमता विकाश तथा परिचालन र विद्यालयमा समेत सूचना प्रविधिको व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक हुन्छ ।चौरजहारी नगरपालिकामा सूचना तथा सञ्चारको अवस्था निम्नानुसारको रहेको छ ।

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १७ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | ९ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ९ |

| | | |
|---|---|---|
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १७ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | २१ |
| ५ | आफ्नो सूचना, जानकारीको लागि डिजिटल माध्यम (फेसबुक पेज, वयव पेज) प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३७ |
| ६ | इमिसको प्रयोगमा दक्षता भएका विद्यालय | १५ |
| ७ | पुस्तकालय भएका विद्यालय सङ्ख्या | ९ |
| ८ | स्मार्टबोर्ड भएका विद्यालय सङ्ख्या | ५ |
| ९ | प्रोजेक्टर भएका विद्यालय सङ्ख्या | ९ |
| १० | कम्प्यूटर ल्याव भएको विद्यालय सङ्ख्या | १४ |

स्रोत: शिक्षा, युवा तथा खेलकुद शाखा र सर्वे २०८१

चौरजहारी नगरपालिका र विद्यालयहरूले विभिन्न प्रयास गरे तापनि विभिन्न वडाहरूमा भौगोलिक विकटता तथा अन्य पूर्वाधारगत समस्या हुँदा टेलिभिजन र इन्टरनेटजस्ता सुविधाबाट त्यहाँका केही बालबालिकाहरू वञ्चित भइरहेका छन् । सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न शत प्रतिशत विद्यालयमा इन्टरनेट जडानका गर्नुपर्ने देखिन्छ साथै शिक्षकहरूमा समेत सूचना प्रविधिमा दक्षता नभएको अवस्था छ । जम्मा १५ वटा विद्यालयले मात्र पूर्ण रूपमा इमिस व्यवस्थापन गर्न सक्षम भएका छन् भने अन्य विद्यालयले अन्यको सहयोगमा इमिस व्यवस्थापन गरेका छन् ।

शिक्षकहरूलाई सूचना प्रविधिमा दक्ष बनाउनका निमित्त क्षमता विकाश गर्न प्रशिक्षकको व्यवस्था गरी परिचालन गर्न आवश्यक देखिन्छ । सूचना व्यवस्थापनमा समेत प्रभावकारी कार्य गरेमा सूचना व्यवस्थापन प्रणाली चुस्त दुरूस्त हुने देखिन्छ । सबै

विद्यालयमा अनलाइन तथा अफलाईन माध्यमबाट चलाउन सकिने इ पुस्तकालयहरूको व्यवस्थापन गर्न सकिन्छ । विशेष गरी सूचना प्रविधिमा शिक्षकको दक्षता र पहुँच अभिबृद्धि गर्नु नितान्त आवश्यक देखिन्छ ।यसका लागि सूचना प्रविधि प्रशिक्षकको व्यवस्थापन र परिचालन गर्न नितान्त आवश्यक देखिन्छ ।

४.७.२ उद्देश्य

सूचना तथा सञ्चार प्रविधिमा सरल र प्रभावकारी पहुँच अभिबृद्धि गरी सिकाइ उपलब्धिमा सुधार ल्याउन निम्नानुसारका उद्देश्यहरू तय गरिएको छ ।

(क) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, विस्तार र व्यवस्थापन समयानुसार गर्नु र सबैको पहुँच अभिबृद्धि गर्नु।

(ख) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना र सञ्चार प्रविधि प्रयोग गरी सहज, छिटोछरितो तथा प्रभावकारी बनाउनु

(ग) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल,पारदर्शी र समतामूलक बनाउनु तथा विद्यालयको दैनिक प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा बढावा दिनु ।

(घ) विपत् तथा सङ्कटको समयमा समेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु ।

४.७.३ रणनीति

सूचना तथा सञ्चार प्रविधिको लागि माथि उल्लेखित उद्देश्यहरू पुरा गर्न निम्नानुसारका रणनीतिहरू अवलम्बन गरिनेछ

(क) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने

(ख) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकाश गरिने छ ।

(ग) विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयोगी डिजिटल सामग्री विकाश गर्ने ।

(घ) नगरपालिकास्तरमा व्यवस्थित शिक्षा सम्वन्धित जानकारी का लागि ई–पोर्टल निर्माण गरिने ।

(ङ) विद्यालयमा शैक्षिक स्रोत सामग्रीहरू इन्टरनेटको सुविधा विस्तार गरी विद्यार्थीहरूको पहुँचमा विस्तार र क्षमता विकाश गर्ने ।

(च) शैक्षिक सूचना व्यवस्थापन तथा सूचना प्रणालीलाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली, शिक्षकको तलबी प्रतिवेदन पारित गर्नेजस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरी लागु गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

(छ) सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ,

(ज) सङ्घ र कर्णाली प्रदेशसँग  समन्वय गरी नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गर्ने ।

(झ) अफलाईन माध्यमबाट पनि चलाउन सकिने इ- पुस्तकालयको व्यवस्थापन गर्ने ।

(ञ सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सीपमा क्षमता विकाश गर्ने ।

(ट) विपत् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ठ) स्थानीय एफ.एम. रेडियोसँग  समन्वय गरेर शैक्षिक कार्यक्रम नियमितरूपमा उत्पादन र प्रसारण गर्ने

वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था गर्ने

(ड) हरेक शिक्षकलई ल्यापटप वा कम्प्यूटर अनिवार्य गर्ने तथा कम्प्युटर र सूचना प्रविधी प्रशिक्षकको व्यवस्था र परिचालन गर्ने ।

४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने ।

(ख) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तारले सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

**नतिजा**

(क) नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ सहजीकरण केन्द्र स्थापना र सञ्चालन भएको हुने,

(ख) नगरपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकाश भई सबैको सहज पहुँच पुगेको हुने ।

(ग) विभिन्न कक्षा र विषयका लागि आवश्यकपर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकाश भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने ।

(घ) सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधि सम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने ।

(ङ) सबै शिक्षकमा ल्यापटपको व्यवस्था र प्रयोग भै विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढिभन्दा बढि प्रयोग गरिएको हुने ।

(च) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो प्रभावकारी रूपमा परिचालन भएको हुने तथा सबै विद्यालयहरूमा विद्युतीय हाजिरी र सी.सी. क्यामेराको प्रयोग गरिएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १७ | १७ | २० | ३० | ३७ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | ९ | ९ | २० | ३० | ३७ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ९ | ९ | २० | ३० | ३७ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १७ | १७ | २० | ३० | ३७ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | २१ | २१ | ३० | ३७ | |
| ५ | विद्यालयले सूचना, जानकारीका लागि डिजिटल माध्यम प्रयोग (फेसबुक पेज, वेब पेज) | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ६ | IEMIS व्यवस्थापनमा दक्ष विद्यालय | १५ | १५ | २० | ३० | ३७ |

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इलाइब्रेरी स्थापना | विद्यालय | १७ | ० | ५ | ५ | ५ | ५ | १७ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | सङ्ख्या | ४५ | ४५ | - | - | - | - | ४५ | |
| ३ | कक्षा १ देखि ५ सम्म पठन पाठनमा डिजिटल माध्यमको प्रयोग वा ICT प्रयोग | विद्यालय | ३७ | ९ | २० | ३० | ३७ | ३७ | ३७ | निरन्तर |
| ४ | शिक्षकको क्षमता विकाश कम्प्युटर र सूचना प्रणाली व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | सूचना प्रविधि प्रशिक्षकको व्यवस्था | सङ्ख्या | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | IEMIS व्यवस्थापन तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयहरूमा वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्थापन | सङ्ख्या | ४५ | ४५ | | | | | ४५ | |
| ८ | सूचना सञ्चार सहि प्रयोग विषयमा रेडियो कार्यकम सबै विद्यालय | साप्ताहिक | ४५ | ४५ | - | - | - | - | ४५ | |
| ९ | शिक्षकको क्षमता विकाश, विद्यार्थी पठन पाठनमा सघाउ पुग्ने खालका अनलाइन बैठक तथा तालिम सञ्चालन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| १० | अनलाइन सिकाइ आदान-प्रदान बैठक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ५ अन्य उपक्षेत्र

## ५.१ युवा तथा खेलकुद विकाश

### ५.१.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सम्बन्धमा सङ्घ तथा प्रदेश कानुनको अधिनमा रहि स्थानीय तहले यूवा तथा खेलकुदका लागि आवश्यक संरचना पूर्वाधार निर्माण सञ्चालन तथा विकाशका कार्यक्रमहरू गर्ने प्रावधान रहेको तथा यसैका आधारमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ४ (क) मा पनि गाँउ तथा नगरपालिकाको खेलकुद तथा पत्रपत्रिका सम्बन्धि अधिकार सुनिश्चित गरेकाले स्थानीय तहले आफ्नो स्थानीय तहमा युवा तथा खेलकुदका गतिविधिहरू सञ्चालन र प्रवर्धन गर्न आवश्यक छ । यस चौरजहारी नगरपालिकाले शिक्षा यूवा तथा खेलकुद शाखा मार्फत यूवा तथा खेलकुद सम्बन्धि प्रचलित ऐन नियम एंवम् स्थानीय तहबाट निर्माण भई कार्यान्वयनमा आएका कार्यविधीहरू अनुरूप यूवा तथ खेलुकदका विभिन्न कार्यहरू गर्ने गरेको छ । विद्यालय खेलकुद तथा अन्य खेलकुदका गतिविधिहरू र युवासँग  सम्बन्धित क्रियाकलापहरू प्रभावकारी रूपमा गर्नु अति आवश्यक छ । यस अन्तरगत स्थानीय तहले स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकाश, स्थानीयस्तरमा खेलकुद प्रशासन तथा सङ्घसंस्थाको नियमन र समन्वय, खेलकुदको विकाश र प्रवर्धन, खेलकुद प्रतियोगिता आयोजना र सहभागिता, खेलकुद सम्बन्धि पूर्वाधार विकाश तथा सङ्घिय यूवा तथा खेलकुद मन्त्रालयको यूवा स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन गर्न पर्दछ

चौरजहारी नगरपालिकाको युवा तथा खेलकुद कार्यक्रमहरूलाई शिक्षा यूवा तथा खेलकुद शाखा मार्फत शिक्षा समितिले संयोजन गर्दै आएको छ । यस अन्तर्गत विद्यालयस्तरका अन्तरविद्यालय खेलकुद सञ्चालन, नगर प्रमुख कप, राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिताको तयारी, छनोट र जिल्लास्तरका कार्यक्रममा सहभागिता, समुदायस्तरमा यूवा तथा खेलकुद संचरना एंवम् पूर्वाधार विकाश र सहभागिता गराउँदै आएको छ । विभिन्न किसिमका खेलकुद प्रतियोगिताको लागि आवश्यक अन्तरविद्यालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा

यूवा खेलकुदका लागि खेलकुद सामग्री र आवश्यक स्रोत व्यवस्थापन गर्दै आएको छ ।यसका अलवा विद्यालय तहमा खेलकुद विकाशका लागि विभिन्न खेल सामग्रीहरूको वितरण र सहयोग भए तापनि खेल प्रशिक्षकको व्यवस्थापन तथा खेलकुदका गतिविधीहरू प्रभावकारी रूपमा बढाउन अति आवश्यक देखिन्छ । विद्यालय तहमा नै विभिन्न खेलमा बालबालिकालाई अभ्यस्त बनाई उनीहरूलाई खेलकुदमा सक्षम र प्रतिस्पर्धी बनाउन चौरजहारी नगरपालिका निरन्तर रूपमा लाग्नपर्ने देखिन्छ । यसका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले पनि खेलकुद तथा युवासँग सम्बन्धित कार्यक्रमहरू तय गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नितान्त आवश्यक छ ।

### ५.१.२ उद्देश्य

क० स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकाश गर्नु तथा स्थानीयस्तरमा खेलकुद प्रशासन तथा सङ्घसंस्थाको नियमन र समन्वय गर्नु।

ख० खेलकुदको विकाश र प्रवर्धन गर्नु र यसका लागि खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्नु।

ग० विद्यालयस्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता सञ्चालन, व्यवस्थापन एंवम् राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताका लागि तयारी गर्नु।

घ० यूवा स्वरोजगार सम्बन्धि तालिम तथा रोजगार व्यवस्थापन गर्नु र युबालई शैक्षिक श्रमसँग जोड्नु।

### ५.१.३ रणनीतिहरू

क० चौरजहारी नगरपालिका क्षेत्रमा खेलकुद समिति गठन र परिचालन गर्ने ।

ख० खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण गर्ने र खेलकुदको सञ्चालन र विकाश गर्ने।

ग० स्थानीयस्तरमा खेलकुद सम्बन्धि सङ्घ प्रदेश र सरोकारवालाहरूसँग को समन्वय र सहकार्य गर्ने ।

घ० सङ्घ र प्रदेशबाट जारी खेलकुद सम्बन्धि कानुनको अधिनमा रही कार्यविधी निर्माण र कार्यान्वयन गर्ने।

ङ० विद्यालय तहमा तथा यूवास्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने र विद्यालयमा खेल प्रशिक्षकको व्यवस्था तथा अतिरिक्त क्रियाकलापमा खेलकुदका गतिविधि बढाउने खालका क्रियाकलापहरू सञ्चालन गर्ने।

च० नगरपालिका मार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आवश्यक सामग्री तथा स्रोतको व्यवस्थापन गर्ने ।

छ० यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन मा साझेदारी विकाश हुने तथा युवा लक्षित खेलकुद तथा उत्पादनमुखि कार्यक्रमहरू सञ्चालन गर्ने ।

५.१.४ मुख्य उपलब्धि, र नतिजा

**उपलब्धि**

क) विद्यालयस्तरका विद्यार्थी तथा समुदायस्तरका यूवाहरूलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागिता र प्रतिस्पर्धाको विकाश भएको हुने ।

**नतिजा**

(क)नगरपालिकास्तरमा विभिन्न खेलसम्बन्धी सहजकर्ता तथा सहभागि तयार हुने।

(ख)खेलकुदका लागि पूर्वाधारको निर्माण र व्यवस्थापन भएको हुने ।

(ग) खेलकुदसम्बन्धी स्थानीय नीति तथा कार्यविधीहरू तयारी र कार्यान्वयन भएको हुने।

(घ) खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेशस्तरका निकायसँग समन्वय र सहकार्य भएको हुने।

(ङ) खेलकुदको विकाश र प्रवर्धन सम्बन्धमा विद्यार्थी र यूवाहरूलाई अभिमुखीकरण भएको हुने ।

(च) विभिन्न खेलहरूमा उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान भएको हुने ।

(छ) यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन भएको हुने । यसमा शिक्षासँग श्रम कार्यक्रमको कार्यान्वयन गर्ने।

५.१.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | समुदायस्तरमा युवा खेलकुद प्रतियोगिता | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | खेलकुद कार्यविधी र निर्देशिका तयारी | विद्यालय | १ | १ | - | - | - | - | १ | निरन्तर |
| ३ | खेलकुद सामग्री व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालयमा खेलकुद शिक्षक / प्रशिक्षक को व्यवस्थापन | जना | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ६ | नगर प्रमुख कप तथा राष्ट्रपति रनिङ्गशिल्ड | पटक | ५ | १ | १ | १ | १ | | ५ | निरन्तर |
| ७ | शिक्षासँग श्रम कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | | ५ | निरन्तर |

## परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाश

#### ६.१.१ वर्तमान अवस्था

शिक्षा पारदर्शीता, जवाफदेहिता, कानुनको शासन, सहभागिता, समानता र समावेशीता, प्रभावकारिता र दक्षता, निष्ठा लगायतका बिषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वनका साथै कानुनी अधारमा रहि सही निर्णय गर्ने प्रकृयालाई सुशासन भनेर बुझिन्छ । सुशासन तथा व्यवस्थापनमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रमा सुशासन तथा व्यवस्थापन प्रभावकारी राख्ने उद्देश्यले सबै विद्यालयलाई समुदायमा हस्तान्तरण गरिएको छ । प्रभावकारी व्यवस्थापनले शिक्षा क्षेत्रमा सुधार ल्याउनका साथै बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना निर्माण, योजना तर्जुमा र कार्यन्वयनमा महत्वपूर्ण भूमिका खेल्दछ। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गर्नुले सुशासनको प्रत्याभूति गराउन मद्दत गर्दछ । सुशासन र प्रभावकारी व्यवस्थापन गर्न स्थानीय सरकार र स्वयम् विद्यालयमा अधिकार विकेन्द्रीकृत गरेको छ ।शैक्षिक सुशासन स्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकाश साझेदारहरूको भूमिका रहनका साथै स्रोत साधनको उचित व्यवस्थापन संस्थागत क्षमता विकाशमा पनि योगदान रहन्छ । सुशासनले आर्थिक पारदर्शीता, नीति तथा योजना निर्माण प्रकृया विद्यालय सञ्चालन पद्धति निर्णायक निकाय आदिलाई समेट्दछ । सुशासन हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकाश, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ।

नेपालमा आर्थिक सुशासन तथा व्यवस्थापन गर्न आर्थिक ऐन २०७७, आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र लेखा परीक्षण ऐन तथा कार्यबिधि समेत जारी भएको छ । विद्यालयको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ ।विद्यालय सञ्चालन पद्धति र निर्णय

प्रकृयामा विद्यालय व्यवस्थापन समिति समेत रहने व्यवस्था छ। स्थानीय सरकारका अधिकार तथा दायित्वबमोजिम स्थानीय सरकार सञ्चाल ऐन २०७४, नेपालको सविधान, शिक्षा नीति लगायतको आधारमा स्थानीय तहले पनि नीति निर्माण गर्ने, शैक्षिक कार्यविधीहरू तयार गर्ने तथा शिक्षासँग सम्बन्धित विभन्न कार्यक्रमहरू र बजेट तय गरी कार्यान्वयन गर्नुपर्दछ । यसै गरी नियमित रूपम लेखा परीक्षण, सामाजिक परीक्षण, अनुगमन तथा मूल्याङ्कनजस्ता कार्य गर्नुपर्दछ । चौरजहारी शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत ३ जना कर्मचारीको दरवन्दी रहे तापनि हाल १ जना पाँचौ तहका कर्मचारीमात्र कार्यरत रहेका छन्। चौरजहारीमा नगर प्रमुखको नेतृत्वमा नगर शिक्षा समिति तथा वडा तहमा वडा शिक्षा समितिहरू गठन भई कार्यान्वयनमा रहेका छन् । चौरजहारीले नगर शिक्षा ऐन २०७४ र नियमावली, २०७४, चौरजहारी शिक्षक व्यवस्थापनसम्बन्धी मापदण्ड २०७९, चौरजहारी करारमा शिक्षक भर्ना सम्वन्धी मापदण्ड २०७६ चौरजहारीको शिक्षा, (दोस्रो संशोधन) नियमावली २०७७, स्यानिटरी प्याड सम्वन्धि कार्यविधि २०७७, चौरजहारीको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण रणनीति २०७९, चौरजहारीको नतिजामूलक अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन कार्यविधि २०८०, चौरजहारीको बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्धनसम्वन्धी कार्यविधि २०८०, चौरजहारीको आन्तरिक विद्यार्थी मूल्याङ्कन कार्यविधि २०७८, मेयर कप प्रतियोगिता सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयन गरिरहेको छ । यसका साथै हरेक वर्ष शिक्षा क्षेत्रको बजेट तथा कार्यक्रम र नीति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने गरेको छ ।

गत आर्थिक वर्षमा चौरजहारीका सबै तहका विद्यालयले लेखापरीक्षण, सामाजिक परीक्षण तथा विद्यालय सुधार योजनाको अद्यावधिक सम्पन्न गरेका छन् ।चौरजहारी नगरपलिकाका सबै आधारभूत तथा माध्यमिक तहका विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरिएको भए तापनि प्रभावकारी हुन सकेको छैन । सुशासन कायम गर्नका लागि चौरजहारीभित्र घुम्ति प्र अ बैठकका साथै सबै विद्यालयमा नियमित अनुगमन मूल्याङ्कन गरिएको छ । विद्यालयमा सूचना अधिकारी आधारभूत तथा माध्यमिक तहका केही विद्यालयमा, लैङ्गिक सम्पर्क व्यक्ति केही विद्यालयमा मात्र रहेकोले सबै विद्यालयमा सुशासनका लागि संयन्त्रहरू विकाश गर्नुपर्ने देखिन्छ । विद्यालयहरूमा रहेका वि..व्य.स. को बैठक औषत रूपमा ९ पटक, शि.अ.स. को बैठक ४ पटक, शिक्षक कर्मचारीको बैठक १० पटक भएको देखिन्छ । विगतका शैक्षिक सत्रहरूमा भन्दा निरन्तर सुधार भएको अवस्था छ । यसै गरी विद्यालयका गतिविधिहरूको बारेमा जानकारी गराउनका

लागि सार्वजनिक सुनुवाई गर्ने गरेका छन् साथै सार्वजनिक सुनुवाई पश्चात मात्र बजेट निकास गर्ने परिपाटीको विकाश भएको छ । समग्रमा पालिकाको शैक्षिक सुशासनका लागि पालिका तहमा शैक्षिक वहस गर्न तथा शैक्षिक संस्थाहरूको थप क्षमता विकाश र नियन्त्रण गर्न आवश्यक देखिन्छ । विशेष गरी विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ लगायतका संस्थाहरूको क्षमता विकाश गरी उनीहरूको काम कर्तव्यसँग सम्बन्धित विषयहरूमा क्षमता विकाश र परिचालन गर्न सकेमा सुशासन कायमा गर्न मद्दत पर्दछ ।

### ६.१.२ उद्देश्य

शैक्षिक गतिविधिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि विद्यालयमा सुशासन स्थापना र प्रभावकारी शैक्षिक व्यवस्थापनमा सुधार ल्याउनका लागि निम्न उद्देश्यहरू किटान गरिएको छ ।

क) विद्यार्थीको सिकाइ उपलब्धिलाई स्तरीय एवम् विद्यालयको समग्र विकाशलाई स्थायित्व दिई शिक्षामा सुशासन कायम गर्नु ।

